सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ मंसिर २०८०, मंगलबार (28 Nov 2023, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २१८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

एनआरएनए चुनावमा प्रविधिको दुरुपयोग गरी म्यानुपुलेसन भएको पुष्टि : सिआइबी

नेपालमा रहेका व्यक्तिले विदेशबाट इन्ट्री गरेर भोट हालेको सिआइबीको प्रतिवेदनमा उल्लेख

(विस्तृत पृष्ठ ३)

किन बढ्दै छन् अवैध रूपमा अमेरिका प्रवेश गर्ने चिनियाँ ?



अमेरिकाले 'डिपोर्ट'का लागि अन्तिम आदेश दिएका १३ लाख आप्रवासीमध्ये करिब एक लाख चिनियाँ छन्

(रिपोर्ट पृष्ठ ७)

६ महिना बित्दा पनि बाढी प्रभावित जलविद्युत् आयोजनाले पाएनन् राहत

२८ जलविद्युत् आयोजनामा नौ अर्बबराबरको क्षति पुगेको व्यवसायीको भनाइ

सामाजिक सुरक्षा कोषमा नौ लाखभन्दा बढी श्रमिक आबद्ध

योगदानकर्ताका सन्ततिले पनि स्वास्थ्य उपचार सुविधा पाउने



- १८ हजार ४३९ रोजगारदाता आबद्ध
- योगदानकर्ताबाट कोषमा ४४ अर्ब ८५ करोड संकलन
- योगदानकर्तालाई ७.५ प्रतिशत ब्याज भुक्तान

(विस्तृत पृष्ठ ९)

कर्नर किक

● रवि मिश्र



■ चिसोले ज्यान गुमाउने भूकम्पपीडित १५ पुगे

सुत्केरी र वृद्धाको पालमुनि नै गयो ज्यान

भूकम्पले घरमा क्षति गरेपछि रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ चाइनाबगरमा बस्नका लागि बनाइएका पालका टहरा

रुकुम पश्चिममा **मनीष खड्का**

चिसोबाट थप दुई भूकम्पपीडितको ज्यान गएको छ। जाजरकोटको नलगाड नगरपालिका- ८ सिमकी २५ वर्षीया सुत्केरी शर्मिला विक चदाराको शनिबार र रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ जंगलगाउँकी ६२ वर्षीया नन्दकली पुनको आइतबार मृत्यु भएको हो। यससँगै चिसोले ज्यान गुमाउने पीडितको संख्या १५ पुगेको छ।

नलगाड नगरपालिकाको न्यायिक समिति सदस्य हरिबहादुर शाहीका अनुसार ८ कात्तिकमा प्रादेशिक अस्पताल सुर्खेतमा सुत्केरी भएकी शर्मिला डिस्चार्ज भएर शुक्रबार घर फर्किएकी थिइन्। पालमुनि बसेकी उनको शनिबार मध्यराति मृत्यु भएको शाहीले बताए। 'शर्मिलालाई सुत्केरी भएको एक महिनासम्म प्रदेश अस्पतालमै राखिएको थियो। अस्पतालले डिस्चार्ज गरेपछि एम्बुलेन्समार्फत घर पुऱ्याए पनि पालमुनि चिसोमा सुत्नुपऱ्यो, राति १ बजेतिर मृत्यु भयो,' शर्मिलाका श्रीमान् दिनेशलाई उद्धृत गर्दै शाहीले भने।

शर्मिलाले एक छोरा र एक छोरीलाई जन्म दिए पनि स्वास्थ्यकर्मीले छोरालाई मृत घोषणा गरेका थिए। छोरीको स्वास्थ्य अवस्था भने सामान्य रहेको शाहीले बताए। आमाको ज्यान गएपछि शिशुलाई पाउडर दूध खुवाउन थालिएको छ।

त्यस्तै, रुकुम पश्चिमको सानीभेरी गाउँपालिका- १ जंगलगाउँकी ६२ वर्षीया नन्दकलीको आइतबार मृत्यु भएको वडाध्यक्ष टेकबहादुर पुनले बताए। भूकम्पले घर बस्न नमिल्ने गरी चर्किएपछि उनी पालमा बस्दै आएकी थिइन्।

मिर्गौलापीडित नन्दकली प्रादेशिक अस्पताल सुर्खेतमा डायलाइसिस गराइरहेकी थिइन्। पछिल्लोपटक अस्पतालले तिहारताका डायलाइसिसका लागि बोलाए पनि जान सकेकी थिइनन्। उपचार अभाव तथा चिसोका कारण उनको ज्यान गएको वडाध्यक्ष पुनको भनाइ छ।

१७ कात्तिकको भूकम्पले जाजरकोट र रुकुम पश्चिममा ६२ हजार घर भत्काएपछि यहाँका बासिन्दा घरबाहिर त्रिपालमुनि बस्दै आएका छन्। मंसिरको चिसोमा त्रिपालले थेग्न नसकेपछि भूकम्पपीडित बिरामी पर्न थालेका छन्। दुई जिल्लामा अहिलेसम्म १५ जनाले ज्यान नै गुमाएका छन्। जाजरकोटमा १२ र रुकुम पश्चिममा तीनजनाले ज्यान गुमाएका हुन्।

रुकुम पश्चिममा नन्दकली पुनसँगै आठबिसकोट नगरपालिका- ११

» पृष्ठ ११ मा क्रमशः

■ श्रमदान गर्न जाजरकोट पुगेका कांग्रेस नेता **प्रदीप पौडेल**ले जे देखे

त्रिपालभित्र बालबालिका रोइरहेका छन्, वृद्धवृद्धा खोकिरहेका छन्, सुत्केरी चिसोले ग्रसित छन्



जाजरकोटमा भूकम्पपीडितलाई अस्थायी टहरा बनाउन सघाउँदै कांग्रेस नेता प्रदीप पौडेल

> **जाजरकोटको तापक्रम ७ डिग्रीमा झरिसकेको छ। अब केही दिनमा हिउँ पर्छ, शीतलहर चल्छ। त्यसैले प्रभावितलाई न्यानो बनाउन जे-जे उपलब्ध गराउन सकिन्छ, तत्काल गर्नुपर्छ। अस्थायी घरटहरा बनाइहाल्नुपर्छ। यसका लागि राज्यले सुरक्षा संयन्त्र वा दलहरूका संयन्त्रलाई स्वयंसेवकको भूमिकामा सक्रिय बनाउनुपर्छ। त्यस भूकम्पबाट जोगिएकाहरू जाडोबाट जोगिन नसक्ने अवस्था आयो भने राज्यले सहयोग गरेको ठहरिँदैन।**

मन्त्रीद्वय (गगन थापा र विश्वप्रकाश शर्मा) प्रभावित क्षेत्र पुगेर आएपछि पार्टीबाट टोली नै खटिएर श्रमदान गर्ने छलफल चल्यो। श्रमदानबाटै हजार अस्थायी घरटहरा बनाउने घोषणा पनि गऱ्यो। जिम्मेवारीपूर्ण ढंगले काम गर्दा राजनीतिक र सामाजिक रूपमा सकारात्मक सन्देश जाने पार्टीको विधिवत् निर्णयसँगै तिहारको भोलिपल्ट मेरो नेतृत्वमा टोली जाजरकोटका लागि हिँड्यो।

भूकम्पको प्रभावबारे सञ्चारमाध्यमबाट जति जानकारी पाएको थिएँ, त्यहाँ पुग्दा झन् बढी प्रभावित भएको पाएँ। बाहिर ठीकठाक देखिएका घर पनि भित्र बस्नै नहुने गरी भत्किएका छन्। पूर्ण रूपमा भत्किएका घरमा त अन्नबाली सबै नष्ट छन्। प्रभावितहरू भोलि के खाने, राति के ओढ्ने भन्ने चिन्तामा छन्। चर्किएका घरबाट संकलन गरिएका लत्ताकपडा र अन्न बाँकी छन्। भग्नावशेष बनेका घरहरूको दृश्य असाध्यै डरलाग्दो छ। मान्छे तँग्रिनै नसकेको अवस्था छ।

कोही पनि सहयोग गर्न नआएजस्तो, पीडितहरू असहायजस्तो देखियो। काम कसरी सुरु गर्ने भन्ने अन्योल भयो। किनभने, अधकल्चा घरबाट कुनै ढुंगा बज्रियो भने ज्यान जान सक्ने असुरक्षित अवस्था देखिन्छ।

» पृष्ठ ११ मा क्रमशः

इन्टरनेट सेवाप्रदायकहरूले गरेको कर छलीमाथि अख्तियारले थाल्यो छानबिन

सञ्चार मन्त्रालयको आन्तरिक छानबिनबाट ठूला नौ इन्टरनेट सेवाप्रदायकले **१० वर्षको अवधिमा दुई अर्ब ४६ करोड ९० लाख ५९ हजार ९७८ रुपैयाँ कर नतिरेको** भेटिएको छ

इन्टरनेट सेवाप्रदायकहरूले गरेको कर छलीमा संसद्को सार्वजनिक लेखा समितिले पनि साथ दिएकोसमेत भेटिएको छ। महालेखापरीक्षकको कार्यालयले सेवाप्रदायकबाट असुलउपर गर्नू भनेको बेरुजुलाई लेखा समितिले भने फर्स्योट गर्न निर्देशन दिएको छ। इन्टरनेट सेवाप्रदायकले इन्टरनेटबाट आर्जित आम्दानीलाई गैरदूरसञ्चार आय-आर्जन भनी अपव्याख्या गरी समितिले बेरुजु फर्स्योटका लागि निर्णय र निर्देशन दिएको छ।

सुवास भट्ट/नयाँ पत्रिका

इन्टरनेट सेवाप्रदायकहरूले गरेको कर छलीमाथि परेको उजुरीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन थालेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको आन्तरिक छानबिनबाट ठूला नौ इन्टरनेट सेवाप्रदायकले दुई अर्ब ४६ करोड कर छली गरेको देखिएपछि अख्तियारले पनि यस विषयमा छानबिन अघि बढाएको हो।

अख्तियारले गत ७ कात्तिकमा सञ्चार मन्त्रालयलाई पत्र लेखेर कागजात मागेको थियो। अख्तियारको पत्राचारपछि मन्त्रालयले ती कागजातहरू पठाएको छ। 'अख्तियारले माग गरेबमोजिम कागजात पठाइएको छ,' मन्त्रालयका एक अधिकारीले भने।

अख्तियारले १५ दिनभित्र कागजात उपलब्ध गराउन भन्दै मन्त्रालयलाई लेखेको पत्रमा भनिएको छ, 'इन्टरनेट सेवाप्रदायकहरूले नेपाल सरकारलाई बुझाउनुपर्ने रोयल्टी, ग्रामीण दूरसञ्चार विकास कोषको रकम र दूरसञ्चार सेवाशुल्क नबुझाएको भन्नेसमेतको उजुरीका सन्दर्भमा तहाँबाट समेत छानबिन भइरहेको बुझिन आएकाले सोको

» पृष्ठ ११ मा क्रमशः

■ इजरायल-हमास युद्धविराम

चौथो दिनसम्म ५८ विदेशी रिहा, विपिनको रिहाइ अझै अनिश्चित

नयाँ पत्रिका

इजरायल-हमास युद्धविराम सम्झौतापछि रिहाइ हुने प्रतीक्षामा रहेका विपिन जोशीको रिहाइबारे अनिश्चितता कायमै छ। युद्धविराम सम्झौताको चौथो दिनसम्म उनी रिहा भएका छैनन्। उनी हमास समूहको नियन्त्रणमा रहेको पुष्टि भए पनि उनीसँग कसैको सम्पर्क भएको छैन।

'हामी विपिन जोशीको रिहाइका लागि प्रयासरत छौं। उपलब्ध सबै कूटनीतिक च्यानलको प्रयोग भएको छ। उहाँको रिहाइका लागि हामी प्रतीक्षारत छौं,' परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले भनिन्, 'विपिन जोशीको रिहाइका लागि हरसम्भव प्रयत्न भइरहेको छ।'

युद्धविराम सम्झौताको चौथो दिनसम्म ५८ जना विदेशीलाई हमास समूहले मुक्त गरिसकेको छ। तर, नेपालका जोशी रिहा हुने विषयमा सरकारदेखि परिवार बेखबर छ। 'परराष्ट्रमन्त्री विपिन जोशीको रिहाइका लागि दिनरात मिहिनेत गरिरहनुभएको छ। सबै कूटनीतिक च्यानलमा, राजनीतिक नेतृत्वसँग प्रयास भइरहेको छ,' परराष्ट्रमन्त्री एनपी साउदका स्वकीय सचिव दीपक जोशीले भने।



विपिन जोशी

परराष्ट्रप्रवक्ता सेवा लम्साल भन्छिन्-

सबै कूटनीतिक च्यानल प्रयोग गरेका छौं। हामी प्रतीक्षामा छौं।

इजरायल, कतार र इजिप्टस्थित नेपाली राजदूतावासले ती देशमार्फत जोशीको रिहाइका लागि कूटनीतिक प्रयास जारी राखेको परराष्ट्र स्रोतले बताएको छ।

कञ्चनपुरका जोशी २० असोजदेखि गाजा क्षेत्रमा हमास समूहको नियन्त्रणमा रहेको पुष्टि भएको छ। परराष्ट्रमन्त्री साउदले गत बिहीबार नेपालका लागि इजरायलका राजदूत हनान गोदरसँग जोशीलाई पहिलो चरणमै रिहाइका लागि प्रयास गर्न अनुरोध गरेका थिए।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, परराष्ट्रमन्त्री साउद र परराष्ट्र सचिव भरतराज पौड्यालले गत साता नेपाल आएका कतारका विदेश राज्यमन्त्री सोल्तान बिन साद अल मुराइखीसँग पनि जोशीको रिहाइका

» पृष्ठ ११ मा क्रमशः



Vacancy

Wanted an **ACCOUNTANT** fully experienced, 5 yrs worked in a corporate company, having good knowledge of VAT, Product Costing, Monthly Sales Report, Staff Salary Chart and entire accounting praxis. Handsome salary according to skills. May you drop your CV with expected salary in given email ID.

Email: **shahpitamber@gmail.com**
Phone: **9851036178**

मिनरल वाटरको बोतलमा किरा भेटिएपछि महानगरले तिरायो एक लाख जरिवाना

काठमाडौं/ मिनरल वाटरको बोतलमा किरा भेटिएपछि काठमाडौं महानगरपालिकाले पानी उत्पादन गर्ने कम्पनीलाई एक लाख रुपैयाँ जरिवाना तिराएको छ। प्रहरी वृत्त महाराजगन्जको क्यान्टिनमा ल्याइएको मिनरल वाटरको बोतलभित्र किरा भेटिएपछि प्रहरीले आइतबार पानी कम्पनीविरुद्ध महानगरमा उजुरी दिएको थियो। उक्त पानी ए एन्ड बी वेभरेज प्रालिले उत्पादन गरेको हो। महानगरपालिकाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले खानेपानीमा किरा भेटिएपछि उजुरी परेकाले कम्पनीका व्यक्तिलाई बोलाएर सम्झाइबुझाई गरिएको र जरिवाना तिराइएको जानकारी दिए।

यस्तै जथाभावी पोस्टर टाँसेको भन्दै पाइलन एकेडेमीलाई पनि महानगरले एक लाख रुपैयाँ जरिवाना गरेको छ।

■ प्रतिस्पर्धाबाट प्रअ नियुक्तिविरुद्ध ३१ विद्यालयका रिटमाथि अन्तरिम आदेश

कार्यकाल बाँकी रहेका प्रधानाध्यापकलाई नहटाउनू

● **विद्यानाथ कोइराला**, शिक्षाविद्



प्रतिस्पर्धामार्फत प्रधानाध्यापक चयन गर्ने महानगरको कदम उपयुक्त छ। संविधानको अनुसूची ८ मा शिक्षा र स्वास्थ्य सुधार गर्ने अधिकार पालिकालाई दिइएको छ। त्यसमा अदालतले रोक्नु राम्रो होइन। भक्तपुरको सूर्यविनायक नगरपालिकामा यस्तै नियम सम्भव हुने, काठमाडौंमा सम्भव नहुने हुन्छ र ?

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले खुला प्रतिस्पर्धाबाट प्रधानाध्यापक नियुक्ति गर्ने तयारी गरेपछि यसविरुद्ध ३१ वटा विद्यालय उच्च अदालत पाटन पुगेका छन्। प्रधानाध्यापकको कार्यकाल बाँकी छँदै महानगरले नयाँ प्रणालीबाट प्रधानाध्यापक नियुक्ति गर्न खोजेको भन्दै उनीहरू उच्च अदालत पुगेका थिए।

विभिन्न मितिमा विद्यालयहरूले दर्ता गरेको रिटमा अदालतले महानगरको कदममा तत्काल अंकुश लगाएको छ। यसअघिको शिक्षा ऐनसँग बाझिने गरी महानगरले कार्यविधि बनाएको, विद्यालय व्यवस्थापन समितिको क्षेत्राधिकार मिचेकोलगायत कारण देखाउँदै उच्च अदालत पाटनले ६ र १० मंसिरमा विद्यालयका पक्षमा अन्तरिम आदेश जारी गरेको हो। आइतबार मात्रै पनि न्यायाधीश ऋषिराम दवाडीको इजलासले निवेदनको अन्तिम टुंगो नलागेसम्म नयाँ कार्यविधि कार्यान्वयन नगर्न आदेश दिएको छ।

अदालत पुग्नेमा शान्ति विद्यागृह, सरस्वती मावि, राष्ट्रिय आधारभूत विद्यालय, रत्नराज्य मावि, सिद्धेश्वर मावि, गुहेश्वरी मावि, पद्मोदय मावि, नीलवाराही मावि, जनप्रभात मावि, गीतामाता मावि, महेन्द्र सरस्वती आधारभूत विद्यालय, पञ्चकन्या मावि, पशुपति मावि, शारदा मावि‍लगायत ३१ विद्यालय थिए। यी विद्यालयमा भइरहेकै प्रधानाध्यापकको कार्यकाल बाँकी छ। महानगरले कार्यकाल बाँकी छँदै नयाँ नियम ल्याएर प्रधानाध्यापक हटाउन लागेको र नयाँ ढंगले नियुक्त गर्न लागेको भन्दै विद्यालयहरू अदालत पुगेका थिए।

यीबाहेकका विद्यालयले प्रस्तावित विद्यालय शिक्षा ऐन आएपछि मात्रै नयाँ नियम लागू गर्न माग गरेका छन्। तर, महानगरपालिकाले भने अधिकांश विद्यालयका प्रधानाध्यापकको शैक्षिक योग्यता कम भएको र विद्यालयको अवस्था कमजोर बनेको भन्दै नयाँ कार्यविधि बनाएर प्रअ नियुक्ति गर्न लागेको थियो।



महानगरभित्र रहेका ८७ वटा सामुदायिक विद्यालयमा नयाँ मापदण्डअनुसार प्रधानाध्यापक नियुक्तिका लागि कार्यविधि तयार पारिसकेको छ। १७ कात्तिकमा नयाँ मापदण्डबाट प्रअ नियुक्तिका लागि आवेदन माग गरेको थियो। तर, त्यसविरुद्ध विद्यालय व्यवस्थापन समिति र शिक्षकको टोली अदालत पुगेका थिए। महानगरपालिकाले पहिलो चरणमा ७१ विद्यालयमा नयाँ प्रधानाध्यापक छान्ने तयारी गरेको थियो। शिक्षा नियमावली ०५९ को नियम ९३ ले विद्यालयको प्रधानाध्यापक नियुक्तिसम्बन्धी अधिकार सम्बन्धित विद्यालयको व्यवस्थापन समितिलाई दिएको छ। हाल विद्यालय शिक्षा ऐनको विधेयकमाथि छलफल चलिरहेको छ। तर, महानगरपालिकाले विद्यमान नियमावली क्रियाशील रहेकै अवस्थामा आफूले तर्जुमा गरेको कार्यविधिअनुसार काम गर्दा ऐनसँग बाझिएको छ।

■ ८७ मध्ये १३ विद्यालयमा मात्रै योग्यता पुगेका प्रधानाध्यापक

महानगरले 'दरबन्दी मिलान तथा प्रअ व्यवस्थापनसम्बन्धी कार्यविधि ०८०' निर्माण गरिसकेको छ। हाल त्यसैमा टेकेर नयाँ प्रधानाध्यापक छनोट गर्ने तयारी गरिरहेको छ। महानगरका ८७ सामुदायिक विद्यालयमध्ये १३ वटामा मात्रै अवधि बाँकी रहेका र शैक्षिक योग्यता पुग्ने प्रधानाध्यापक छन्।

शिक्षाविद् विद्यानाथ कोइरालाले महानगरको कदमप्रति सहमति जनाए। उनका अनुसार संविधानको अनुसूची ८ मा शिक्षा र स्वास्थ्य सुधार गर्ने अधिकार पालिकालाई दिइएको छ। 'संविधानले शिक्षा र स्वास्थ्य सुधार्ने अधिकार पालिकालाई दिइको छ, त्यसमा पालिकाले सुधार गर्न अदालतले स्टे अर्डर दिएर रोक्नु राम्रो होइन,' उनले भने, 'भक्तपुरको सूर्यविनायक नगरपालिकामा यो सम्भव हुने, काठमाडौंमा सम्भव नहुने हुन्छ र ?' उनले शिक्षकभन्दा पनि बढी बालबालिकालाई न्याय गरेर विद्यालय सञ्चालन गर्नुपर्ने बताउँदै यस्तो कदमप्रति शिक्षक तर्सन नहुने बताए। तर, विद्यालय व्यवस्थापन समितिलाई पनि सो अधिकार दिइएकाले प्रअ नियुक्तिबारे स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिको विवाद रहिरहने शिक्षाविद् कोइरालाको भनाइ छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-५७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा अनुसूची विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पत्ति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, ललितपुरमा प्रा.फ. दर्ता नं: २२३४६/५८/०७७/०७८ अन्तर्गत मिति २०७७/०८/१७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७४ बमोजिम दर्ता भएको ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. २ स्थित **विशंखुनारायण ग्रिल उद्योग** **प्रोप्राईटर तथा जमानीकर्ता: भैरे विश्वकर्मा** ठेगाना : ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. २ बाबु : राम विश्वकर्मा बाजे : नेपे कामी	१) नेपे कामीको नाति, राम विश्वकर्माको छोरा, ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. २, बस्ने भैरे विश्वकर्माको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगानखेल ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, विष्टछाप गा.वि.स. वडा नं.८/८(क) (हाल गोदावरी न.पा. वडा नं.२) स्थित कित्ता नं. २२० को क्षेत्रफल २६२.३२ (ब.मि) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) विशंखुनारायण ग्रिल उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	जमानीकर्ताहरुको विवरण	
	१) मसिना विश्वकर्मा स्थायी ठेगाना: ललितपुर जिल्ला, विशंखुनारायण गा.प. वडा नं. ८ हालको ठेगाना : ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. २ बाबु : हर्ष बहादुर विश्वकर्मा ससुरा : राम विश्वकर्मा पति: भैरे विश्वकर्मा	**२) रमेश दुधराज (क्रेडीट कार्ड समेत)** स्थायी ठेगाना: ललितपुर जिल्ला, विशंखुनारायण गा.वि.स. वडा नं. ८ हालको ठेगाना : ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. २ बाबु : भैरे विश्वकर्मा बाजे : राम विश्वकर्मा
२)	**ऋणीको विवरण** **१) प्रदिप कोइराला** स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ४ हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ बाबु : रामहरी कोइराला बाजे : शशि विनोद कोइराला	**धितोको विवरण** १) रत्न प्रसाद पोखरेलकी छोरी, रामहरी कोइरालाकी बुहारी, प्रदिप कोइरालाकी पत्नी, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं.११ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ बस्ने मनिता पोखरेलको नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, अमाही ईक्राई गा.वि.स. वडा नं. २क (हाल :विराटनगर म.न.पा वडा नं. ४) स्थित कित्ता नं. ३२९ को क्षेत्रफल ०-१-१०-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) शशि विनोद कोइरालाको नाति, रामहरी कोइरालाको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ बस्ने प्रदिप कोइरालाको नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, भोरहाट म.न.पा. वडा नं. ९ स्थित कित्ता नं. ३६ को क्षेत्रफल ६९०.०० (ब.मि) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
	जमानीकर्ताहरुको विवरण	
	१) कु. मनिता पोखरेल स्थायी ठेगाना : मोरङ जिल्ला, विराटनगर न.प. वडा नं.११ हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ बाबु : रत्न प्रसाद पोखरेल पति : प्रदिप कोइराला ससुरा : रामहरी कोइराला	**२) प्रयुष कोइराला** स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ४ हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. ३ बाबु : प्रदिप कोइराला बाजे : रामहरी कोइराला
३)	**ऋणीको विवरण** १) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फ.र.न.२६३१४ अन्तर्गत मिति २०७१/०२/१४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं.७ **स्थित राज इलेक्ट्रीक पसल** **प्रोप्राईटर तथा जमानीकर्ता: राज कुमार आचार्य**	**धितोको विवरण** १) ठिका राम आचार्यको नाति, गंगा प्रसाद आचार्यको छोरा, मोरङ जिल्ला, शनिश्चर गा.प. वडा नं. ८ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, पथरीशनिश्चर गा.वि.स. वडा नं. ६ बस्ने राज कुमार आचार्यको नाममा मालपोत कार्यालय बेलवारी मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, वयरवन गा.वि.स. वडा नं. ९/ल (हाल पथरीशनिश्चरे न.पा वडा नं. ६), स्थित कित्ता नं. ५४८ को क्षेत्रफल ०-३-८-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) राज इलेक्ट्रीक पसलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) राज कुमार आचार्य स्थायी ठेगाना : मोरङ जिल्ला, शनिश्चर गा.प. वडा नं. ८ हालको ठेगाना : मोरङ जिल्ला, पथरीशनिश्चर न.पा. वडा नं. ६ बाबु : गंगा प्रसाद आचार्य बाजे : ठिका राम आचार्य	सवारी मोडल: TATA SUMO GOLD EX च्यासिस नं.: MAT446564J9A00648 ईन्जिन नं.: 497SPTC43ARY603611 सवारी दर्ता नं.: को २ च १९१६
	जमानीकर्ताहरुको विवरण	
	१) राज कुमार आचार्य स्थायी ठेगाना : मोरङ जिल्ला, शनिश्चर गा.प. वडा नं. ८ हालको ठेगाना : मोरङ जिल्ला, पथरीशनिश्चर न.पा. वडा नं. ६ बाबु : गंगा प्रसाद आचार्य बाजे : ठिका राम आचार्य	**२) निता आचार्य** स्थायी ठेगाना : मोरङ जिल्ला, शनिश्चर गा.वि.स. वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, पथरीशनिश्चर न.पा. वडा नं. ६ बाबु : दिलमान भुजेल ससुरा : गंगा प्रसाद आचार्य पति : राज कुमार आचार्य
४)	**ऋणीको विवरण** **दिवाकर यादव** स्थायी ठेगाना : सुनसरी जिल्ला, औरावनी गा.बि.स.वडा नं.१ हालको ठेगाना : सुनसरी जिल्ला, ग्राढी गा.पा.वडा नं. २ बाबु : श्री प्रसाद यादव बाजे : सोमन यादव	**जमानीकर्ताको विवरण** **रिता यादव** स्थायी ठेगाना : सुनसरी जिल्ला, औरावनी गा.बि.स.वडा नं.१ हालको ठेगाना : सुनसरी जिल्ला, ग्राढी गा.पा.वडा नं. २ बाबु : रुन्दी यादव ससुरा : श्री प्रसाद यादव पति : दिवाकर यादव
	धितोको विवरण सवारी मोडल: KIA PICANTO X–LINE | च्यासिस नं.: KNAB3512LJT276244 | ईन्जिन नं.: G4LAP035712 सवारी दर्ता नं.: बा २० च ९०५५	
५)	**ऋणीको विवरण** १) नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १८०३५७/०७४/०७५ अन्तर्गत मिति २०७४/०९/०७ मा कम्पनी ऐन, २०६३ को दफा ५ मो उपदफा (१) बमोजिम दर्ता भएको काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३०, ज्ञानेश्वर स्थित **ट्रेडमाण्डु ट्रेडलिङ्क प्रा.लि.** **अध्यक्ष तथा जमानीकर्ता: गीता श्रेष्ठ** स्थायी ठेगाना: रामेछाप जिल्ला, कठजोर गा.वि.स. वडा नं. ६ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, महांकाल बाबु : गुरुज बहादुर श्रेष्ठ ससुरा : रुद्र बहादुर श्रेष्ठ पति : रमेश कुमार श्रेष्ठ	**जमानीकर्ताको विवरण** **रमेश कुमार श्रेष्ठ** स्थायी ठेगाना : दोलखा जिल्ला, चरिकोट गा.पं. वडा नं. १ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, महांकाल बाबु : रुद्र बहादुर श्रेष्ठ बाजे : हिरा बहादुर श्रेष्ठ
	ऋणीको विवरण **२) रमेश कुमार श्रेष्ठ** स्थायी ठेगाना : दोलखा जिल्ला, चरिकोट गा.पं. वडा नं. १ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, महांकाल बाबु : रुद्र बहादुर श्रेष्ठ बाजे : हिरा बहादुर श्रेष्ठ	**जमानीकर्ताको विवरण** **गीता श्रेष्ठ** स्थायी ठेगाना : रामेछाप जिल्ला, कठजोर गा.वि.स. वडा नं. ६ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, महांकाल बाबु : गुरुज बहादुर श्रेष्ठ ससुरा : रुद्र बहादुर श्रेष्ठ पति : रमेश कुमार श्रेष्ठ
	धितोको विवरण १) गुरुज बहादुर श्रेष्ठकी छोरी, रुद्र बहादुर श्रेष्ठकी बुहारी, रमेश कुमार श्रेष्ठकी पत्नी, रामेछाप जिल्ला, कठजोर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, महांकाल बस्ने गीता श्रेष्ठको नाममा मालपोत कार्यालय चाबहिल, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, वालुवा गा.वि.स. वडा नं. ९/९ख (हाल गोकर्णेश्वर न.पा. वडा नं. ३) स्थित कित्ता नं. १५२० को क्षेत्रफल ६३३.९३ (व.मि) को जग्गा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) ट्रेडमाण्डु ट्रेडलिङ्क प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०८/१२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रक्रिया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालय: विर्तामोड, झापा

ऋणीको विवरण

वेद प्रसाद खतिवडाको बुहारी, दिनेश प्रसाद खतिवडाको पत्नी , काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ९ स्थित स्थायी ठेगाना भएको **रश्मी आचार्य (ना.प्र.प.नं. ३७२४६, काठमाण्डौं)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दाता राम खतिवडाको नाति, बेद प्रसाद खतिवडाको छोरा, मोरङ जिल्ला, भिर्गौलिया गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **दिनेश प्रसाद खतिवडा (ना.प्र.प.नं. २३०५९, मोरङ)**
२. रविलाल खतिवडाको नाति, दाताराम खतिवडाको छोरा, मोरङ जिल्ला, मृगौलिया गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **बेद प्रसाद खतिवडा (ना.प्र.प.नं. १३६९, मोरङ)**

शाखा कार्यालय: सामाखुसी २, काठमाण्डौं

ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०४/२६ मा दर्ता नं. २२१११३/०७६/०७० कायम भई दर्ता भएको काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ६ स्थित **प्युठान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. ठेम लाल आचार्यको नाति, इश्वरी प्रसाद आचार्यको छोरा, प्युठान जिल्ला, बांगेसाल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **लक्ष्मण आचार्य (ना.प्र.प.नं. २६६३१, प्युठान)**
२. इश्वरी प्रसाद आचायको बुहारी, लक्ष्मण आचार्यको पत्नी, प्युठान जिल्ला, बांगेसाल गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **गोमा आचार्य (ना.प्र.प.नं. ८०७०२ गोरखा, प्युठान)**

शाखा कार्यालय: ४ नं. जीतपुर, कपिलवस्तु

१. ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, तौलिहवा, कपिलवस्तुमा औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम मिति : २०७८/०१/१२ मा दर्ता नं. १३०३८/०७८ कायम भई दर्ता भएको कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. १ स्थित **आरजु ट्रेडर्स** **प्रोप्राइटर : हेमराज चौधरी**

२. ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, कपिलवस्तुमा प्राइभेट फर्म रजिष्ट्रसन ऐन, २०७६ बमोजिम मिति : २०७७/०६/०७ मा प्रा.फ.र.नं. १०३९४/०७७ स्थानीय व्यापार कायम भई दर्ता भएको कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. ७ स्थित **आरजु डेकोरेसन एण्ड सप्लायर्स**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मैराम थारुको बुहारी, सान्हु थारुको पत्नी, कपिलवस्तु जिल्ला, मोतीपुर गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **ठगानी थरुनी (ना.प्र.प.नं. ७१२, कपिलवस्तु)**
२. मैराम थारुको नाति, सान्हु थारुको छोरा, कपिलवस्तु जिल्ला, मोतीपुर गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **हेमराज चौधरी (ना.प्र.प.नं. ३७२६५, कपिलवस्तु)**

नोट : माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरु एकै भएको ।

३. ऋणीको विवरण

प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन, तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुमा प्राइभेट फर्म रजिष्ट्रसन ऐन, २०७६ बमोजिम मिति २०७७/१०/१४ मा प्रा.फ.र.नं. १०७९२/०७७, स्थानिय व्यापार कायम भई दर्ता भएको कपिलवस्तु जिल्ला, बाणगंगा न.पा. वडा नं. १ स्थित **श्री ओम शिवम् सप्लायर्स** **प्रोपाइटर : जित कुमारी बेल्बासे**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. केशव राज न्यौपानेको नाति, तारा प्रसाद न्यौपानेको छोरा, कपिलवस्तु जिल्ला, बाणगंगा गा.वि.स./न.पा.वडा नं. ८, स्थित स्थायी ठेगाना भएको **शिव प्रसाद न्यौपाने (ना.प्र.प.नं.: ३८१००१/१८४४, कपिलवस्तु)**
२. तारा प्रसाद न्यौपाने बुहारी, शिव प्रसाद न्यौपानेको पत्नी, कपिलवस्तु जिल्ला, गजेहडा गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **जित कुमारी वेल्वासे (ना.प्र.प.नं. २३९२२/१/०८/५२३५३, कपिलवस्तु)**
३. केशव राज न्यौपानेको बुहारी, तारा प्रसाद न्यौपानेको पत्नी, अर्घाखाँची जिल्ला, सितापुर गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **जानकी देवि न्यौपाने (ना.प्र.प.नं. : ४६/१४३, अर्घाखाँची)**

एनआरएनए चुनावमा प्रविधिको दुरुपयोग गरी म्यानुपुलेसन भएको पुष्टि : सिआइबी

नेपालमा रहेका व्यक्तिले विदेशबाट इन्ट्री गरेर भोट हालेको सिआइबीको प्रतिवेदनमा उल्लेख

मुना कुँवर/नयाँ पत्रिका

गैरआवासीय नेपाली संघ (एनआरएनए)को गत कात्तिकमा भएको निर्वाचनमा धाँधली भएको भेटिएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले निष्कर्ष निकालेको छ। करिब एक महिना लगाएर गरिएको अनुसन्धानबाट एनआरएनएको निर्वाचन निष्पक्ष नदेखिएकाले अनलाइन भोटिङ गराउने कम्पनी 'भेरो इन्गेजमेन्ट एन्ड भोटिङ सोलुसन'बाट मतदान गरेको स्थान निर्क्योल गर्नुपर्ने सिआइबीले निष्कर्ष निकालेको छ। सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले छानबिन गरेर प्रतिवेदन प्रहरी प्रधान कार्यालयमा बुझाएको जानकारी दिइन्।

सिआइबी स्रोतका अनुसार चुनावमा धाँधली भएको छानबिनमा प्रस्ट भएको छ। 'नेपालमा रहेका व्यक्तिले विदेशबाट इन्ट्री गरेर भोट हालेको देखिन्छ,' अनुसन्धानमा आबद्ध एक अधिकारीले भने, 'ठ्याक्कै कति त्यस्तो भयो भन्न सकिँदैन, तर प्रविधिको दुरुपयोग गरी म्यानुपुलेसन भएको पुष्टि भयो।'

प्रतिवेदनअनुसार ग्लोबलबाट मतदान गर्ने विश्व बराल र टीका कार्कीले मतदान गर्दै मतदान गरेको म्यासेज प्राप्त भएको थियो। त्यसबारे सम्बन्धित व्यक्तिहरूले उजुरी गरेपछि उनीहरूको नामबाट नेपालमा मतदान गरिसकेको पाइएको थियो। त्यसपछि पहिलाको मतदान रद्द गरी उनीहरूले नै पुनः मतदान गरेका थिए। यसबाट सम्बन्धित व्यक्तिको नामबाट नेपालमा मतदान गर्ने व्यक्तिहरू आधिकारिक मतदाता हुन् वा अन्य व्यक्तिहरू हुन् भन्ने प्रस्ट हुन नसकेको प्रतिवेदनमा उल्लेख छ। नेपालबाट मतदान गर्नुपर्ने नौजनाको समेत ग्लोबल फेसियल भेरिफिकेसन बाइपास गरेको र पाँचजनाको दुवै स्थानबाट फेसियल भेरिफिकेसन बाइपास गरी मतदान गरेको पाइएकाले निर्वाचन निष्पक्ष तवरबाट नभई हेरफेर भएको देखिएकाले कानुनी रूपमा भेरो इन्गेजमेन्ट एन्ड भोटिङ सोलुसनबाट मतदानस्थल निर्क्योल गर्नुपर्ने सिआइबीको प्रतिवेदनमा उल्लेख छ।

संघ र भेरोबीच भएको सम्झौताअनुसार चुनाव हुनु पाँच दिनअघि नै मतदाता नामावली उपलब्ध गराउनुपर्ने थियो। तर, दुई दिनअगाडि मात्रै पठाइएको पाइएको प्रतिवेदनमा छ। मतदान परिणाम प्रकाशनको समयमा प्रथमपटक भेरोबाट उपाध्यक्षको उम्मेदवार केशव पौडेलले प्राप्त गरेको मत परिणाममा नेपालबाट शून्य र ग्लोबलबाट

सेटिङ र ह्याकिङको पुष्टि गरोस्



■ **बद्री के.सी.**, अध्यक्ष, गैरआवासीय नेपाली संघ

इन्टरपोल लगाएर अस्ट्रेलियाको भेरोको अफिसमा छापा मारेर सेटिङ र ह्याकिङको पुष्टि गरोस्। दोषीलाई अदालतको कठघरामा उभ्याओस् र जेल चलान गरोस्।

एकलौटी रूपमा शपथ लिनु अराजकता हो



■ **कुल आचार्य**, पूर्वअध्यक्ष, गैरआवासीय नेपाली संघ

निर्वाचनमा त्रुटि भएपछि पनि लुकिछिपी शपथग्रहण गरिनुले व्यक्तिको नियतमा शंका देखिन्छ। अर्को निर्णय नहुँदासम्म केही नगर्ने भनेर लिखित सहमति भइसकेपछि अर्को निर्णय नहुँदै एकलौटी रूपमा शपथ लिनु अराजकता हो।

१,२४४ मत परिणाम गरी जम्मा १,२४४ मत प्राप्त गरेर पराजित भएको देखिएको रिपोर्टमा उल्लेख गरिएको छ। तर, क्षेत्रगत रूपमा प्राप्त मतपरिणामको योगफल १६ सय देखिएको पाइएको छ। प्रतिवेदनअनुसार पुनः प्राप्त मतपरिणाममा नेपालतर्फ ३५६ र ग्लोबलबाट १२४४ गरी १६ सय तथा रिजनतर्फको योगफल पनि १६ सय भएको र विजय भएको पाइयो। नेपालबाट मतदान गर्न रजिस्टर ८२६ जनामध्ये जम्मा मत ७९१ खसेकोमा नेपालबाट मतदान गर्न पाउने नौजनाको समेत ग्लोबल फेसियल भेरिफिकेसन बाइपास गरी मतदान गरेको पाइएको प्रतिवेदनमा छ। सोही नौमध्येबाट पाँचजनाको नेपाल तथा ग्लोबल दुवै स्थानमा ग्लोबल फेसियल भेरिफिकेसन बाइपास भएको पाइएको सिआइबीको निष्कर्ष छ। नेपालबाट ९६ जनाको ग्लोबल फेसियल भेरिफिकेसन बाइपास गरेको र ग्लोबलबाट मतदान गर्नेहरूमध्ये १२८ जनाको ग्लोबल फेसियल भेरिफिकेसन बाइपास गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ।

संघका अध्यक्ष डा. बद्री केसीले भने सिआइबीको सतही रिपोर्ट आउने अपेक्षा नगरिएको बताए। हेरफेर भएको सम्भावना छ भने सिआइबीले थप अनुसन्धान गरोस् भन्ने आफूहरूले चाहेको उनको भनाइ छ। 'इन्टरपोल लगाएर अस्ट्रेलियाको भेरोको अफिसमा छापा मारेर सेटिङ र ह्याकिङको पुष्टि गरोस्। दोषीलाई अदालतको कठघरामा उभ्याओस् र जेल चलान गरोस्,' उनले भने, 'तर त्यो अवस्था नआउन्जेल हामी निर्वाचित समितिलाई प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय र राज्यसत्ताको दुरुपयोग गरी सामाजिक सद्भाव खलबल्याउनेबाट कुनै अवरोध नआओस्।' विवादकै कारण एनआरएनए संस्था नवीकरणसमेत परराष्ट्र मन्त्रालयमा होल्डमा छ।

■ दुवै पक्ष आ-आफ्नै अडानमा

एनआरएनएको निर्वाचनमा धाँधली भएको भन्दै असन्तुष्ट पक्षले पुनः निर्वाचनको माग गरेको छ भने संस्थापन पक्षले हार स्वीकार गर्न नसकेको आरोप लगाइरहेको छ। निर्वाचनको परिणाममा त्रुटि भेटिएपछि संघभित्र बेमेल सिर्जना भएको हो। त्रुटिका विषयमा अनलाइन मतदान प्रणाली भेरोले स्पष्टीकरणसमेत दिइसकेको छ। तर, पूर्वअध्यक्षबीच भएको सहमतिविपरीत कार्यकारी अध्यक्ष डा. बद्री केसीले शपथ लिएकोप्रति असुन्तुष्ट पक्षले आपत्ति जनाएको छ।

पूर्वअध्यक्ष कुल आचार्य, रविना थापा र डा.केसीले अर्को निर्णय नहुँदासम्मका लागि सबै कार्यक्रम रद्द गर्ने सहमति गरेको असन्तुष्ट पक्षका आरके शर्माले दाबी गरेका छन्। सहमतिमा हस्ताक्षर गर्नेमध्येका एक डा.केसीले नै सुटुक्क शपथग्रहण गरेको उनको भनाइ छ। तर, केसीले भने सहमतिअनुसार ३ कात्तिकका कार्यक्रम मात्रै स्थगित गरिएको बताएका छन्। अन्य दिनका कार्यक्रम भने सुचारु नै हुने सहमतिको आशय भएको उनले बताए। निर्वाचनको परिणामको विषयमा निर्वाचन कमिटीले मात्रै बोल्न सक्ने भएकाले उसकै निर्णयअनुसार शपथ लिइएको उनले दाबी गरे। निर्वाचन प्रक्रियामा कुनै त्रुटि नभएकै कारण असन्तुष्ट पक्ष अनुगमनमा सहभागी हुन नखोजेको उनले दाबी गरे।

अध्यक्षमा पराजित आरके शर्माले भने अनुसन्धानको घेरामा संस्थापन पक्ष पर्ने बताए। उनीहरूकै मातहतमा बनाएको अनुगमन समितिले स्वच्छ अनुगमन कदापि गर्न नसक्ने दाबी गरे। 'सबै अनुसन्धानको घेरामा आउँछन्,' उनले भने। निर्वाचन कमिटीका संयोजक यादव ढुंगानाले भने भेरोको स्पष्टीकरणपछि निर्वाचनमा कुनै त्रुटि नभएको स्पष्ट भएको बताए। विधानबमोजिम नै कमिटीले शपथ खुवाएको उनको दाबी छ। तर, कानुन व्यवसायी दिनेश त्रिपाठी भने निर्वाचनमा गम्भीर त्रुटि देखिएपछि अनुसन्धान गर्नुपर्ने बताउँछन्। सर्वमान्य हुने गरी निकास निकालेर मात्रै शपथग्रहण गर्नुपर्ने उनले बताए। २ कात्तिकमा भएको गैरआवासीय नेपाली संघको निर्वाचन प्रक्रियामा गम्भीर गल्ती भएको निर्वाचन अनुगमन समितिले सिफारिस गरेको पाइएको छ। निर्वाचन प्रक्रिया विवाद सृजना भएपछि अनुगमन समितिले अध्ययन गरेको थियो। अनुगमनपछि पेस गरिएको प्रतिवेदनले निर्वाचन प्रक्रियामा भएका अनुचित हस्तक्षेपलगायत गम्भीर दुरूपयोग गरेको पाइएको उल्लेख गरेको छ। निर्वाचन समिति भेरो भोटिङ र एकजना अध्यक्षका उम्मेदवारले अस्वाभाविक समन्वय (सेटिङ) देखिएकाले यो निर्वाचनलाई स्वीकार गर्न नसकिने निष्कर्ष निकालिएको प्रतिवेदनमा उल्लेख छ। 'साथै, मतदान प्रक्रिया खारेज गर्न तथा निर्वाचन समिति फेरबदल गरी नयाँ प्रक्रिया प्रारम्भ गर्न सुझावसहित उच्चस्तरीय निर्वाचन अनुगमन समिति सिफारिस गर्दछ,' प्रतिवेदनमा भनिएको छ। समितिले उम्मेदवारहरू र मतदाताहरूसँग सोधपुछ, निर्वाचन समितिका क्रियाकलापको अनुगमन, उपलब्ध कागजातको अध्ययन गरी प्रतिवेदन तयारी पारिएको जनाएको छ।

निर्वाचन कमिटीका संयोजक यादव ढुंगानाले यस विषयमा आफूलाई औपचारिक जानकारी नभएको बताए। 'अनुगमन समितिले हामीसँग कुनै समन्वय गरेको छैन। मलाई कसैले यसबारेमा जानकारी पनि दिएनन्। मैले पनि मिडियाबाटै थाहा पाएको हो,' उनले भने। संयोजक दुर्गा आचार्यले भने विधिपूर्वक अध्ययन गरी प्रतिवेदन पेस गरिएको दाबी गरेका छन्।

■ नारामा एकता, व्यवहारमा तीन कित्ता

एनआरएनएको चुनावी मैदानमा उत्रिएका सबै उम्मेदवारको चुनावी एजेन्डाको पहिलो बुँदा संघभित्रको एकता थियो। तर, व्यावहारिक रूपमा भने संघ तीन कित्तामा विभाजन भइसकेको छ। संघ सामाजिक संस्थाभन्दा पनि नेपालका राजनीतिक पार्टीका भ्रातृसंगठनजस्तो भएको संघभित्रै चर्चा छ। पछिल्लो समयमा एनआरएनको नेतृत्वमा आफूले नै जित्नुपर्छ भन्ने मानसिकता मौलाएको संघका पूर्वअध्यक्ष कुमार पन्त बताउँछन्। संघभित्र चरम राजनीति भित्रिएको गैरआवासीय नेपाली संघ अमेरिकाका संरक्षक तिलक केसी बताउँछन्। यसअघिको महाधिवेशनमा पनि संघभित्र निकै विवाद चर्किएको थियो। राजनीतिक र आर्थिक शक्तिको जुधाइमा संस्था दुई टुक्रा भयो। दुई टुक्रा भएको संस्थामा पनि तीनजना अध्यक्ष निर्वाचित भए। संघका पूर्वअध्यक्ष शेष घलेले कोरियाका विनोद कुँवरलाई अध्यक्ष बनाई नयाँ संघ खोले। त्यसपछि भने संघभित्रको अराजकता छताछुल्ल भएको थियो।

भोलि प्रधानमन्त्री युएई जाँदै

शनिबार कोप-२८ लाई सम्बोधन गर्ने



नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (कोप २८)मा सहभागी हुन बुधबार संयुक्त अरब इमिरेट्स जाने भएका छन्। नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री कोप २८ सम्मेलनका उच्चस्तरीय कार्यक्रममा सहभागी हुनेछन्। प्रधानमन्त्रीले १६ मंसिरमा सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ।

परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्रीको टोलीमा वन तथा वातावरणमन्त्री वीरेन्द्र महतोसमेत सहभागी हुनेछन्। कोप २८ सम्मेलन बिहीबार दुबईमा सुरु हुँदै छ। मंसिर १५ र १६ मा 'वर्ल्ड क्लाइमेट एक्सन समिट'अन्तर्गत 'हाई लेभल सेग्मेन्ट'मा सहभागी हुनेछन्। प्रधानमन्त्री प्रचण्डले बिहीबार आबुधाबीमा रहेको नेपाली राजदूतावास भ्रमण गर्ने र नेपाली समुदायसँग अन्तर्क्रिया गर्ने पनि कार्यक्रम छ। उनी युएईको ५२औं एकता दिवसमा आयोजित समारोहमा सहभागी हुँदै छन्। युएई सरकारले यो कार्यक्रमको आयोजना गर्दै छ।

प्रधानमन्त्री प्रचण्डले सम्मेलनकै दौरानमा उच्चस्तरीय साइड इभेन्ट आयोजना गर्दै छन्। जसको नाम 'हिमालको आवाज : हामीलाई जलवायु संकटबाट कसले बचाउँछ ?' राखिएको छ। हिमालको एजेन्डालाई कोप सम्मेलनका वेला छलफलको प्रक्रियामा ध्यानाकर्षण गराउन नेपालले यो कार्यक्रम आयोजना गर्न लागेको नेपाली राजदूतावासले जनाएको छ। दुबईमा रहँदा प्रधानमन्त्री प्रचण्डले सम्मेलनमा सहभागी विभिन्न मुलुकका सरकार प्रमुख, राष्ट्र प्रमुख तथा उच्चस्तरीय नेतृत्वसँग साइडलाइन भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्रले जनाएको छ। प्रधानमन्त्री प्रचण्ड १७ मंसिरमा स्वदेश फर्किने कार्यक्रम छ।

■ अन्तर्राष्ट्रिय मञ्चमा अधिकारको मुद्दा उठाउँछौं : प्रधानमन्त्री

प्रधानमन्त्री प्रचण्डले कोप सम्मेलनमा अन्तर्राष्ट्रिय समुदायसँग अधिकारको मुद्दा उठाउने बताएका छन्। सोमबार माओवादी पार्टीको वेबसाइट सार्वजनिक गर्दै प्रचण्डले नेपाल अहिले जलवायु परिवर्तनका कारण डरलाग्दो स्थितितिर जाँदै गरेकाले अन्तर्राष्ट्रिय समुदायसँग अधिकारको मुद्दा उठाउने बताएका हुन्।

'राष्ट्रसंघको महासचिव त्यतिकै नेपाल आउनुभएको होइन। त्यो सरकारको, प्रधानमन्त्रीको पहल र कूटनीतिक सफलताको परिणाम पनि हो। र, त्यो कोपको तयारी पनि हो। महासचिवको भ्रमण र कोप सम्मेलनलाई नेपालले अधिकारको रूपमा प्रयोग गर्नुपर्छ,' प्रधानमन्त्री प्रचण्डले भने, 'नबिगारेको कामको निम्ति अविकसित देशले कष्ट भोग्नुपरेको छ। अविकसित देशको अधिकारको कुरा हो। अधिकार प्राप्तिका लागि हामी पहल गर्छौं। विकसित देशले प्रतिबद्धता पनि जनाएका छन्।'

सोही कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले नेपालको राष्ट्रिय पहिचान र राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्न सरकार गम्भीर रूपमा लागेको बताएका छन्। सन्तुलित र असंलग्न परराष्ट्र नीतिलाई अझ सुदृढ गर्ने, सबै मित्रराष्ट्रसँग राम्रो सम्बन्ध बनाउने र नेपालको हितका निम्ति अधिकतम लाभ प्राप्त गर्ने वातावरण बनाउन सरकार गम्भीर रहेको बताएका हुन्।

'नेपालको राष्ट्रिय पहिचान र राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्न सरकार गम्भीर भएर लागेको छ। नेपालको सन्तुलित र असंलग्न परराष्ट्र नीतिलाई अझ सुदृढ गर्ने, सबै मित्रराष्ट्रहरूसँग राम्रो सम्बन्ध बनाउने र नेपालको हितका निम्ति अधिकतम लाभ प्राप्त गर्ने वातावरण बनाउने कुरामा सरकार धेरै नै गम्भीर छ। योपटक हामी गर्व गर्नलायक ठाउँमा छौं,' प्रधानमन्त्री प्रचण्डले भने। सरकारको तर्फबाट इमानदार प्रयास भएको उनले दाबी गरे। 'राम्रो गर्न कोसिस लगातार बढाइएको छ। मिटरब्याजीविरुद्ध, सामाजिक सुरक्षाको पक्षमा, भूमाफियाविरुद्ध, नक्कली भुटानी शरणार्थी र तस्करविरुद्धको अभियानमा लगातार अगाडि बढिराखेकै छौं,' उनले भने। जनमत निर्माण गर्न र भ्रम चिर्न प्रविधिको प्रयोग गर्न चुकेको उनले बताए। पार्टी पुनर्निर्माण र समाजवादको आधार निर्माणमा महत्त्वपूर्ण कदम सुरु भएको उनले बताए।

सुकुमबासी समस्या समाधान गर्न ऐन संशोधन गर्ने निर्णय भएको पनि उनले जानकारी दिए। लालपुर्जा वितरण र वनले रोकेका विकास निर्माणका काम सबै खुल्ने उनले विश्वास दिलाए। माओवादी विशेष रूपान्तरण अभियानले देशव्यापी रूपमा सकारात्मक सन्देश गएको उनको भनाइ छ।

यद्यपि, देशलाई निरंकुशतातर्फ धकेल्न प्रतिगमनकारी षडयन्त्र भइरहेको उनले बताए। तर, इतिहासको चक्का पछाडि नफर्कने उनले जिकिर गरे।

संक्षेप

धनगढीमा निःशुल्क शव चिस्यान सेवा

धनगढी/ कैलालीको धनगढी उपमहानगरपालिकाले निःशुल्क रूपमा शव चिस्यान सेवा सञ्चालनमा ल्याएको छ। उपमहानगरले दुईवटा मेसिन खरिद गरेर शव चिस्यान सेवा सुरु गरेको हो। टाढा रहेका आफन्त आउने पर्खाइमा धेरै दिनसम्म शव राख्न सहज होस् भनेर यो सेवा सुरु गरिएको नगरप्रमुख गोपाल हमालले जानकारी दिए। यो सेवा सुरु भएसँगै धेरै दिनसम्म शव राख्न नसक्ने समस्याले विदेशमा रहेकाहरू आफन्तको मृत्यु हुँदा फर्केर मुखसमेत देख्न नपाउने अवस्थाको अन्त्य हुने उपमहानगरले जनाएको छ। 'हाम्रा धेरै दाजुभाइहरू वैदेशिक रोजगारीमा हुनुहुन्छ। आमाबुबाको मृत्यु हुँदा उहाँहरू मुखसमेत हेर्न पाउनुहुन्न,' नगरप्रमुख हमालले भने, 'मृत्युलाई त कसैले रोक्न सक्दैन, तर फर्केर आफन्तको अनुहार हेर्न पाइयोस् भनेर निःशुल्क रूपमा शव चिस्यान सेवा सुरु गरेका हौं।'

आवश्यक परेकाहरूको घरसम्म नगर प्रहरीले नै शव चिस्यान मेसिन पुऱ्याइदिने उपमहानगरपालिकाले जनाएको छ। उपमहानगरले करिब सवा दुई लाखको लागतमा विद्युत्बाट सञ्चालन हुने दुईवटा शव चिस्यान मेसिन खरिद गरेको हो। विदेश वा घरबाट टाढा रहेका परिवारका सदस्य आउँदासम्म मृतक शरीरको सुरक्षाका लागि चिस्यान सेवा सुरु गरिएको उपप्रमुख कन्दकलाकुमारी रानाले बताइन्। चिस्यान सेवाले जीवनको अन्तिमपटक आफन्तको अनुहार हेर्न सहयोगी हुने उनले बताइन्। धनगढी उपमहानगरपालिकाले विपन्न परिवारलाई आफन्तको निधन हुँदा अन्तिम संस्कारका लागि दाउरा खरिद गर्न पाँच हजार रुपैयाँसमेत दिने गरेको छ। आफन्तको मृत्यु भएको खबर गरेपछि नगर प्रहरीले त्यतिवेलै घरमा गएर शोकाकुल परिवारलाई उक्त रकम हस्तान्तरण गर्ने गर्छन्।

नरभक्षी बाघ नियन्त्रणमा लिई वन्यजन्तु केन्द्र चितवन पठाइयो

मकवानपुर/ गत शुक्रबार चितवनका हरिप्रसाद पौडेललाई आक्रमण गरी ज्यान लिने नरभक्षी बाघलाई नियन्त्रणमा लिइएको छ। चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा नरभक्षी बाघ खोज्दै गएको नेपाली सेना र निकुञ्जका अधिकारीको टोलीले आइतबार राति ९:४० बजे बाघलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

नियन्त्रणमा लिइएको बाघलाई वन्यजन्तु केन्द्र चितवन पठाइएको मकवानपुर प्रहरी प्रवक्ता एवं डिएसपी लक्ष्मी भण्डारीले जानकारी दिए। उनका अनुसार सेना र चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत सुनाचुरी रेन्ज पोस्टबाट चारवटा हात्ती प्रयोग गरी नरभक्षी बाघको खोजी गरिएको थियो। सो बाघले गत शुक्रबार मकवानपुरको मनहरी गाउँपालिका-६ खयरघारीदेखि अन्दाजी दुई किलोमिटर दक्षिणतर्फ राप्ती र लोथर खोलाको मध्यवर्ती क्षेत्रमा चितवनको राप्ती- १, दुबीचौरका ४३ वर्षीय हरिप्रसाद पौडेललाई आक्रमण गरी ज्यान लिएको थियो। बाघ खोज्दै जानेक्रममा एकजना पुरुषको शव फेला परेको छ। नरभक्षी बाघ खोज्दै जाने क्रममा आइतबार साँझ मनहरी गाउँपालिका- ६ स्थित राप्तीखोला र लोथरखोलाको दोभानमा एकजना पुरुषको शव फेला परेको डिएसपी भण्डारीले जानकारी दिए। शव चितवन जिल्लाको राप्ती नगरपालिका-१ दुबीचौरका १७ वर्षीय पुष्पराज तामाङको रहेको प्रहरीले जनाएको छ। तामाङका बुबा इन्द्रबहादुर तामाङले मृतकले लगाएको पाइन्ट र चप्पलको आधारमा सनाखत गरेको भण्डारीले बताए। शवको शरीरको कम्मरभन्दा माथिको भागमा अस्थिपञ्जर मात्रै भएकाले बाघकै आक्रमणबाट मृत्यु भएको हुन सक्ने अनुमान गरिएको उनको भनाइ छ।

विवादित धार्मिक गुरु श्रीनिवास पक्राउ

काठमाडौं/ उत्तेजक भाषण गरेको आरोपमा विवादित धर्मगुरु आचार्य श्रीनिवास पक्राउ परेका छन्। उनलाई प्रहरीले गौशालाबाट सोमबार पक्राउ गरेको हो। उनी निजी मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको प्रदर्शनमा सहभागी हुन गौशाला पुगेका थिए। समर्थकसहित प्रदर्शनमा पुगेका उनले उत्तेजक भाषण गरेका थिए। गेरुवा वस्त्रसहित पुगेका उनले हातमा त्रिशूल बोकेका थिए। सडक अवरुद्ध गर्न खोजेपछि उनलाई प्रहरीले पक्राउ गरेको हो। श्रीनिवासले यसअघि विराटनगरमा खुकुरी देखाउँदै उत्तेजक भाषण गरेका थिए। त्यसक्रममा पनि प्रहरीले उनलाई पक्राउ गरेको हो। श्रीनिवास तीनै धार्मिक गुरु हुन्, जसले धार्मिक सहानुभूति बटुल्न आफैंलाई गोली हान्न लगाएका थिए।

त्रिविले स्नातकोत्तर टपरलाई दिने 'कुलपति पदक' अबदेखि हटाउने

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर तहमा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीलाई प्रदान गर्दै आएको 'कुलपति पदक' अबदेखि नदिने भएको छ। विश्वविद्यालयमा मूल्यांकनको आधार ग्रेडिङ प्रणालीअनुसार हुने भएकाले सबै संकायमध्ये उत्कृष्ट विद्यार्थीलाई दिइने मेडल कटौती गर्न लागिएको हो। कुलपति पदकमा तीन तोला सुन राखिएको हुन्छ। ०१६ देखि गत वर्ष अर्थात् ४८औं दीक्षान्त समारोहसम्म सो पदक वितरण गरिएको थियो। आगामी २ पुसमा हुने ४९औं दीक्षान्त समारोहबाट यो पदक रोकिनेछ।

मूल्यांकनको आधार फरक भएकाले यसलाई हटाउन लागिएको विश्वविद्यालयले जनाएको छ। परीक्षा नियन्त्रक कार्यालयका परीक्षा नियन्त्रक पुष्प जोशीले सबै संकायमध्येबाट सर्वोत्कृष्ट अंक ल्याउनेलाई दिइने पदक मात्रै हटाउन लागिएको जानकारी दिए। 'सबै संकायमध्येबाट स्नातकोत्तर तहमा उत्कृष्ट हुनेलाई दिइने पदक हटाउँछौं,' उनले भने, 'ग्रेडिङ प्रणालीका कारण यो हटाउनुपरेको हो, किनभने कुन विद्यार्थी टपर हो भनेर छुट्याउन गाह्रो भयो।' तर, स्नातक तह र अन्य विभाग टपरहरूलाई दिने पदक तथा पुरस्कार भने कटौती गरिएको छैन। स्नातक तहमा अध्ययन गर्नेमध्ये एकजना उत्कृष्ट विद्यार्थीलाई एक तोला सुन जडित उपकुलपति पदक प्रदान गरिनेछ। त्यस्तै, विषयगत

● **पुष्प जोशी**
परीक्षा नियन्त्रक, त्रिवि



सबै संकायमध्येबाट स्नातकोत्तर तहमा उत्कृष्ट हुनेलाई दिइने पदक हटाउँछौं। ग्रेडिङ प्रणालीका कारण यो हटाउनुपरेको हो, किनभने कुन विद्यार्थी टपर हो भनेर छुट्याउन गाह्रो भयो।

विभागअन्तर्गत २७ वटा मेडल वितरण गरिन्छ। यी मेडलमा विभाग टपरलाई १० आनासम्म सुनजडित पदक दिइन्छ।

ग्रेडिङ प्रणालीअनुसार उत्कृष्ट विद्यार्थी छुट्याउन कठिन हुन्छ। यस प्रणालीमा जिपिए ४ ल्याउनेलाई उत्कृष्ट मानिन्छ। तर, सो जिपिए एकजना मात्रै विद्यार्थीले नल्याउने हुँदा उत्कृष्ट मापन गर्न कठिन हुन्छ। सोहीकारण आगामी पुसमा हुने दीक्षान्त समारोहदेखि यसप्रकारको मेडल वितरण रोक्ने तयारी भइरहेको मानविकी संकायका डिन कुसुम शाक्यले जानकारी दिइन्। 'नम्बर प्रणालीका आधारमा उत्कृष्ट विद्यार्थी छुट्याउन सकिन्थ्यो, तर ग्रेडिङ प्रणालीमा गइसकेपछि जिपिए ४ ल्याउने विद्यार्थी एकजना मात्रै हुँदैन,' उनले भनिन्, 'त्यसकारण पनि यो रोक्न आवश्यक देखिएको हो।'

यसअघि ४ साउनमा बसेको त्रिवि प्राज्ञिक परिषद् स्थायी समितिको बैठकले पनि उत्कृष्ट हुने विद्यार्थीलाई दिइने मेडल हटाउनुपर्ने भन्दै यसको कार्यान्वयनका लागि परीक्षा नियन्त्रण कार्यालय तथा डिन कार्यालयहरूलाई जानकारी गराउने निर्णय गरेको थियो। त्यस्तै, ३ असारमा बसेको त्रिवि परीक्षा सुधार तथा समन्वय परिषद्को बैठकले पनि यसै वर्षदेखि लागू हुने गरी स्नातकोत्तरमा उत्कृष्टलाई दिइने 'गोल्ड मेडल' वितरण रोक्ने निर्णय गरेको थियो।

त्रिविको विभाग टपर हुने विद्यार्थीलाई दिइने मेडल तथा पुरस्कार त्रिवि आफैंले खर्च गर्दैन। अर्थशास्त्रमा टपर हुनेलाई ताराप्रसाद चौधरी, भाषा विज्ञानमा रामविक्रम सिजापति, अन्तर्राष्ट्रिय कूटनीतिमा दुर्गाबहादुर सुवेदीलगायतले स्थापना गरेको संस्थाले पदक तथा पुरस्कार दिँदै आइरहेको छ। तर, स्नातकोत्तर र स्नातक तह टपरलाई भने त्रिविले नै रकम छुट्याएर मेडल दिँदै आएकोमा अबदेखि हटाउन लागिएको हो।

त्रिविले आगामी २ पुसमा हुने दीक्षान्त समारोहको तयारी अघि बढाएको छ। यसपटकको दीक्षान्त समारोहमा ७४ हजार विद्यार्थी दीक्षित हुँदै छन्। फाराम भर्ने संख्या भने १२ हजार पाँच सय मात्रै छन्। दशरथ रंगशाला त्रिपुरेश्वरमा हुने दीक्षान्त समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री तथा त्रिविका कुलपति पुष्पकमल दाहाल प्रचण्ड सहभागी हुनेछन्।

नेपालमा लैंगिक हिंसा अन्त्य गर्न सहकार्यका लागि राष्ट्रसंघको आग्रह

काठमाडौं/ संयुक्त राष्ट्रसंघले नेपालमा लैंगिक हिंसा रोकथामका लागि दिगो लगानी र नवीनतम रणनीतिको महत्त्वपूर्ण आवश्यकता रहेकोमा जोड दिएको छ। लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा राष्ट्रसंघका विभिन्न निकायको संयुक्त कार्यक्रममा विभिन्न विकास साझेदार, नागरिक समाज, निजी क्षेत्रलाई सबैभन्दा पहिले हिंसा हुने नदिनेतर्फ लगानी बढाउन आग्रह गरिएको हो।

सोमबार ललितपुरमा आयोजित कार्यक्रममा राष्ट्रसंघका आवासीय संयोजक हाना सिंगर ह्याम्डीले लैंगिक हिंसा रोकथाममा लगानी गर्ने साझा प्रतिबद्धतामा जोड दिइन्। 'महिला र बालिकाको जीवनलाई खतरामा पार्ने हिंसाको ज्वाला निभाउने उत्तरदायित्व हामी सबैको हो। १६ दिने अभियानका अवसरमा म नेपालमा लैंगिक हिंसा अन्त्यका लागि आर्थिक र सामूहिक इच्छाशक्ति दुवैमा तत्काल लगानीको आवश्यकता रहेको दर्साउन चाहन्छु,' उनले भनिन्। छलफलमा उपसभामुख इन्दिरा रानामगर, नेपालका लागि युरोपेली संघका राजदूत भेरोनिक लोरेन्जो, बिजनेस इन्क्युबेसन एन्ड इम्प्याक्ट एकेडेमीकी समानता थापा मगरलगायत थिए।


युएनडिपीको खर्चमा राष्ट्रिय सभा अध्यक्षसहित प्रदेशका तीन सभामुख र चार उपसभामुख अस्ट्रेलिया भ्रमणमा

नयाँ पत्रिका

राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाको नेतृत्वमा प्रदेशका तीन सभामुख र चार उपसभामुख अस्ट्रेलिया भ्रमणमा निस्किएका छन्। संसद् सचिवालयले संघीय संसद् र प्रदेश सभाहरूको १२ सदस्यीय प्रतिनिधिमण्डल आइतबार राति अस्ट्रेलिया प्रस्थान गरेको हो। सचिवालयका अनुसार भ्रमणको खर्च संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले व्यवस्थापन गरेको हो।

प्रतिनिधिमण्डलमा अध्यक्ष तिमिल्सिनासहित प्रदेश सभा सभामुखहरू सुदूरपश्चिमका भीमबहादुर भण्डारी, कर्णालीका नन्दा गुरुङ, गण्डकीका कृष्णप्रसाद धिताल छन्। यसैगरी, प्रदेश सभा उपसभामुखहरू कोशीबाट सिर्जना दनुवार, मधेशबाट बबिताकुमारी राउत इसर, बागमतीबाट अप्सरा चापागाईं खत्री र लुम्बिनीबाट मेनुका खाण केसी पनि टोलीमा छन्।

यसैगरी, मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारी, राष्ट्रिय समावेशी आयोगका सदस्य पुष्पराज तिमिल्सिना, संघीय संसद् सचिवालयका प्रमुख पुस्तकालय अधिकृत कमलादेवी शर्मा र राष्ट्रिय सभा अध्यक्ष तिमिल्सिनाकी स्वकीय सचिव ऋचा पोखरेल भ्रमण टोलीको सदस्य छन्। प्रतिनिधिमण्डलमा प्रतिनिधिसभाबाट भने प्रतिनिधित्व छैन।




गणेश तिमिल्सिना
अध्यक्ष, राष्ट्रिय सभा


भीमबहादुर भण्डारी
सभामुख, सुदूरपश्चिम




नन्दा गुरुङ
सभामुख, कर्णाली




कृष्णप्रसाद धिताल
सभामुख, गण्डकी




सिर्जना दनुवार
उपसभामुख, कोशी



बबिताकुमारी राउत
उपसभामुख, मधेश



अप्सरा चापागाईं
उपसभामुख, बागमती



मेनुका खाण
उपसभामुख, लुम्बिनी

युएनडिपीको संस

नेपाल खुला विश्वविद्यालय
स्थाः २०७३

नेपाल खुला विश्वविद्यालय
विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय
डीनको कार्यालय
मानभवन, ललितपुर

फोन नं. :
०१-५४२४३०९, ५९१३९५०
Website: www.nou.edu.np

भर्ना आवेदन सम्बन्धी सूचना ।

(वेवसाइटमा प्रकाशित मितिः २०८०।०८।११ गते)

नेपाल खुला विश्वविद्यालय, विज्ञान, स्वास्थ्य तथा प्रविधि संकाय अन्तर्गत तपसिलका तह र विषयका कार्यक्रमहरूमा शैक्षिक सत्र वि.सं.२०८० हिउँदे सत्रको सेमेष्टर प्रणाली अर्न्तगत प्रथम सेमेष्टरमा भर्ना आवेदन आव्हान सम्बन्धी सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ । भर्ना आवेदन फारम मिति २०८०/०८/११ गते देखि मिति २०८०/०८/३० गते सम्ममा भरिसक्नु पर्नेछ । भर्ना सम्बन्धी अन्य विस्तृत जानकारीको लागि विश्वविद्यालयको वेवसाइट ***www.nou.edu.np*** मा हेर्नुहुनको लागि अनुरोध गरिन्छ ।

भर्नाको लागि आवेदन आव्हान गरिएको तह र बिषयहरुः

१. **MPhil in ICT:** १.५ वर्ष (सेमेष्टर)
२. **Master Degree in e-Governance:** २ वर्ष (सेमेष्टर)
३. **Master Degree in Geoinformatics:** २ वर्ष (समेष्टर) कार्यक्रम
४. **Master Degree in Natural Resource and Development (NRD):** २ वर्ष (सेमेष्टर)
५. **Master of Science in Environmental and Occupational Health (EOH):** २ वर्ष (सेमेष्टर)

भर्ना सम्बन्धी अन्य विस्तृत जानकारीको लागि विश्वविद्यालयको वेवसाइट ***www.nou.edu.np*** मा हेर्नुहुनको लागि अनुरोध गरिन्छ ।

राजतन्त्र कुनै हालतमा फर्किँदैन : देउवा

नवलपरासीमा **रामकुमार श्रेष्ठ**



कांग्रेस सभापति शेरबहादुर देउवाले देशमा अब कुनै हालतमा राजतन्त्र नफर्कने बताएका छन् । सोमबार कांग्रेस नवलपुरको प्रथम जिल्ला सम्मेलनमा पूर्वप्रधानमन्त्रीसमेत रहेका देउवाले कांग्रेसलाई अब राजतन्त्र नचाहिएको बताए ।

उनले राजतन्त्रको पक्षमा आन्दोलन चलिरहेका वेला आफूलाई यो विषयमा किन बोलेन भनेर सबैले भन्ने गरे पनि संविधानले हटाइसकेको राजतन्त्रबारे बोल्नुको औचित्य नभएर आफू नबोलेको बताए ।

'हामीलाई राजतन्त्र चाहिँदैन, संविधानले नै राजा फालिसकेको छ । यसको विषयमा बोल्नुको अर्थ छैन, अब कुनै पनि हालतमा राजतन्त्र फर्किँदैन,' देउवाले भने, 'कसैले चाहँदैमा अब राजतन्त्र फर्किँदैन । सार्वभौम संविधानसभाको निर्णयले गणतन्त्रको स्थापना भएकाले अब राजतन्त्र फर्किने कुनै सम्भावना छैन ।'

उनले अब संघीयता र लोकतान्त्रिक संविधानलाई बलियो बनाउनुपर्नेमा जोड दिए । देउवाले धर्मनिरपेक्षताको विषयमा भने पुनर्विचार गर्न सकिने बताए । 'धर्मनिरपेक्षताको विषयमा छलफल गर्न सकिन्छ । तर, राजतन्त्र कुनै हालतमा फर्किँदैन, गणतन्त्रलाई मजबुत गराउनुपर्छ,' उनले भने ।

त्यसअघि आजै चितवनको भरतपुरमा देउवाले गणतन्त्रको विकल्प नभएको बताएका थिए। नवलपरासी जाने क्रममा भरतपुर विमानस्थलमा उत्रिएका कांग्रेस सभापतिले सञ्चारकर्मीहरूसँग कुरा गर्दै भनेका थिए, 'गणतन्त्रको विरोध गर्नुको अर्थ छैन, बदलिने कुरा छैन ।' उनले गणतन्त्रको विरोध गर्नेहरूको अर्थ नरहेको बताए । गणतन्त्रविरोधी गतिविधिबाट राजनीतिक दलहरू अत्तालिएका हुन् ? भन्ने प्रश्नमा उनले भने, 'को अत्तालियो ? हामी अत्तालिएका छैनौं ।'

देउवासँगै रहेका कांग्रेस नेता डा. शशांक कोइरालाले राजतन्त्र फर्कने विषयमा आफूलाई विश्वास नलागेको प्रतिक्रिया दिए । उनले भने, 'राजतन्त्र फर्कनेमा मलाई कमै विश्वास छ । यहाँ हरेक कुराको सम्भावना छ । संसद्ले चाह्यो भने जे पनि हुन सक्छ ।' सरकारका कामप्रति नागरिक पूर्ण रूपमा सन्तुष्ट हुन नसक्दा व्यवस्थामाथि नै प्रश्न उठेको उनको भनाइ थियो ।

कांग्रेसको लुम्बिनी प्रदेश सम्मेलन १६ र १७ मंसिरमा

बुटवल/ कांग्रेस लुम्बिनी प्रदेशको प्रथम सम्मेलन १६ र १७ मंसिरमा हुने भएको छ । रुपन्देहीको बुटवलस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा हुने दुईदिने सम्मेलनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको लुम्बिनी प्रदेश सभापति अम्मरसिंह पुनले बताएका छन् ।

सम्मेलनको तयारीबारे सोमबार बुटवलमा पत्रकार सम्मेलन गरेर दिइएको जानकारीअनुसार १६ मंसिरमा उद्घाटन सत्र तथा १७ गते बन्दसत्र गर्ने कार्यतालिका छ । सम्मेलनलाई पार्टी सभापति शेरबहादुर देउवासहित नेता शेखर कोइराला, उपसभापति तथा उपप्रधानमन्त्री पूर्णबहादुर खड्का, संसदीय व्यवस्था तथा कानुनमन्त्री धनराज गुरुङ, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मालगायतका नेताहरूले सम्बोधन गर्नेछन् । सम्मेलनमा प्रदेशका १२ वटै जिल्लाबाट प्रतिनिधिहरूको सहभागिता रहनेछ । प्रदेश सम्मेलनभन्दा अगाडि १२ जिल्लामध्ये १० वटाको सम्मेलन सम्पन्न गरिसके कांग्रेसको तयारी छ । सम्मेलनमा ती जिल्लाबाट आएका प्रतिवेदनदेखि प्रदेशले हालसम्म काम गर्दै आएका विषयवस्तु, संघीयता कार्यान्वयन तथा विभिन्न विषयमा छलफल हुने सभापति पुनले बताए ।

मधेशभित्रको मधेश बुझ्न रास्वपा मधेश झरेको हो : लामिछाने



महोत्तरी/ राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले मधेशभित्रको मधेश बुझ्न मधेश झरेको बताएका छन् । जलेश्वरस्थित अग्रवाल पार्टी प्यालेसमा केन्द्रीय कार्यसमिति तथा संसदीय दलको बैठकमा उनले मधेश बुझ्ने पहिलो चरणमा जलेश्वर चयन गरिएको बताए । लामिछानेले मधेशलाई सिंगो देशले कुन प्राथमिकतामा राख्न जरुरी छ भनेर बुझ्नसमेत केन्द्रीयस्तरको बैठक मधेशमै राख्न जरुरी देखिएको बताए ।

बैठकमा विभिन्न विभागीय प्रतिवेदन तथा प्रदेश संरचनामा भएका कामबारे प्रतिवेदन र आफ्नै कामको प्रतिवेदन प्रस्तुत तथा छलफलका साथै पदाधिकारीहरूको सन्दर्भमा केही महत्त्वपूर्ण निर्णय गरिने उनको भनाइ छ । उनले तीन दिनसम्म चल्ने बैठकले रास्वपाको आगामी बाटोसमेत निर्धारण गर्ने लामिछानेले बताए । पार्टीको बैठकमा भाग लिन केन्द्रीय कार्यसमितिसहित संसदीय दलका सबै नेता उपस्थित भएका छन् ।

भूकम्प प्रभावित क्षेत्रमा नेपाल



नयाँ पत्रिका

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले जाजरकोटस्थित भूकम्प प्रभावित क्षेत्रको अवलोकन गरेका छन् । भौतिक पूर्वाधारमन्त्री एवं पार्टी उपमहासचिव प्रकाश ज्वाला, सांसद अम्बरबहादुर थापालगायत नेता तथा कार्यकर्तासहित नेपालले क्षतिग्रस्त क्षेत्रको सोमबार अवलोकन गरेका हुन् । नेपालको उपस्थितिमा एकीकृत समाजवादीका भातृ संगठनहरूले भेरी नगरपालिका ३ मा अस्थायी घरटहरा निर्माण प्रारम्भ गरेका छन् । भूकम्प प्रभावित क्षेत्रमा चिसो बढ्दै गरेको अवस्थामा चाँडो अस्थायी टहरा बनाउनुपर्नेमा नेपालले जोड दिए ।

त्यसपछि नेपाल खलंगास्थित अस्पतालमा पुगेर चिकित्सक र बिरामीहरूसँग हालको अवस्था, समस्या र सामाधानको विषयमा छलफल गरेका थिए । नेपालले चिनियाँ कम्युनिस्ट पार्टीबाट ५० हजार अमेरिकी डलर र ५० हजार युयान सहयोगको प्रतिबद्ध भएको जानकारी दिए । साथै, भूकम्पपीडितका लागि पाँच सय थान ब्ल्यांकेट, राइसकुकरलगायतको सामग्री चिनियाँ कम्युनिस्ट पार्टीले हस्तान्तरण गरेको राहत सामग्री जाजरकोट र रुकुमका लागि उपलब्ध गराउने बताए । नेपालले सांकेतिक रूपमा एक थान प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण गरे । मन्त्री ज्वालाले छोटो बाटोबाट हरेक घरधुरीलाई ५० हजार वडाको सिफारिसमा बैंक खाता भए बैंक खातामा, नभए नगद वितरण गर्ने निर्णय भएको बताए ।

जीवित व्यक्तिको मृत्यु दर्ता बनाई भ्रष्टाचार

रामेछाप/ जीवित व्यक्तिको मृत्युदर्ता प्रमाणपत्र बनाई भ्रष्टाचार गर्ने वडासचिव निलम्बित भएका छन् । मन्थली नगरपालिकाले तत्कालीन वडा नम्बर ३ मा कार्यरत वडासचिव शिवकुमार महतोलाई निलम्बन गरेको हो । हाल उनी मन्थली नगरपालिका- १२ गेलुमा कार्यरत थिए । सचिव महतोले आर्थिक लेनदेन गरी जीवितै रहेका व्यक्तिको मृत्युदर्ताको प्रमाणपत्र बनाएर (एकल महिला) सामाजिक सुरक्षा भत्ता खुवाएको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको थियो । अख्तियारले दोषी ठहर गर्दै महतोविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको छ ।

अख्तियारले मुद्दा दर्ता गरेको पत्र मन्थली नगरपालिकाको कार्यालयमा आइतबार प्राप्त भएपछि सोही दिनबाट सचिव महतोलाई निलम्बन गरिएको मन्थली नगरपालिकाका सूचना अधिकारी हेमन्त बुढाथोकीले जानकारी दिए । सचिव महतोले झुटो विवरण पेस गरी निर्मला खत्रीको जीवितै रहेका श्रीमान्को मृत्युदर्ताको प्रमाणपत्र बनाइदिएर एकल महिला सामाजिक सुरक्षा भत्ता खुवाउँदै आएका थिए । उजुरीपछि सो विषयमा छानबिन गर्दै अख्तियारले झुटा विवरण तयार पारेर ४५ हजार दुई सय २० रुपैयाँ सरकारी सम्पत्तिको हानि-नोक्सानी गरेको उल्लेख गर्दै सोही रकमबराबरको बिगो माग दाबी लिई दुई दिनअघि मुद्दा दर्ता गरेको छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर २७ गते बुधबार**का दिन शाखा कार्यालय हेटौंडा, मकवानपुरमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीहरुको विवरणः

क. प्रदेश सरकार उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा मकवानपुरमा मिति २०७४/०६/३० प्रा.फ.र.न ७१०६/३२८-०७४/०७५ मा दर्ता भई करदाता सेवा कार्यालय आन्तरीक राजस्व कार्यालय हेटौंडा, मकवानपुरबाट मिति २०७४/०६/३० मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७०५४२६० को प्रमाणपत्र प्राप्त मकवानपुर जिल्ला हेटौँडा उ.म.न.पा. वडा नं. ५ स्थित रजिस्ट्रर्ड कार्यालय रहेको **हाम्रो सु. सेन्टर** (प्रोपाईटर धन सिं दुलालको नाति, दल वहादुर दुलालको छोरा, च्यान्सी दुलालको पति, मकवानपुर जिल्ला, हटिया गा.वि.स., वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०४ बस्ने **हर्क बहादुर दुलाल** (ना.प्र.नं. ५०८१, जारी मिति २०४३/११/१२, जिल्ला प्रशासन कार्यालय मकवानपुर)

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. दल वहादुर दुलालको नाति, हर्क वहादुर दुलाल/च्यान्सी दुलालको छोरा, रिता दुलालको पति, मकवानपुर जिल्ला, हर्नामाडि गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०४ बस्ने **रण संग्राम दुलाल** (ना.प्र.नं. ६०/३९५३४, जारी मिति २०६३/०७/२६, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
२. दल वहादुर दुलालको नाति, हर्क वहादुर दुलाल/च्यान्सी दुलालको छोरा, मकवानपुर जिल्ला, हर्नामाडी गा.वि.स वडा नं. ०३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १८ बस्ने **माहासंग्राम दुलाल** (ना.प्र.नं. ३१३०१४/३९६, जारी मिति २०६३/११/१४, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

ऋणीको विवरणः

ख. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/०७/२७ मा दर्ता नं. २४७३८४/०७७/०७८ कायम भई आन्तरिक राजस्व कार्यालय मकवानपुरबाट मिति २०७७/०८/१४ मा स्थायी लेखा नम्बर (पान) नं. ६०९८५१०७८ प्राप्त मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **पब्लिक फुटवेयर प्रा.लि.** ।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. दल वहादुर दुलालको नाति, हर्क वहादुर दुलाल/च्यान्सी दुलालको छोरा, रिता दुलालको पति, मकवानपुर जिल्ला, हर्नामाडि गा.वि.स., वडा नं. ०३ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०४ बस्ने **रण संग्राम दुलाल** (ना.प्र.नं. ६०/३९५३४, जारी मिति २०६३/०७/२६, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
२. चतुरमान मिजारको नाति, बाबुराम मिजार/सुभधरा मिजारको छोरा, सुनिता मिजारको पति, मकवानपुर जिल्ला, बज्रबाराही गा.वि.स., वडा नं. ०५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०४ बस्ने **राम कुमार मिजार** (ना.प्र.नं. २६/१९३९३, जारी मिति २०६१/१०/१०, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
३. ईन्द्र बहादुर मिजारको नाति, वल बहादुर मिजार/राम माया मिजारको छोरा, सिर्जना मिजारको पति, मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स., वडा नं. ०५ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. १२ बस्ने **गोविन्द मिजार** (ना.प्र.नं. ७/७४९, जारी मिति २०५५/०२/२६, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।
४. धन सिं दुलालको नाति, दल वहादुर दुलालको छोरा, च्यान्सी दुलालको पति, मकवानपुर जिल्ला, हटिया गा.वि.स., वडा नं. ०७ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा., वडा नं. ०४ बस्ने **हर्क बहादुर दुलाल** (ना.प्र.नं. ५०८१, जारी मिति २०४३/११/१२, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

लिलाम हुने सम्पत्तिको विवरणः

१. **हर्क बहादुर दुलाल**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हटिया गा.वि.स वडा नं. ०७ स्थित कित्ता नं. २१४७ को क्षेत्रफल ०-२-१९-० (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. **हर्क बहादुर दुलाल**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हटीया गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. १३३५ को क्षेत्रफल ०-१०-८$^{१/२}$ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत
३. **राम कुमार मिजार**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा., वडा नं. ५ स्थित कित्ता नं. १९०५४ को क्षेत्रफल ०-०-९.५-० (वि.क.धु.क) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
४. **गोविन्द मिजार**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स., वडा नं. ५ स्थित कित्ता नं. २८६७ र २८७० को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-५-१२-० (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० मंसिर २६ गते** भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० मंसिर २७ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० मंसिर २७ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय हेटौंडा, मकवानपुर फोन नं. ०५७-५२४१४३

कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ पर्सा, चितवनबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० मंसिर २७ गते बुधबार**का दिन शाखा कार्यालय नयाँ पर्सा, चितवनमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. ऋणीको विवरणः

टेक बहादुर आले मगरको नाति, मन बहादुर आले मगर/नन्द कुमारी आले मगरको छोरा, पार्वती थापा मगर आले मगरको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक चैनपुर गा.वि.स., वडा नं. ०६) बस्ने **शिव बहादुर आले मगर** (ना.प्र.नं. १७२७/०४४, जारी मिति २०६२/०९/१८, जिल्ला प्रशासन कार्यालय चितवन)...१ र टेक बहादुर आले मगरको नाति, मन बहादुर आले मगर/नन्द कुमारी आले मगरको छोरा, शान्ती आले (मगर)को पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक चैनपुर गा.वि.स., वडा नं. ०६) बस्ने **इन बहादुर मगर** (ना.प्र.नं. १७२५/०४४, जारी मिति २०४९/०७/१४, जिल्ला प्रशासन कार्यालय चितवन)..१ समेत जना २

व्यक्तिगत जमानीकर्ताहरुको विवरणः

१. भुवन सिहँ थापा मगरको नातिनी, पदम वहादुर थापा मगर/टेक माया थापा मगरको छोरी, मन वहादुर आले मगर/नन्द कुमारी आले मगरको बुहारी, शिव वहादुर आले मगरको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ बस्ने **पार्वती थापा मगर आले मगर** (ना.प्र.नं. ३५-०१-७१-०४९६७, जारी मिति २०७१/०५/०३, जिल्ला प्रशासन कार्यालय चितवन) ।
२. प्रेम वहादुर आलेको नातिनी, मान वहादुर आले/मन माया आलेको छोरी, मन वहादुर आले मगर/नन्द कुमारी आले मगरको बुहारी, इन वहादुर मगरको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०३ (साबिक चैनपुर गा.वि.स., वडा नं. ०८) बस्ने **शान्ती आले (मगर)** (ना.प्र.नं. ०४४५४०, जारी मिति २०६६/०२/१०, जिल्ला प्रशासन कार्यालय चितवन) ।

लिलाम हुने सम्पतीको विवरण

१. **शिव बहादुर आले मगर १ र इन बहादुर मगर १** को सयुक्त नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ०३ (साबिक चैनपुर ५क) स्थित कित्ता नं. ४०५ को क्षेत्रफल ०-५-० (वि.क.धु)जग्गा तथा भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर्माणकार्य लगायत सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणीको विवरण

तुल बहादुर विश्वकर्मा/फुल माया वि.क को छोरी, राम बहादुर सुनारको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०४ (साबिक चण्डीभञ्याङ गा.वि.स. वडा नं.०७) बस्ने **कौशिला कामी** (ना.प्र.नं. ५०५/०६२, जारी मिति २०६२/०८/०१, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको बिवरण :

१. विर वहादुर सुनारको नाति, मान वहादुर सुनार/कन माया सुनारको छोरा, कौशिला कामीको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०४(साबिक चण्डीभञ्याङ गा.वि.स.,वडा नं.०७) बस्ने **राम बहादुर सुनार** (ना.प्र.नं. ३५/१२१, जारी मिति २०४६/०३/१२, जिल्ला प्रशासन कार्यालय चितवन)।
२. मान बहादुर सुनार/कन माया सुनारको नाति, राम बहादुर सुनार/कौशिला कामीको छोरा, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०४ बस्ने **ज्योतिन्द्र सुनार** (ना.प्र.नं. ३५-०१-७५-११५२०, जारी मिति २०७५/१२/११, जिल्ला प्रशासन कार्यालय चितवन)।

लिलाम हुने सम्पतीको विवरण

१. **कौशिला कामी**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, चैनपुर गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कित्ता नं. ५०४ को क्षेत्रफल ४७४.०७ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. ऋणीको विवरण

जीत बहादुर घले/सेती माया घलेको नाति, राम बहादुर घले/सुनमाया घलेको छोरा, मीना घलेको पती, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १२ (साबिक पदमपोखरी गा.वि.स.,वडा नं.०८) स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. ०२, बस्ने **लक्ष्मण घले** (ना.प्र.नं. २३७३, जारी मिति २०५९/१०/२०, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

व्यक्तिगत जमानीकर्ताको विवरण :

१. तुल वहादुर पुन मगर/कौशल्या देवि पुन मगरको नातिनि, हरि वहादुर पुन मगर/बिर माया पुन मगरको छोरी, लक्ष्मण घलेको पत्नी, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. १२ (साबिक मकवानपुर जिल्ला पदमपोखरी गा.वि.स.,वडा नं.०८) स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. ०२, बस्ने **मीना घले** (ना.प्र.नं. ३१-०१-७१-१११२४, जारी मिति २०७१/११/२८, जिल्ला प्रशासन कार्यालय मकवानपुर) ।

लिलाम हुने सम्पतीको विवरण

१. **लक्ष्मण घले**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको चितवन जिल्ला, पदमपोखरी गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कित्ता नं. ३२३४ को क्षेत्रफल ०-१-१६ (वि.



अन्दाजको सिक्वेल बन्ने

'अन्दाज २' निर्माणको घोषणा गर्दै निर्माता सुनील दर्शनले यसमा तीन नयाँ कलाकार भित्र्याउने बताएका छन्। सन् २००३ मा प्रदर्शनमा आएको 'अन्दाज'मा अक्षयकुमार, लारा दत्ता, प्रियंका चोपडा मुख्य भूमिकामा थिए। यसलाई राज कुँवरले निर्देशन गरेका थिए।



सात भाषामा कान्तारा च्याप्टर १

सन् २०२२ मा रिलिज भएको फिल्म कान्ताराको प्रिक्वेल 'कान्तारा : च्याप्टर १' को फर्स्ट लुक तथा टिजर सार्वजनिक भएको छ। फिल्मका निर्देशक तथा मुख्य अभिनेता ऋषभ सेट्टी अलग अवतारमा देखिएका छन्। टिजरलाई ७ भाषा (कन्नड, हिन्दी, तेलगु, तमिल, मलायालम, बंगाली र अंग्रेजी)मा रिलिज गरिएको छ।

स्टाइलिस लेहेंगा

फेसन



रोजिना श्रेष्ठ
फेसन डिजाइनर
कायरा बुटिक

अहिले विवाहको मौसम चलिरहेको छ। विवाह पार्टीमा आजभोलि महिलाहरू लेहेंगामा सजिएर जान चाहन्छन्। फेसनेबल र आकर्षक देखिने भएकाले हरेक उमेर समूहका महिलाको रोजाइमा लेहेंगा पर्न थालेको हो।

प्रिन्टेड फ्याब्रिक लेहेंगा

विवाह पार्टी होस् वा समारोह, महिला दिदीबहिनीहरूको रोजाइमा यो लेहेंगा पर्ने गरेको छ। यसका लागि फ्याब्रिक कपडाको थान आउँछ। त्यसमा ब्लाउज, सल म्याच हुने गरी डिजाइन गरिन्छ।

सिल्क लेहेंगा

सिल्क कपडा मुलायम हुन्छ। यसको मूल्य पनि अन्य लेहेंगाभन्दा अलि सस्तो पर्न आउँछ। आफ्नो बजेटअनुसारको डिजाइन र स्टाइलका लेहेंगा अर्डर गर्दा राम्रो हुन्छ।

ब्राइडल लेहेंगा

यो विशेष गरी विवाह र अन्य पार्टीमा लगाइन्छ। ब्राइडल लेहेंगाका लागि प्रायः भेल्भेटको कपडा प्रयोग गरिएको हुन्छ। भेल्भेट आफैंमा रोयल फ्याब्रिक हो। यो कपडा चम्किलो हुन्छ, त्यसैले पनि लेहेंगा झनै आकर्षक देखिन्छ।





बालबालिकालाई एलर्जी र दमबाट जोगाउन

डाक्टरको सल्लाह



डा. महेशकुमार गौतम
एलर्जी रोग विशेषज्ञ
नेसनल आस्थमा एलर्जी सेन्टर, काठमाडौं

जाडो मौसममा विभिन्न कारणले प्रदूषण बढ्ने हुनाले भाइरल संक्रमणको जोखिम बढी हुन्छ। जसले गर्दा यतिवेला दम र एलर्जीको समस्या देखिन्छ। छातीको समस्या भएका व्यक्तिमा रोग बढेर जाने जोखिम रहन्छ । धेरैजसो बालबालिकालाई एलर्जी-दम हुने गरेको पाइन्छ। विशेषगरी सहरी क्षेत्रका बालबालिकालाई यस्तो समस्या देखिने गरेको छ। झन्डै ९० प्रतिशत बालबालिकामा दम हुनुको कारण एलर्जी हो। एलर्जी भर्खर जन्मिएको बच्चामा पनि देखिन सक्छ।

कारण

- घाम नदेखिने कोठा, स्थान वा ओसिलो कोठामा बस्दा ढुसीको कारणले एलर्जी दम हुन सक्छ। घरमा साङ्ला छ भने पनि बच्चामा एलर्जी देखिन सक्छ। धेरै अगरबत्ती बाल्दा पनि त्यसको धुवाँले एलर्जी हुन सक्छ। खानाको रागले पनि एलर्जी हुन्छ।
- एसीको अत्यधिक प्रयोगले गर्दा पनि एलर्जी हुन्छ। बाह्य वातावरणले पनि एलर्जीको जोखिम निम्त्याउँछ।
- एलर्जी दमको मुख्य कारण वंशाणुगत र वातावरणीय प्रभाव हो। आमा-बुबालाई दम भएमा छोराछोरीमा यसको लक्षण देखिन सक्छ।
- गर्भवती अवस्थामा आमाको अव्यवस्थित जीवनशैली र अस्वस्थकर खानपान, धूम्रपान आदिका कारण बच्चामा एलर्जीको जोखिम रहन्छ। जथाभावी एन्टिबायोटिक औषधिको प्रयोगले पनि समस्या देखिन सक्छ।

लक्षण

- लामो समयसम्म खोकी लागिरहने। खोकी बल्झिरहने। मौसम परिवर्तन र रातको समयमा धेरै खोकी लाग्ने।
- छाती घ्यारघ्यार हुने।
- हाच्छ्युँ आउने, नाकबाट सिँगान बग्ने, नाकको एलर्जी हुँदा पनि आँखा चिलाउने।
- बच्चा खेल्दा, दौडँदा छिटो थकान महसुस हुने।
- अस्पतालमा औषधि दिँदा वा बाफ लगाउँदा निको हुने, फेरि बझिल्ने गऱ्यो भने दमको लक्षण भनेर बुझ्नुपर्छ।

जोखिम

कसैलाई दम भएको छ भने श्वासनलीमा असर गरेको हुन्छ। यसको समयमै उपचार गर्न जरुरी छ। समयमा उपचार नगर्दा बालबालिकामा विभिन्न समस्या देखिन्छन्, कुनै पनि वेला आस्थमा एट्याक आउन सक्छ। एट्याक आउँदा श्वासनली खुम्चिने जोखिम हुन्छ। श्वास फेर्न गाह्रो हुने, शरीरमा अक्सिजनको कमीका कारण बेहोस हुने या ज्यानै जान सक्ने खतरा पनि हुन्छ। त्यसैले समयमै समस्या पहिचान गरेर उपचार थाल्नुपर्छ।

उपचार

- एलर्जीको पहिचानका लागि अस्पताल जानुपर्छ। अस्पतालमा चिकित्सकले एलर्जी पहिचान गरेपछि आवश्यक सल्लाह दिन्छन्। कुन औषधि वा खानेकुराले एलर्जी भएको भनेर पहिचान हुन्छ।
- रोगको निर्क्योल गरेपछि औषधि-उपचार गर्नुपर्छ। छातीमा दमजस्तो एलर्जी भएको छ भने छातीमै बाफको रूपमा औषधि दिनुपर्ने हुन्छ। जसलाई इन्हलर थेरापी पनि भनिन्छ। श्वासनलीको दुखाइ कम गर्न यसको प्रयोग हुन्छ। कुन प्रकृतिको एलर्जी हो भन्ने थाहा पाएपछि थेरापीमार्फत उपचार गर्न सकिन्छ। यसका लागि थेरापीविज्ञसँग सल्लाह लिन सकिन्छ।
- उपचारका बाबजुद स्याँस्याँ वा घ्यारघ्यार हुने समस्या बारम्बार बल्झिन पनि सक्छ, त्यसैले सचेत रहनुपर्छ। कतिपय अवस्थामा बिरामीलाई आइसियूमा राखेर उपचार गर्नुपर्ने पनि हुन सक्छ।

रोकथाम

चिसोबाट बच्न बालबालिकालाई न्यायो लुगा लगाइदिनुपर्छ। तर, कोठा न्यानो बनाउँदा उचित भेन्टिलेसन पनि राख्नुपर्छ, अर्थात् कोठा गुम्स्याएर राख्नु भने हुँदैन।

गाउँघरमा न्यानो बनाउन आगो ताप्ने चलन छ। आगो बाल्दा कोठा बन्द राख्नुहुँदैन। धुवाँमा कार्बनमोनोअक्साइड हुने हुँदा शरीरमा प्रतिकूल असर पर्छ।

बालबालिकालाई धेरै बाक्लो लुगा लगाइदिएर गुम्स्याउनुहुँदैन। भित्रभित्रै तातो भएर पसिना आउँछ र त्यसैको चिसोले अन्य समस्या निम्त्याउँछ।

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेड

का.म.न.पा. वडा नं ०४, विशालनगर, काठमाण्डौ
फोन नं. : ०१-४५३६३२५ फ्याक्स नं. : ०१-४५३३६१०
Email: khanikhola.hpcl@gmail.com

को

दशौं तथा एघारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१२

यस कम्पनीको मिति २०८०/०८/१० मा बसेको सञ्चालक समितिको छयासी औं बैठकले गरेको निर्णय अनुसार कम्पनीको दशौं तथा एघारौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ। वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८० पौष ०४ गते, बुधबार (20 December 2023, Wednesday)
स्थान : धुम्र बाराह पार्टी प्यालेस, धुम्बराहि।
समय : विहान ११:०० बजे देखि।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१) आ.व.२०७८/२०७९ तथा २०७९/०८० को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे।
२) आ.व.२०७८/२०७९ तथा २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब पारित गर्ने बारे।
३) आ.व.२०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे।

(ख) विशेष प्रस्तावहरु :

१) हाल कायम चुक्ता पूंजिको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा।
२) कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने बारे।
३) नियमावलीको नियम ७ मा हकप्रद शेयर सम्बन्धी व्यवस्था थप गर्ने बारे।

ग) विविध।

साधारण सभा सम्बन्धि सामान्य जानकारी

१. सर्वसाधारणको वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०८/२२ (तदनुसार २०२३/१२/०८) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरीने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०८/२१ (तदनुसार २०२३/१२/०७) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य रहनेछन्।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरीएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्षभित्र प्रवेश गर्न पाइने छैन।
३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहनेछ।
४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्राक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८०/०९/०२ गते विहान ११ बजे भित्र कम्पनीको केन्द्रिय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन।
७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ।
८. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क राख्न हुन समेत अनुरोध गरिन्छ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट : साधारण सभा सम्बन्धी सूचना र थप जानकारी यस कम्पनीको सूचना पाँटीमा समेत टाँस गरीने व्यहोरा जानकारी गराउँदै साधारण सभामा उपस्थित भई दिनु हुन पनि हार्दिक अनुरोध गर्दछु।

नबिल बैंक लिमिटेड, चन्द्रनगर शाखा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८०/०८/१२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय मलंगवा सर्लाहीमा, मिति २०६९/०५/१४ मा प्रा.फ.र.नं ४४८९/०६९/०७० अन्तर्गत दर्ता भएको **श्री राजदेवी कृषि ईन्जिनियरिङ्ग वर्क सप।**
ठेगानाः सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ३, सर्लाही।

ऋणी फर्मका प्रोप्राइटरको विवरण

राम चलित्र साहको नाति, उपेन्द्र साह तेलीको छोरा, सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ६, स्थायी घर भई हाल सर्लाही जिल्ला ईश्वरपुर न.पा वडा नं. ९,, बस्ने नागरिकता नं. १९३८४९०६८६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सर्लाही, मिति : बि.सं. २०५८/०९/०४ भएको **श्री वीर बहादुर साह तेली।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. सुरेन्द्र साहकी छोरी, उपेन्द्र साह तेलीकी बुहारी, वीर बहादुर साह तेलीकी श्रीमती, सर्लाही जिल्ला पर्सा गा.पा वडा नं. ६ स्थायी घर भई हाल सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ९, बस्ने नागरिकता नं. ७००५३३४३, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सर्लाही, मिति : बि.सं. २०५०/२/१० भएकी **श्रीमती शारदा कुमारी।**
२. राम प्रगास साहकी छोरी, राम चलित्र साहकी बुहारी, उपेन्द्र साह तेलीकी श्रीमती सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ६, स्थायी घर भई हाल सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ९, बस्ने नागरिकता नं. ३९७०ज.स२०४० , नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सर्लाही, मिति : बि.सं. २०४१/७/१३ भएकी **श्रीमती गंगावती तेलीन।**
३. सत्य नारायण साहकी छोरी, उपेन्द्र साह तेलीकी बुहारी, संजय कुमार साह तेलीकी श्रीमती, सर्लाही जिल ला ईश्वरपुर गा.वि.स वडा नं. ६, स्थायी घर भई हाल सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ९, बस्ने, नागरिकता नं. १९३०५६/३०१०, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सर्लाही, मिति : बि.सं. २०६३/१२/२७ भएकी **श्रीमती ममता कुमारी देबि।**
४. राम चलित्र साहको नाति, उपेन्द्र साह तेलीको छोरा, सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ६, स्थायी घर भई हाल सर्लाही जिल्ला ईश्वरपुर न.पा वडा नं. ९, बस्ने नागरिकता नं. ३८४९०७०७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सर्लाही, मिति : बि.सं. २०५८/९/२९ भएको **श्री संजय कुमार साह तेली।**
५. जगरुप साहको नाति, राम चलित्र साहको छोरा, सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ६, स्थायी घर भई हाल सर्लाही जिल्ला ईश्वरपुर न.पा वडा नं. ९, नागरिकता नं. ३८४९५२००, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: सर्लाही, मिति : बि.सं. २०५७/७/१४ भएको **श्री उपेन्द्र साह तेली।**

धितोमा रहेको घर/जग्गाको विवरणः

सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ६, स्थायी घर भई हाल सर्लाही जिल्ला ईश्वरपुर गा.वि.स वडा नं. ९, बस्ने **श्रीमती गंगावती तेलीन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सर्लाही जिल्ला साविक ईश्वरपुर गा.वि.स वडा नं. ७, सिट नं. ७क मा अवस्थित कि.नं. ११९ क्षेत्रफल १-०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८०/०८/१२

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय जिमिरेभार, नवलपरासीबाट विभिन्न कर्जा शिर्षक अर्न्तगत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफुले उपभोग गरेको ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जाना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

१.कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा, अल्पकालीन कर्जा
ऋणीको नाम : चौधरी रेष्टुरेन्ट
रजिष्टर्ड ठेगाना : रामग्राम नगरपालीका वडा नं. ०५ नवलपरासी
रजिष्ट्रेशन नं. : ३०७/०७८/०७९ (प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प) नेपाल)
पान नं. : ६०२०६२१४३

प्रोप्राईटरको नाम र ठेगाना
नाम : आशा कुमारी चौधरी थारु
बाबु : काजी खौसिया थारु
बाजे : सोमाली थारु
ठेगाना : दाउन्नेदेवी-०५, नवलपरासी
हाल : बर्दघाट नगरपालीका वडा नं. १४, नवलपरासी
ना.प्र.नं. : १७०९७
जारी मिति : २०५१/०१/२०
जि.प्र.का. : नवलपरासी

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : जित नारायण चौधरी
बाबु : मान बहादुर चौधरी
बाजे : अर्जुन चौधरी
ठेगाना : मनरी- ०४, नवलपरासी
हाल : बर्दघाट नगरपालीका वडा नं. १४, नवलपरासी
ना.प्र.नं : १३२०९
जारी मिति : २०५०/०१/२
जि.प्र.का. : नवलपरासी

२. नाम : आकृति चौधरी
बाबु : जित नारायण चौधरी
बाजे : मान बहादुर चौधरी
ठेगाना : बर्दघाट -१४, नवलपरासी
हाल : बर्दघाट नगरपालीका वडा नं. १४, नवलपरासी
ना.प्र.नं : ३६-०६-७८-०२२१९
जारी मिति : २०७८/०८/१९
जि.प्र.का. : नवलपरासी

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नामः आशा कुमारी चौधरी थारु

जिल्ला	नवलपरासी
न.पा./गा.वि.स.	दाउन्नेदेवी
वडा नं/नक्सा सिट	५/ख
कि.नं.	२
क्षेत्रफल (वि.क.धु)	०-१-०-०
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

२.कर्जा शिर्षक : सिटिजन्स आवधिक कर्जा
ऋणीको नाम : भवानी ग्रिल उद्योग
रजिष्टर्ड ठेगाना : दाउन्नेदेवी ५ हाल बर्दघाट नगरपालीका वडा नं. १४ नवलपरासी
रजिष्ट्रेशन नं. : ६४१/१३८८ (प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी)
पान नं. : ६०९१५५६४८

प्रोप्राईटरको नाम र ठेगाना
नाम : भुपलाल विश्वकर्मा
बाबु : प्रबानन्द विश्वकर्मा
बाजे : गुरुदत्त विश्वकर्मा
ठेगाना : बर्दघाट -१४ नवलपरासी
हाल : बर्दघाट नगरपालीका वडा नं. १४ नवलपरासी
ना.प्र.नं : १६८६/०३४
जारी मिति : २०५३/१०/२२
जि.प्र.का. : नवलपरासी

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : कल्पना विश्वकर्मा
बाबु : कविराज विश्वकर्मा
पति : भुपलाल विश्वकर्मा
ससुरा : प्रबानन्द विश्वकर्मा
ठेगाना : कल्याणपुर -०३, चितवन
हाल : बर्दघाट नगरपालीका वडा नं. १४, नवलपरासी
ना.प्र.नं : ५०१०
जारी मिति : २०५३/१०/२३
जि.प्र.का. : चितवन

२. नाम : रोसन वि.क.
बाबु : भुपलाल विश्वकर्मा
बाजे : प्रबानन्द विश्वकर्मा
ठेगाना : दाउन्नेदेवी ०७, नवलपरासी
हाल : बर्दघाट न.पा १४, नवलपरासी
ना.प्र.नं : ३६१०५६१३७९
जारी मिति : २०६८/०२/०२
जि.प्र.का. : नवलपरासी

धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नामः कल्पना विश्वकर्मा

जिल्ला	नवलपरासी
न.पा./गा.वि.स.	दाउन्नेदेवी
वडा नं/नक्सा सिट	५/ख
कि.नं.	७१७
क्षेत्रफल (वि.क.धु)	०-२-०
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

कस्तो हुनुपर्छ कोप–२८ मा नेपालको उपस्थिति ?

आफूले खासै कार्बन उत्सर्जन नगरे पनि अन्य विकसित राष्ट्रले उत्सर्जन गरेको कार्बनका कारण नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहनु चिन्ताको विषय हो



● प्रदीप सिग्देल

अग्रलेख

सन् २०१७ मा नियुक्त भएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टिनियो गुटेरेस चारदिने नेपाल भ्रमणका क्रममा गत १२ कात्तिकमा नेपाल आए। सन् २००८ मा निवर्तमान महासचिव वान की मुनको नेपाल भ्रमणपश्चात् यो नै संयुक्त राष्ट्रसंघका विशिष्ट व्यक्तित्वको पहिलो नेपाल भ्रमण रह्यो। यसलाई अन्तर्राष्ट्रिय मिडियाले पनि समेत विशेष चासोका रूपमा हेरे। महासचिव गुटेरेस नेपाल भ्रमणमा आउनुमा दुईवटा विशेष कारण औंल्याउन सकिन्छ। एक सशस्त्र जनयुद्धको घाउका रूपमा रहेको संक्रमणकालीन न्यायको टुंगो लगाउनु र अर्को जलवायु परिवर्तनले नेपाली हिमशृंखला र जनजीवनलाई पारेको असरबारे बुझ्नु र छलफल गर्नु। नेपाल भ्रमणका क्रममा १४ कात्तिकमा महासचिव गुटेरेस अन्नपूर्ण बेसक्याम्प पुगे। उनले त्यहाँ जलवायु परिवर्तनले नेपालको हिमाली क्षेत्रमा मच्चाएको विनाशलीलालाई नजिकबाट अवलोकन गर्ने अवसर पाए। संक्रमणकालीन न्याय टुंग्याउने कुरा नेपाल र पीडित व्यक्तिको अधिकार तथा न्यायका निम्ति महत्त्वपूर्ण छ। तर, जलवायु परिवर्तनले नेपाल र यहाँका हिमाल, हिमनदी, हिमताल, नदीनाला, हावापानी, वनस्पति, जीवजन्तु, स्थानीय उत्पादन आदिमा पारेको असरबारे संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसको चासो पक्कै पनि अर्थपूर्ण छ।


जलावायु परिवर्तनले निकै प्रभावित राष्ट्रमा नेपाल अग्रपंक्तिमा पर्छ। नेपालका हिम शृंखलाहरू दिनानुदिन पग्लिँदै गइराखेका छन्। जलवायु परिवर्तनले हाम्रो समाज, अर्थव्यवस्था, पारिस्थितिक प्रणाली, मौसमी घटनामा परिवर्तन, जैविक विविधतामा ह्रास, जलस्रोत र ऊर्जामा असर एवं स्वास्थ्यमा जोखिम बढाइराखेको छ। नेपाल एउटा यस्तो राष्ट्र हो जसले निकै नगन्य मात्रामा मात्र कार्बन उत्सर्जन गर्छ। तर, आफूले खासै कार्बन उत्सर्जन नगरे पनि अन्य विकसित राष्ट्रले उत्सर्जन गरेको कार्बनका कारण नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहनु चिन्ताको विषय हो।

लामो समयसम्म तापमान र मौसमको स्वरूप परिवर्तन भई पृथ्वीमा आउने तापमान वृद्धिलाई जलवायु परिवर्तन भनिन्छ। हरितगृह ग्यास (कार्बनडाइअक्साइड र मिथेन आदि) ले पृथ्वीको सतहमा भएको तापक्रमलाई पृथ्वीबाहिर जानबाट रोक्छ। मानवीय क्रियाकलाप, जीवाश्म इन्धन (पेट्रोल, डिजेल आदि) को अत्यधिक उपभोग, वनविनाश इत्यादि कारणले पृथ्वीको तापक्रम वृद्धिमा योगदान पुऱ्याइरहेका छन्।

अझ विश्वको औसत तापक्रम वृद्धिभन्दा नेपालको ऋतुजन्य तापक्रम द्रुत गतिमा बढ्दो छ भनी हरियो वन कार्यक्रमले बताएको छ। र, यो प्रवृत्ति निरन्तर कायम रहिरहने सम्भावना पनि बढ्दो छ। हरियो वनको प्रतिवेदनअनुसार पृथ्वीको वार्षिक औसत तापक्रम सन् २००० लाई पूर्वाधार रेखा मान्दा सन् २०३० सम्म १.२ सेल्सियसका दरले, सन् २०५० सम्म १.७ सेल्सियस र सन् २१०० सम्म ३ डिग्री सेल्सियसका दरले बढ्ने अनुमान प्रक्षेपण गरेको छ।

जलवायु परिवर्तन नीति, २०६७ अनुसार नेपालको अधिकतम तापक्रम वृद्धि प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियस छ भने जलवायु परिवर्तन गर्नमा योगदान पुऱ्याउने कार्बन उत्सर्जन ०.०२५ प्रतिशत मात्र छ। विकसित र औद्योगिक राष्ट्रका कारण उल्लेख्य मात्रामा कार्बन उत्सर्जन हुने, तर त्यसको प्रतिकूल असरचाहिँ नेपालले बढीभन्दा बढी मात्रामा भोग्नुपरेको छ। तैपनि, जलवायुसम्बन्धी कतिपय अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाललाई उपस्थितिका लागि निम्तोसमेत नआउने अवस्था छ। यदि कुनै सम्मेलनमा निम्तो आइहालेमा पनि नेपालले दरिलो रूपमा आफ्नो भनाइ राखेर जलवायु परिवर्तनबाट आफ्नो देशले भोग्नुपरेका समस्याबारे विश्व समुदायको ध्यान खिच्न नसक्नु चिन्ताको विषय हो। औपचारिकताका लागि मात्र यस्ता विश्व मञ्चमा सहभागी हुनुको कुनै अर्थ हुँदैन। यसले नेपालको अन्तर्राष्ट्रिय सम्मेलनमा आफ्नो स्थान र उपस्थिति घटाइरहेको छ भने विगतको तुलनामा अन्तर्राष्ट्रिय जगत्मा आफ्नो वर्चस्व र साख गुमाउँदै गएको अवस्था छ।

मापलक्रोफ्ट (२०११) ले नेपाललाई जलवायु परिवर्तन संवेदनशीलता सूचकांकका आधारमा चौथो नम्बरमा राखेको छ। यस संवेदनशीलताले नेपालका भौगोलिक ग्रामीण क्षेत्रका समुदायलाई



> कोप-२८ मा नेपालले आफ्नो सशक्त उपस्थिति जनाउँदै जलवायु परिवर्तनका कारण आफूले बेहोर्नुपरिरहेको क्षति र नोक्सानीसहित जलवायु वित्तसम्बन्धी बहस चलाएर अन्तर्राष्ट्रिय जगत्को ध्यान खिच्न सक्नुपर्छ

> विकासोन्मुख वा अति कम विकसित मुलुकमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सघाउन वित्तीय साधन एवं स्रोत उपलब्ध गराउन विकसित मुलुक मुखले प्रतिबद्ध हुनु, तर कामले खासै परिणाम नदिनु चिन्ताको विषय हो

अझ बढी कठिनाइतर्फ धकेल्ने निश्चित छ। जलवायु परिवर्तनको वर्तमान दिशालाई मनन गर्दा नेपालमा जलवायु परिवर्तनको अवस्था र त्यसको प्रभाव अझ विषम भई समुदायमा त्यसको असर झन्ने बढ्ने देखिन्छ। तसर्थ, समुदाय र पारिस्थितिकीय प्रणालीलाई जलवायु परिवर्तनसँग अनुकूलन गर्नेतर्फ मद्दत गर्न तुरुन्त प्रयास थाल्नुपर्ने देखिन्छ।

नेपालले सन् १९९४ मा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिको पक्षराष्ट्र भएदेखि नै जलवायु परिवर्तन व्यवस्थापनसँग सम्बद्ध कार्य गर्दै आएको छ। राष्ट्रिय अनुकूलन योजनाका अनुसार ७७ जिल्लामध्ये नौ जिल्ला बाढीजस्ता प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका देखिन्छन्। हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलनमार्फत समुदायको संकट न्यूनीकरण तथा समुदायको समानुकूलन क्षमता अभिवृद्धिजस्ता कार्यलाई जलवायु परिवर्तनका लागि नेपालको राष्ट्रिय प्रतिबद्ध योगदानले बृहत् रूपमा समेटेको छ।

बिबिसीका अनुसार विश्वभरका सयभन्दा बढी अनुसन्धानकर्ता र नीति निर्माताको समूह 'लस एन्ड ड्यामेज कोलाबोरेसन'ले हालै जारी गरेको एक प्रतिवेदनअनुसार जलवायु-संवेदनशील अर्थतन्त्रमध्ये सबैभन्दा बढी प्रभावित ५५ राष्ट्रले सन् २००० देखि सन् २०२० सम्ममा पाँच खर्ब डलरभन्दा बढीको जलवायु-प्रेरित आर्थिक क्षति बेहोरेको जनाएको छ। र त्यो खर्च आगामी दशकमा थप पाँच खर्ब डलरले बढ्न सक्छ। कोप-२७ बाट मानव निर्मित जलवायु परिवर्तनका कारण हुने हानि-नोक्सानीलाई सम्बोधन गर्न नयाँ आर्थिक कोष स्थापना भएको छ। जलवायु परिवर्तनका कारण बाढी, खडेरी, आँधी, पहिरो र जंगली डढेलोजस्ता प्रकोप बारम्बार र तीव्र रूपमा बढेका छन्। यस्ता प्रकोपबाट सबैभन्दा बढी प्रभावित देशले समस्यासँग जुझ्न वर्षौंदेखि आर्थिक सहयोगको अपिल गरिरहेका छन्। यससँगै 'क्षति र नोक्सानी' शीर्षकमा पनि बहस हुँदै आएको छ। जसबाट जलवायु वित्तकोष पनि खडा भएको छ।

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (युएनएफसिसिसी) का अनुसार विकासोन्मुख वा अति कम विकसित मुलुकमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणमा सघाउन वित्तीय साधन एवं स्रोत उपलब्ध गराउन विकसित मुलुक मुखले प्रतिबद्ध हुनु, तर कामले खासै परिणाम नदिनु चिन्ताको विषय हो। विकसित मुलुकहरू सन् २०२० देखि निजी तथा सरकारी क्षेत्रबाट जलवायु परिवर्तनको प्रभाव न्यून गर्ने कार्यमा खर्च गर्न कम विकसित मुलुकलाई प्रतिवर्ष थप सय अर्ब अमेरिकी डलर सहायता उपलब्ध गराउन सहमत भएका थिए। तर, विकसित मुलुकहरू प्रतिबद्धताअनुरूप बजेट उपलब्ध गराउन र कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न खासै इमानदार भएको देखिँदैन।

नेपालमा सय मिमिभन्दा बढी पानी पर्ने दिन बढ्दै गएको र जसबाट हिमतालहरू उच्च जोखिममा परेको तथ्यांक सार्वजनिक भएका छन्। साथै, अर्कातर्फ लामो खडेरी परेर हिउँ पग्लिँदै जाँदा हिमरेखा क्रमशः घट्दै गएको छ। पटकपटकको बेमौसमी वर्षाका कारण कृषि तथा खाद्य सुरक्षामा चुनौती थपिएको छ। यसले आर्थिक एवं मानवीय क्षति बढाइरहेको छ। सन् २०४५ सम्ममा कार्बन उत्सर्जन शून्यमा पुऱ्याउने हाम्रो राष्ट्रको लक्ष्य छ।

सो लक्ष्य हासिल गर्न यही नोभेम्बर ३० देखि १२ डिसेम्बरसम्म दुबईमा आयोजना हुने कोप-२८ मा नेपालले आफ्नो सशक्त उपस्थिति जनाउँदै जलवायु परिवर्तनका कारण आफूले बेहोर्नुपरिरहेको क्षति र नोक्सानीसहित जलवायु वित्तसम्बन्धी बहस चलाएर अन्तर्राष्ट्रिय जगत्को ध्यान खिच्न सक्नुपर्छ। साथै, सम्मेलनमा विश्व जगत्सामु आफ्नो यथार्थ अवस्थाबारे प्रस्ट धारणा राखी लाभ लिन सक्नुपर्छ।

यससँगै आगामी कोप-२८ मा जलवायु परिवर्तनमा आफ्नो भूमिका र विश्व समुदायका कारण आफ्नो देशले भोग्नुपरेका चुनौती प्रस्तुत गर्दै त्यसबाट भइरहेको हानि-नोक्सानीको क्षतिपूर्तिबारे विश्वसामु सवाल-जवाफ गर्न सक्नुपर्छ। कोप-२८ मा सहभागी हुन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड स्वयं नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गरी बुधबार दुबई प्रस्थान गर्दै हुनुहुन्छ। अहिलेलाई उहाँले सम्मेलनमा नेपाल र नेपालीका अपेक्षालाई खरो रूपमा प्रस्तुत गर्नुहुनेछ भन्ने अपेक्षा गरौं।

३ प्रश्न



राजनीतिक विश्लेषक **विजयकान्त कर्ण**लाई

सिके राउत जाजरकोट पुगु र रवि लामिछाने मधेश झर्नुको राजनीतिक अर्थ के हो ?

त्यस्तो खास अर्थ छ जस्तो लाग्दैन। यसअघि सबैजसो दलका नेताहरू 'डिजास्टर्स टुरिजम'मा गइसकेका थिए। सिके राउतजी जानुभएको थिएन। त्यसैले, उहाँ अहिले जानुभएको हो। उहाँको उपस्थितिले त्यहाँका भूकम्पपीडितको अवस्थामा खासै प्रभाव पार्लाजस्तो लाग्दैन। रवि लामिछानेजी पहिलेदेखि नै मधेशमा केन्द्रित हुनुहुन्छ। मधेशबाट 'प्रोमिनेन्ट' युवा नेता कोही पनि उहाँको पार्टीमा गएको छैन। उहाँ मधेशमा संगठन विस्तारको संकटमा हुनुहुन्छ। त्यसैले, उहाँ अहिले त्यहाँ बढ्ता केन्द्रित हुनुभएको हो। उहाँहरू यतिखेर 'पोलिसी' निर्माणका लागि गम्भीर छलफलमा हुनुहुन्छ। त्यसैले, पनि उहाँ मधेशमा केन्द्रित हुनुभएको हुनुपर्छ।

यसले पहाड र मधेशको राजनीतिक साइनोलाई जोड्ने सम्भावना कति हुन्छ ?

पटक्कै हुँदैन। नेताहरू जनतामाझ जानु राम्रो हो। तर, जनताका भावना र जनजीविकाका सवाल कार्यान्वयनमा ठूलो खाडल छ। शासक र शासितको भावना प्रबल रहुन्जेल नेताहरू जहाँ-जहाँ पुगे पनि त्यसको कुनै अर्थ हुँदैन। नेतृत्वको सोचमा परिवर्तन आएको छैन। जनजीविकाको सवालमा चिन्ता छैन। अनि, नेताहरू पहाड या मधेशमा पुग्दैमा के फरक पर्छ र ?

ठूला दलहरू अलमलिइरहेको समयमा साना दलहरू 'मिसन ८४' अभियानमा लाग्नुले के संकेत गर्छ ?

पुराना दलहरूको आ-आफ्ना संगठन छन्। तर, नयाँ दलहरूको संगठन छैन। त्यसैले, उनीहरू संगठन विस्तारमा लागिरहेका हुन्। तर, उनीहरूको सक्रियकताले पुराना दलहरूलाई च्यालेन्ज भने भइरहेको छ। उनीहरूका सदस्य घट्दै छन्।

प्रेरक प्रसंग

दुई शिर भएको पक्षी

उहिल्यै जंगलमा भारुन्ड नामको एउटा विचित्र किसिमको पक्षी बस्थ्यो। उसको शरीर एउटै थियो भने शिरचाहिँ दुई थिए। दुवै शिरको स्वभाव अलग-अलग थियो, किनकि उनीहरूको मस्तिष्क दुइटा थिए। यसैका कारण यी दुई शिरबीच पटक्कै मेल थिएन। दुवै शिर आपसमा झगडा गरिरहन्थे।

एक दिन आहारा खोज्दै जाने क्रममा एउटा शिरले जमिनमा अनौठो फल देख्यो। यसो ठुँगेर चाख्दा त्यो फल निकै स्वादिष्ट लाग्यो। ऊ निकै खुसी भयो। जिब्रो फड्कारी-फड्कारी स्वादको बखान गर्न थाल्यो। बखान सुनेर दोस्रो शिरले पनि फल चाख्न चाह्यो, तर पहिलो शिरले छुनसमेत दिएन। उसले दुवैको शरीर एउटै भएकाले आफूले खाए पनि एकै ठाउँमा पुग्ने भन्दै दोस्रो शिरलाई त्यसको स्वाद लिनै दिएन। आफूले मात्र जिब्रो फड्कारी-फड्कारी फलको स्वाद लियो। यस घटनापछि दोस्रो शिरले जसरी भए पनि पहिलो शिरसित बदला लिएरै छाड्ने अठोट गऱ्यो। एक दिन आहारा खोज्दै जाने क्रममा दोस्रो शिरले आफूले खोजेजस्तै विशेष फल देख्यो र हत्तपत्त त्यसलाई खान तयार भयो। यो सब देखेपछि पहिलो शिरले उसलाई रोक्दै भन्यो- यो फल निकै विषालु छ। यसको सेवनबाट हाम्रो ज्यानसमेत जान सक्छ। दोस्रो शिरले भन्यो- चुप लाग्, उस दिन आफूले देखेको फल आफूले मात्र खाएको तैंले बिर्सिस् ? म जेसुकै खाऊँ, तँलाई के चासो ? पहिले शिरले उसलाई सम्झाउँदै भन्यो- यो फल खाँदा हामी दुवै मर्छौं। पहिलो शिरको चेतावनीपछि पनि दोस्रो शिरले चर्को स्वरमा जवाफ दियो- ए, तैंले फल खाँदा स्वादिलो, मुखै रसाउने हुने, मैले खाँदाचाहिँ तँ मर्छस् कि भन्ने चिन्ता मैले नै गरिदिनुपर्ने ? तँ चुप लाग्, म फल खाएरै छाड्छु। दोस्रो शिरले फटाफट त्यो विषालु फल डुँगीडुँगी खायो। एकैछिनमा विषको प्रभावले छट्पटिँदै दुवैको ज्यान गयो।



अर्काको ईर्ष्या गर्दागर्दै कतै हामी पनि भारुन्ड पक्षी त बनिरहेका छैनौं ? एकपटक सोचौं।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सिके राउतले ठीक गरे

'मधेश झरे रवि, पहाड उक्लिए सिके' शीर्षकको समाचार पढ्दा खुसी लाग्यो। रवि र सिकेको यस कार्यले देशमा मधेश र पहाडबीच रहेको भावनात्मक दूरी थप छोट्याउन मद्दत पुग्ने अनुमान गर्न सकिन्छ। खासगरी पहाडमा रहेका दल र तिनका नेताहरू मधेस झर्नु अनौठो होइन। किनकि उनीहरूले मधेसलाई नै आफ्नो भोट बैंक बनाउँदै आएका छन्। तर, मधेसकेन्द्रित दलहरू भने हत्तपत्त पहाडतिर उक्लिँदैनन्। त्यसैले, यतिखेर सिके राउत भूकम्पबाट प्रभावित जाजरकोटतिर उक्लिनुको विशेष अर्थ छ। यसले समग्र राजनीतिमै पनि विशेष अर्थबोध गराउन सक्छ। त्यसैले, सिके राउतले जे गरे, ठीक गरे।

● **विन्दा साह**, धनुषाधाम, जनकपुर

उचित प्रविधिको प्रयोग

काठमाडौं महानगरपालिकाले काठमाडौं जिल्ला अदालत रहेको स्थाननजिकको बबरमहल सडकमा बाटो पार गर्नका लागि नयाँ प्रविधि प्रयोग गरेको समाचार सुन्दा खुसी लाग्यो। अब सर्वसाधारण आफैंले सडक बत्तीको स्विच थिचेर सडक पार गर्न सक्ने अवस्था सिर्जना भएको रहेछ। यसबाट बबरमहलजस्तो व्यस्त सडकमा सडक पार गर्न लामो प्रतीक्षा गर्नुपर्ने सर्वसाधारणले राहत पाउने भएकाले यसको प्रयोग गरेर महानगरले ठीक गऱ्यो।

● **सुनिता कपाली**
बुद्धनगर, काठमाडौं

पठनपाठनको विकल्प खोजौं

भूकम्पबाट प्रभावित जाजरकोट र रुकुमका विद्यालय भवन पनि भत्केका हुनाले यतिखेर त्यहाँका बालबालिका निकै संकटमा छन्। तिनले परिवारका आफन्त गुमाएका छन्। कतिले साथी गुमाएका छन्। अधिकांशले आफ्नो आवास गुमाएका छन्। त्यति मात्र नभई तिनले विद्यालय भवन पनि गुमाएका छन्। यस्तोमा तिनलाई पालभित्र खाँदेर शिक्षा दिलाउन सकिन्न र हुँदैन पनि। त्यसैले, त्यहाँ पठनपाठनको विकल्प खोजौं।

● **भावना पाठक**
वीरेन्द्रनगर- ७, सुर्खेत

जनतामा आशा जगाऊ

आमनेपाली शान्तिप्रिय छन्। उनीहरू दंगा-फसाद या झडप चाहँदैनन्। अहिले पनि दलहरूले जनताको अवस्था परिवर्तन हुन्छ भन्नेमा आश्वस्त पार्न सके उनीहरू व्यवस्था परिवर्तनमा लाग्दैनन्। ९५ प्रतिशत जनताले व्यवस्था परिवर्तन खोजेका छैनन्। तैपनि, उनीहरू निराश र पुराना दलप्रति केही आक्रोशित भने भएका छन्। त्यही आक्रोशको आगोमा पूर्वराजा ज्ञानेन्द्र र दुर्गा प्रसाईंहरूले स्वार्थपूर्तिको रोटी सेक्न खोज्दै छन्। दलहरूका शीर्ष नेताहरूको सोच, प्रवृत्ति र कामगराइमा सुधार नभएमा यहाँ जे पनि हुन सक्छ। पुराना दलहरूका शीर्ष नेताहरूले आफनो जनभावनाविरोधी छवि कायम राख्दा, सुधारको कुनै संकेत नदेखाउँदा जनता निराश भएका छन्। यो निराशा जता पनि पोखिन सक्छ। त्यस्तो अवस्था नआओस् भन्ने हो भने पुराना दलहरूले आफ्नो परम्परागत गलत काम र शैलीमा लगाम लाउनैपर्छ। शीर्ष नेताहरूले चाहेमा दुर्गा प्रसाईंको आन्दोलन मत्थर पार्न कठिन छैन। देउवा, ओली र प्रचण्डहरूले अबदेखि आफूहरू प्रधानमन्त्रीको म्युजिकल चेयरमा बस्दैनौं, युवालाई नेतृत्व दिन्छौं, भ्रष्ट नेताहरूको संरक्षण गर्दैनौं भनेर सार्वजनिक उद्घोष गरेमा यो आन्दोलन त्यत्तिकै सेलाउन सक्छ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

भूलसुधार

७ मंसिरको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित 'भक्तपुरको एक सामुदायिक मावि : जसले आफ्ना विद्यार्थी दिएर छिमेकी विद्यालय बचाइरहेको छ' शीर्षक समाचारमा भीम आदर्श आधारभूत विद्यालयसँग सम्बन्धित विवरणमा ०७४ मा जम्मा ८४ जना विद्यार्थी संख्या भएको, त्यसमध्ये बागिश्वरी माविबाट आएका १० जना विद्यार्थी र १० जना शिक्षक-कर्मचारी संख्या हुनुपर्नेमा अन्यथा भएकामा सच्याइएको छ।

- सम्पादक

कोप-२८ लाई यसरी सार्थक बनाऊँ

तेल निर्यातबाट हुने आम्दानी र विद्युत्मा बढ्दो लागतका कारण दशौं लाख मानिस गरिबीको गर्तमा धकेलिँदै छन्



देश / विदेश

● गोर्डन ब्राउन

अबका केही दिनमा दुबईमा राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-२८) हुन गइरहेको छ। संयुक्त अरब इमिरेट्स (युएई) नेतृत्वको एक साहसी वित्तीय पहलले मात्रै दक्षिणी गोलार्धलाई आवश्यक कोष एवं समर्थन प्रदान गर्न सक्छ भन्ने तथ्य थप स्पष्ट हुँदै गएको छ। अघिल्लो गर्मीको विनाशकारी खडेरी, बाढी र डढेलोका बाबजुद तत्कालै पहलकदमी चाल्नुपर्ने आवश्यकतालाई जोड दिँदै क्षतिको हिसाब गर्ने लस एन्ड ड्यामेज फन्डबारे भएको सम्मेलनपूर्वको वार्ताले खासै प्रगति गरेको थिएन। स्मरण रहोस्, फन्डले जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न विश्वका सबैभन्दा गरिब मुलुकलाई सहयोग गर्ने लक्ष्य राखेको छ। फन्ड अर्थात् कोषलाई चार वर्षका लागि विश्व बैंकमा राख्ने निर्णय भएको थियो। यद्यपि, ऐतिहासिक उत्सर्जनकर्ताको दायित्वलाई लिएर कुनै सम्झौता भएको छैन र अहिलेसम्म रकम प्रवाह पनि भएको छैन।

कोप-२८ का अध्यक्षका रूपमा युएईका सुल्तान अल जाबेरले गतिरोध तोड्नुपर्छ र न्यूनीकरण एवं अनुकूलन पहलका लागि दक्षिणी गोलार्धलाई वार्षिक रूपमा आवश्यक १० खर्ब डलरको कमीलाई सम्बोधन गर्ने कोष योजना सिर्जना गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्नुपर्छ। युएईले जीवाश्म इन्धनबाट धनी भएका मुलुकलाई तिनको सन् २०२२ को तेल र ग्यास निर्यात राजस्वमा तीन प्रतिशत स्वेच्छिक कर लागू गर्न आग्रह गरेर जलवायु वित्तीय अन्तरलाई बन्द गर्न सक्छ। यसो गर्दा उसले करिब २५ अर्ब डलरबराबार लेभी उठाउन सक्छ। यस प्रकारले रकम उठ्दा आवश्यक प्रारम्भिक पुँजी प्रस्ताव गर्न सकिन्छ।

जाबेर पहलकदमीको आवश्यकतालाई स्विकार्छन्। यही जुनमा एक निजी संवादमा उनले निजी पुँजीका लागि राज्य जमानीको प्रयोग गर्दै एक समन्वित रणनीतिमा जोड दिएका थिए। सो रणनीति युएईको लगानी सम्बन्धित नवप्रवर्तनीय धारणासँग मिल्थ्यो। जाबेरले जलवायु पहलकदमीलाई प्रोत्साहन गर्न सबै पक्ष र सरोकारवालालाई एकजुट गर्न ठूलो मात्रामा राज्य-जमानी संयन्त्र प्रयोग गर्ने लक्ष्य राखेका छन्। यति भन्दै गर्दा कोप-२८ का अध्यक्ष र अबुधाबी नेसनल आयल कम्पनीका प्रमुख कार्यकारी अधिकृतसमेत रहेका जाबेरले आफूलाई उदाहरणीय बनाउँदै आफ्नो मुलुकलाई नेतृत्व प्रदान गर्न सक्छन्।



तस्बिर : ससा सर्भान/गेटी इमेजेस

तेल निर्यातबाट हुने आम्दानी र विद्युत्मा बढ्दो लागतका कारण दशौं लाख मानिस गरिबीको गर्तमा धकेलिँदा जलवायु क्षति कोषमा रकम अपरिहार्य ढंगले जम्मा हुनुपर्छ भन्ने देखिन्छ। सन् २०२२ मा ओपेक मुलुकको आम्दानी आठ खर्ब ८८ अर्ब डलर पुगेको छ जुन त्यसअघिको वर्षको तुलनामा दुई खर्ब ६६ अर्ब डलरले बढेको हो। युएई आफैंले सन् २०२१ मा आफ्नो आम्दानी ७६ अर्ब डलरबाट एक खर्ब १९ अर्ब डलर पुऱ्याएको थियो।

ऊर्जामा भएको मूल्यवृद्धि पश्चिम एसियाका जीवाश्म इन्धन अर्थतन्त्रका लागि फाइदाजनक भएको छ। सन् २०२२ मा कतारको ऊर्जा-निर्यात आम्दानी ८७ अर्ब डलरबाट एक खर्ब ३२ अर्ब डलरमा पुगेको थियो र कुवेतको आम्दानी ८७ अर्ब डलरबाट एक खर्ब ३२ अर्ब डलरमा पुगेको थियो। तसर्थ दुवै मुलुक दुई-दुई अर्ब डलर लेभी तिर्न सक्षम हुन्छन्। निर्यात आम्दानी ४८ अर्ब डलरबाट एक खर्ब ४० अर्ब डलरमा पुऱ्याएको नर्वेले सजिलैसँग पाँच अर्ब डलरको लेभी शुल्क वहन गर्न सक्छ। र, सबैभन्दा बढी योगदान साउदी अरबबाट आउनुपर्छ किनभने यो मुलुकले सन् २०२२ मा एक खर्ब २० अर्ब डलरको बढोत्तरीका साथ कीर्तिमानी तीन खर्ब ११ अर्ब डलर आम्दानी गरेको थियो। साउदी अरबबाट आउनुपर्ने नौ अर्ब डलर पनि यदि त्यहाँको फुटबल र फर्मुला वानमा गरिएको लगानीलाई हेर्ने हो भने निकै कम हो। जीवाश्म इन्धनबाट सिर्जना हुने ठूलो रकमले सबै विकसित देशलाई योगदान गर्न प्रोत्साहित गर्न सक्छ। न्यायिक भार वहन बाँडफाँटको सिद्धान्त स्पष्ट छ अर्थात् ऐतिहासिक रूपमा हरितगृह ग्यास उत्सर्जन गर्ने र उच्च प्रतिव्यक्ति आय भएकाले लागतको ठूलो हिस्सा वहन गर्नुपर्छ। २५ अर्ब डलरको लेभीको हिस्साले प्रत्यक्ष रूपमा लस एन्ड ड्यामेज फन्डमा लगानी गर्नुपर्छ र बाँकी पुँजी दक्षिणी गोलार्धलाई समर्थन गर्ने जलवायु-वित्तीय सुविधामा प्रयोग गरिनुपर्छ। यो पुँजीमा विश्वका ठूला उत्सर्जनकर्ताको बहु-अर्ब डलरको जमानत पनि थपिनुपर्छ। यो जमानत राख्ने जमानीलाई सघाउँदै बहुपक्षीय विकास बैंकले लगानी गरेर न्यून एवं मध्यम आय भएका मुलुकका लागि आवश्यक स्रोत चार गुणाले बढाउन सक्छन्।

जमानतको रणनीतिक प्रयोगलाई अन्तर्राष्ट्रिय निकायले अनुमोदन गरेको छ र हालैका जी-२०का तीनवटा प्रतिवेदनमा पनि यसमा जोड दिइएको छ। यी तीन प्रतिवेदनमध्येको अर्थशास्त्री एनके सिंह र पूर्व अमेरिकी अर्थमन्त्री लरेन्स एच समर्सको प्रतिवेदन महत्त्वपूर्ण छ। सिंह-समरको प्रस्तावमा विश्व बैंकको वार्षिक खर्चलाई तीन गुणा बनाई तीन सय ९० अर्ब डलर पुऱ्याउनुपर्छ भन्ने रहेको छ। त्यसैगरी बार्बाडोसका प्रधानमन्त्री मिया अमोर मोटलीले दक्षिणी गोलार्धमा एक खर्ब डलरको अन्तर्राष्ट्रिय कोषलाई निर्देशित गर्नुपर्ने प्रस्ताव अघि सारेका छन्। यी दुई प्रस्तावलाई स्वीकार गर्दा आवश्यक १० खर्ब डलरको कमीको पूर्ति गर्ने रकम परिचालन गर्न महत्त्वपूर्ण कदम हुनेछ जसले सबैभन्दा गरिब मुलुकमा जलवायु-उत्थानशील भविष्यमा संक्रमण र विकास लक्ष्य हासिल गर्न सघाउनेछ।

(बेलायतका पूर्वप्रधानमन्त्री ब्राउन राष्ट्रसंघको वैश्विक शिक्षाका विशेष दूत हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

किन बढ्दै छन् अवैध रूपमा अमेरिका प्रवेश गर्ने चिनियाँ ?

अमेरिकाले 'डिपोर्ट'का लागि अन्तिम आदेश दिएका १३ लाख आप्रवासीमध्ये करिब एक लाख चिनियाँ छन्



● एलिन सुलिवाना

(लेखक द न्युयोर्क टाइम्सकी सम्वाददाता हुन् ।)



गत वर्ष अमेरिका पुगेका अधिकांश चिनियाँ आप्रवासी मध्यमवर्गीय वयस्क थिए । तस्बिर : रोयटर्स

मेक्सिकोको सिमानातर्फबाट अमेरिका प्रवेश गर्ने आप्रवासीहरूमा नसोचेको देश अर्थात् चीनका नागरिकको संख्यामा भारी वृद्धि देखिएको छ । लामो दूरी र यात्राको कठिनाइको बाबजुद गत वर्ष २४ हजारभन्दा बढी चिनियाँ नागरिक मेक्सिकोबाट अमेरिका प्रवेश गर्ने प्रयास गर्दा अमेरिकी अध्यागमनको हिरासतमा परे । अमेरिकी सरकारी तथ्यांकअनुसार यो संख्या अघिल्लो १० वर्षको कुल संख्याभन्दा बढी हो । मेक्सिकोबाट अमेरिका प्रवेश गर्ने चिनियाहरू सामान्यतया पहिले जहाजमार्फत इक्वेडर ओर्लन्छन्, जहाँ चिनियाँहरूलाई भिसा आवश्यक पर्दैन । त्यसपछि, उनीहरू द्वन्द्वग्रस्त मध्य तथा दक्षिण अमेरिकी देश र विपन्न अफ्रिकी र एसियाली देशका हजारौँ आप्रवासीजस्तै कोलम्बिया र पानामाबीचको खतरनाक जंगल हुँदै अमेरिका पुऱ्याउने तस्करको साथ लाग्छन् ।

लामो यात्रापछि मेक्सिको-सीमा पार गरेर अमेरिका प्रवेश गरेपछि उनीहरू अध्यागमन अधिकारीकहाँ आत्मसमर्पण गर्छन् र शरणका लागि आवेदन दिन्छन् । अमेरिकाको अध्यागमन अदालतमा शरणको माग पेस गर्ने अन्य देशका मानिसहरूको तुलनामा चिनियाँ नागरिकहरू बढी सफल छन् । यही सफलताले नै अमेरिका पुगेका चिनियाँका परिचितहरूलाई उस्तै यात्राका लागि प्रेरित गर्छ । जसले अमेरिकामा बस्ने अनुमति पाउँदैनन तिनलाई चीनले सामान्यतया फिर्ता लिँदैन । चीनसहित विश्वका करिब एक दर्जन देश अमेरिकी अध्यागमनले फिर्ता गर्न खोजेका तिनका नागरिकलाई लिन मान्दैनन् । अमेरिकाले 'डिपोर्ट'का लागि अन्तिम आदेश दिएका १३ लाख आप्रवासीमध्ये करिब एक लाख चिनियाँ छन् ।

कोरोना महामारीको विस्तार नियन्त्रणका लागि चीनले अपनाएको कठोर नीति र सी जिनपिङको अधिनायकवादी रुझानपछि नागरिकको बाहिरिने संख्या बढेको छ । त्यसमाथि पछिल्लो चिनियाँ अर्थतन्त्रमा आएको सुस्तताका संकेतले आर्थिक अवसर कमजोर बन्न थालेका छन् । यसबाट निराश भएका चिनियाँ नागरिकहरू अमेरिकाका अतिरिक्त जापान, युरोप लाग्न थालेका छन् । उसो त समग्रमै अवैध रूपमा अमेरिका प्रवेश गर्न खोज्नेको संख्या बढेको छ । यस भेलमा चिनियाँ आप्रवासीहरू एक सानो अंश मात्र हुन् ।

गत वर्ष 'ड्यारियन ग्याप'बाट दुई लाख ४८ हजारले यात्रा गरेकोमा यो वर्ष अहिलेसम्म चार लाख ८१ हजार मानिसले जंगल पार गरिसकेका पानामाका अधिकारीले जानकारी दिए । यो भयानक जंगल हुँदै अमेरिका जाने प्रयास गर्ने अधिकांश आप्रवासीहरू भेनेजुएला, इक्वेडर र हाइटका नागरिक हुन्छन् । उनीहरू तिनको देशको कठोर आर्थिक अवस्था र द्वन्द्वबाट उम्केर सुन्दर भविष्यको आशामा अमेरिकातर्फ लाग्छन् ।

> कोरोना महामारीको विस्तार नियन्त्रणका लागि चीनले अपनाएको कठोर नीति र चीनका राष्ट्रपति सी जिनपिङको अधिनायकवादी कदमपछि अमेरिका छिर्ने चिनियाँको संख्या बढ्दो छ

मेक्सिकोतर्फबाट अमेरिका प्रवेश गर्ने आप्रवासीको विशाल संख्या अमेरिकी राजनीतिको प्रमुख मुद्दा नै बनिसकेको छ । राष्ट्रपति बाइडेनले आप्रवासीको प्रवाहलाई रोक्नका लागि भयंकर दबाबको सामना गर्नुपरेको छ ।

अवैध रूपमा अमेरिका जाने आप्रवासीको भिडमा तुलनात्मक सम्पन्न र सुरक्षित चिनियाँहरूको ठूलो संख्याले धेरैलाई आश्चर्यचकित बनाएको छ । पानामाको जंगल हुँदै अमेरिकातर्फ लाग्ने समुदायमा चिनियाँहरू अहिले चौथो ठूलो समूह बनेको पछिल्लो तथ्यांकले बताउँछ । अमेरिकी सरकारको तथ्यांकअनुसार यस आर्थिक वर्षमा २४,००० भन्दा बढी चिनियाँ अमेरिका-मेक्सिको सीमामा पक्राउ परेका छन् । जब कि पछिल्लो १० वर्षमा कुल १५,००० भन्दा कम चिनियाँ आप्रवासी मात्र अवैध रूपमा अमेरिकाको दक्षिणी सीमा पार गर्ने क्रममा पक्राउ परेका थिए ।

अवैध रूपमा अमेरिका प्रवेश गर्ने अधिकांश चिनियाँ मध्यमवर्गीय वयस्क हुने गरेको र उनीहरू इमिग्रेसन शाखाबाट रिहा भएपछि न्युयोर्कतर्फ लाग्ने गरेको देखिन्छ । न्युयोर्कमा पनि चिनियाँ नागरिकको गन्तव्य हुने गर्छः चिनियाँ आप्रवासीको पुस्तादेखिको अमेरिकी आश्रयस्थल, न्युयोर्कको क्विन्समा पर्ने फ्लसिङ । यसलाई चिनियाँ म्यानहट्टन पनि भन्ने गरिन्छ । यहाँ मन्डारिन वा क्यान्टोनिज बोल्नेको ठूलो संख्याले नवआगन्तुकलाई अंग्रेजी नबोली कामको अवसर र आफ्नोपनको भाव प्रदान गर्छ ।

दक्षिण अमेरिकी जंगलदेखि फ्लसिङ (क्विन)सम्मको चिनियाँ आप्रवासीको रुट विगतको भन्दा बिलकुल नयाँ हो । यसअघि सन् १९९० को दशकमा अवैध रूपमा अमेरिका आउने चिनियाँ आप्रवासीको संख्या उच्च देखिएको थियो । ९० को दशकमा अमेरिका आउने चिनियाँ आप्रवासीहरूले समुद्रीमार्ग प्रयोग गरेको देखिन्छ । तर, पनि त्यो समय पनि आप्रवासीको आगमन अहिलेजस्तो उच्च थिएन । अन्यथा प्रायसः अमेरिकाको शरणका लागि आउने अधिकांश चिनियाँहरू भिसा लिएर अमेरिका आउने र अमेरिकामै आएर शरणार्थीको निवेदन दिने गरेको देखिन्छ ।

आप्रवासीहरूले अमेरिकामा शरण खोज्न आवेदन दिएको ६ महिनापछि मात्र कानुनी रूपमा काम गर्ने अनुमति प्राप्त गर्न सक्छन् । पछिल्लो समय प्रवेश गरेका आप्रवासीहरूले तिनको मुद्दाको उतारचढावका क्रममा वर्षौं पर्खनुपर्ने देखिएको छ । माथि उल्लेख गरिएझैं सामान्यतया, चिनियाँ शरणार्थीहरूको मुद्दाले अरू देशका आप्रवासीले भन्दा बढी अध्यागमन अदालतमा सफलता पाउँछन् । सिराकज विश्वविद्यालयअन्तर्गतको 'ट्रान्जेक्सनल रेकर्ड्स एक्सेस क्लियरिङ हाउस'ले विश्लेषण गरेको तथ्यांकअनुसार सन् २००१ देखि २०२१ सम्म चिनियाँ आवेदकहरूमध्ये ६७ प्रतिशतले शरण अनुमति पाएका छन् ।

चिनियाँ आप्रवासीको हकमा 'डिपोर्ट' गर्न आदेश पाएकाहरूलाई पनि देश फर्काउन सकिएको छैन । चीन सरकारले फिर्ता नलिने आवस्थामा अमेरिकाको बसाइ लम्बिने र यसले अमेरिका आउन चाहनेलाई थप प्रोत्साहित गरेको विश्लेषकको ठम्याइ छ । तथापि, कामकाजी उमेरका चिनियाँ नागरिकको अमेरिका तथा अन्यत्र पलायनले चीनलाई लामो समय चुनौती प्रदान गर्नेछ । चीनको जनसंख्या ६० वर्षमा पहिलोपटक घटेको छ । मर्नेभन्दा जन्मनेको संख्या कम देखिन्छ । उता अहिले नै देशको अर्थतन्त्र ४० वर्षयताकै सुस्त दरमा वृद्धि हुन थालेको छ । न्यून जनसंख्या वृद्धि भएको समयमा नागरिक पलायनले श्रमशक्तिमा असर पुऱ्याउँछ ।

'डिपोर्ट' गरिएका नागरिकहरूलाई फिर्ता लिन नमान्ने अन्य देशलाई अमेरिकी सरकारले सहायता रकम रोकेर दबाब दिने गरेको छ । त्यस्तै, सन् २०१७ मा अमेरिकाले कम्बोडिया, इरिट्रिया, गिनी र सियरा लियोनलाई केही निश्चित भिसामा पहुँच प्रतिबन्धित गरेर दबाब दिएको थियो । तर, न्यून अमेरिकी सहायता पाउने चीनका लागि यी कदमले दबाब पर्दैन । केही वर्षदेखि अमेरिका-चीन उनीहरू बग्रिएको अन्य गम्भीर मुद्दा सल्टाउन केन्द्रित भएकाले आप्रवासीको मुद्दा प्राथमिकतामा पर्न सकेको छैन । गत हप्ता सान फ्रान्सिस्कोमा बाइडेन र सीबीच भएको शिखर सम्मेलनमा पनि अध्यागमनको मुद्दा नै उठेन । बरु, उनीहरूले फेन्टानिल, चीनमा अमेरिकी व्यापार लगानी र निर्यात नियन्त्रणलगायतका विषयमा छलफल भए । विगतमा, अमेरिकी कूटनीतिज्ञहरूले चिनियाँ सरकारलाई अमेरिकाले डिपोर्ट गरेका नागरिकलाई स्वदेश फिर्ता गर्न मनाउने प्रयास नगरेका होइनन् । 'तर, उनीहरू ती मानिस चिनियाँ हुन् भनेर स्वीकार गर्नै चाहँदैनन्,' यस मुद्दामा काम गरेका अमेरिकी विदेश मन्त्रालयका पूर्वसहायकसचिव मिसेल थोरेन बन्डले भनिन् । 'आफ्ना नागरिकको निगरानी गर्ने चीनजस्तो देशसँग आफ्ना प्रत्येक नागरिकको फोटो छैन भन्ने विश्वास गर्न गाह्रो हुन्छ,' बन्डले थपिन् ।


द न्युयोर्क टाइम्सबाट

शताब्दीको अन्त्यमा पृथ्वीको तापक्रम २.९ डिग्री सेल्सियससम्म बन्न सक्छ : राष्ट्रसंघ

न्युयोर्क/ विश्वका विभिन्न मुलुकले हरितगृह ग्यास कटौती गर्ने प्रतिबद्धताका बाबजुद पृथ्वीलाई मुख्य सीमाभन्दा धेरै तापक्रम वृद्धिको मार्गमा डोऱ्याएको संयुक्त राष्ट्रसंघले जनाएको छ । प्रतिबद्धतालाई इमान्दारिताका साथ कार्यान्वयन नगरे यो शताब्दीमा पृथ्वीको तापक्रम २.९ डिग्री सेल्सियससम्म बढ्ने राष्ट्रसंघले चेतावनी दिएको छ । दुबईमा महत्त्वपूर्ण कोप-२८ जलवायु वार्ताअघि संयुक्त राष्ट्र पर्यावरण कार्यक्रम (युएनइपी)को वार्षिक उत्सर्जन रिक्तता रिपोर्ट जारी गरिएको छ । अहिलेसम्म तापक्रम वृद्धि रोक्न गरिएका प्रयास असफलतातर्फ उन्मुख रहेको रिपोर्टमा उल्लेख गरेको छ ।

यो वर्ष मानव इतिहासकै सबैभन्दा तातो वर्ष हुने अपेक्षा गरिएको सन्दर्भमा युएनइपीले भनेको छ, 'विश्वले बिग्रिएको जलवायु रेकर्डको संख्या, गति र परिमाणमा चिन्ताजनक गति देखिइरहेको छ ।' कार्बन कटौती गर्ने देशको योजनाबारे ध्यानाकर्षण गर्दै युएनइपीले भनेको छ, 'पृथ्वी सन् २१०० सम्ममा २.५ डिग्री सेल्सियस र २.९ डिग्री सेल्सियसबीच विनाशकारी तापको मार्गमा छ । विद्यमान नीति र उत्सर्जन कटौती प्रयासका बाबजुद विश्वव्यापी तापक्रम वृद्धि तीन डिग्री सेल्सियसतर्फ धकेलिने सम्भावना बढेको छ ।'

इतिहासमा आज



सन् १९४३ : अमेरिका, बेलायत, सोभियत युनियनबीच इरानको राजधानी तेहरानस्थित सोभियत दूतावासमा तेहरान सम्मेलन सम्पन्न । सम्मेलनमा युरोप र एसियासँग चालिने कूटनीतिक कदमबारेमा छलफल भएको थियो ।

सन् १९५० : कोरियामा दुई लाख कम्युनिस्ट लडाकुको राष्ट्रसंघको फौजमाथि हमला ।

सन् १९६४ : अमेरिकी अन्तरिक्ष निकाय नासाले मंगलग्रहमा म्यारिनर ४ नामक यान पठायो । यो मंगलग्रहबाट तस्बिर खिचेर पृथ्वीमा पठाउने पहिलो यान हो ।

सन् १९७५ : पूर्वी टिमोर स्वतन्त्र । पूर्वी टिमोर लामो समयदेखि पोर्चुगलको अधीनमा थियो ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८०/०८/१२
प्रथम पटक प्रकाशित मितिः २०८०/०६/०८

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमका सवारी साधन जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्नलिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८०/०८/१८ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ ।

क्र.स.	सवारीको नाम	बनेको साल	दर्ता. नं.	सवारी रहेको स्थान
१.	Hyundai Creta	२०१५	बा १३ च ९४७३	केन्द्रिय कार्यालय, नारायणहिटी पथ, काठमाडौं

शर्तहरु :

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिन्छ ।
२. बोलपत्र साथ बोलपत्रदाताले जमानत बापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
३. बोलपत्रमा बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।
६. प्रस्तावित बोलपत्र मिति २०८०/०८/१९ गते बैंकको नारायणहिटी पथ केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ । सो दिन बैंकमा बिदा परेमा त्यसको लगत्तै बैंकको कार्यालय खुलेको दिन उपरोक्त समयमा प्राप्त बोलपत्रहरु खोलिने छ ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ ।

Citizens Bank

सामान्य सेवा विभाग
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः gsd@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznb ank.com, ०१-५९७००६८

www.ctznbank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय शुकपथ, बुटवलको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/०८/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय शुकपथ, बुटवलबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८० मंसिर १९ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय शुकपथ, बुटवलमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरणः

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति विभाग, कम्पनी रजिस्टारको कार्यालय काठमाण्डौ मा द.नं. २७२९९/०६० अन्तर्गत मिति २०६०/११/१४ मा दर्ता कायम भई रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा.वडा नं. ०६ स्थित **ह्वाईट रोज एकेडेमी प्रा.लि.** ।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. गोविन्द प्रसाद ज्ञवालीको नाति, दुर्गा प्रसाद शर्मा (ज्ञवाली)/पदमा देवी ज्ञवालीको छोरा, सविता मरासिनीको पति, बाँके जिल्ला, वागेश्वरी गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ बस्ने **विनोद प्रसाद ज्ञवाली** (ना.प्र.नं. १७५१४, जारी मिति २०४७/०२/२१, जिल्ला प्रशासन कार्यालय बाँके) ।
२. नेत्र नारायाण शर्मा/सावित्रा शर्माको नातिनी, केशव राज शर्मा/भिमकला शर्माको छोरी, भैरव प्रसाद लम्साल/डांसी कुमारी लम्सालको बुहारी, वसन्त राज लम्सालको पत्नी, स्याङ्जा जिल्ला, ओरप्ट गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा, वडा नं. ०९ बस्ने **संगीता देवी शर्मा** (ना.प्र.नं. १८५०७, जारी मिति २०५१/०४/०९, स्याङजा) ।
३. देवी दास मरासिनीको नातिनी, खगेश्वर शर्मा मरासिनी/गंगादेवी मरासिनीको छोरी, दुर्गा प्रसाद शर्मा (ज्ञवाली)/पदमा देवी ज्ञवालीको बुहारी, विनोद प्रसाद ज्ञवालीको पत्नी, रुपन्देही जिल्ला, बुटवल न.पा, वडा नं. ५ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ७ **सबिता मरासिनी** (ना.प्र.नं. ६४९, जारी मिति २०५२/१२/२२, रुपन्देही) ।
४. टोपनाथ लम्सालको नाति, भैरव प्रसाद लम्साल/डांसी कुमारी लम्सालको छोरा, संगीता देवी शर्माको पति, स्याङ्जा जिल्ला, चिन्लेवास गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ०९ बस्ने **वसन्त राज लम्साल** (ना.प्र.नं. १०९१६, जारी मिति २०४९/१२/१२, जिल्ला प्रशासन कार्यालय स्याङ्जा) ।

लिलाम हुने सम्पत्तिको विवरण

१. **ह्वाईट रोज एकेडेमी प्रा.लि.**को नाममा मालपोत कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला (साबिक बुटवल न.पा./गा.वि.स., वडा नं. ०६) हाल बुटवल उ.म.न.पा, वडा नं. ०४ स्थित कित्ता नं. ८४ र २२८ को क्षे.फ. क्रमशः ४६७.६० र ९९९.२०(व.मी) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापतहरु समेत ।

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औ दिन अर्थात मिति २०८० मंसिर १८ गते** भित्र बैंकको शाखा कार्यालय शुकपथ, बुटवल स्थित कर्जा विभागमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय शुकपथ, बुटवलबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औ दिन अर्थात मिति २०८० मंसिर १९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय शुकपथ, बुटवल स्थित कर्जा विभागमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिनेदिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालेसोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय शुकपथ, बुटवल स्थित कर्जा विभागमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० मंसिर १९ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय शुकपथ, बुटवल फोन नं. ०७१-५४१६०९

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दमक, झापाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०८/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछर्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछर्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	
मुकुन्दलाल साहको नाति, केदारनाथ साहको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने **निटल साह** (ना.प्र.नं. ९४७२१८४९, जारी मिति २०६३/०५/१७, जि.प्र.का. झापा) ।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. केदारनाथ साहको नाति, निटल साहको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं. ८ बस्ने **दिपक कुमार साह** (ना.प्र.नं. २७४५३, जारी मिति २०६३/०९/१३, जि.प्र.का. झापा) ।	२. केदारनाथ साहको नाति, निटल साहको छोरा, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ८ बस्ने **प्रसंजीत साह** (ना.प्र.नं. २७४५४, जारी मिति २०६३/०९/१३, जि.प्र.का. झापा) ।
३. केदार नाथ साहको बुहारी, निटल साहको पत्नी, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ बस्ने **प्रतिमा साह** (ना.प्र.नं. ०४२०४४/०९, जारी मिति २०६८/०८/१४, जि.प्र.का. झापा) ।	
धितोको विवरण	
केदार नाथ साहको बुहारी, निटल साहको पत्नी, झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थायी ठेगाना भई हाल झापा जिल्ला, दमक न.पा. वडा नं. ६ बस्ने प्रतिमा साह (ना.प्र.नं. ०४२०४४/०९, जारी मिति २०६८/०८/१४, जि.प्र.का. झापा) को नाममा दर्ता भई यस बैंकको पक्

सिटिजन्सका ग्राहकलाई हेरिटेज फ्लोरिङ कार्पेटमा छुट

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलका ग्राहकले हेरिटेज फ्लोरिङका कार्पेट खरिद गर्दा छुट पाउने भएका छन् । बैंकका ग्राहकलाई छुट दिने सम्बन्धमा बैंक र हेरिटेजबीच समझदारी भएको हो । समझदारीअनुसार सिटिजन्स बैंकका कार्डवाहकले हेरिटेज फ्लोरिङ कार्पेट इन्डस्ट्रिजमा १० प्रतिशतसम्मको छुट पाउने जनाइएको छ । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने बैंकले विश्वास व्यक्त गरेको छ ।

संखुवासभाको २२० केभी वसन्तपुर सबस्टेसन सञ्चालनमा

काठमाडौं/ कोशी करिडोर २२० किलोभोल्ट (केभी) प्रसारण लाइन आयोजनाअन्तर्गत शंखुवासभाको धर्मदेवी नगरपालिकामा निर्माण गरिएको वसन्तपुर सबस्टेसन सञ्चालनमा आएको छ । नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेको २२०/१३२/३३ केभी क्षमताको वसन्तपुर सबस्टेसन आइतबार चार्ज गरी सञ्चालनमा ल्याएको छ । आयोजनाअन्तर्गत नै सुनसरीको इनरुवा र शंखुवासभाको तुम्लिङटार तथा वानेश्वर २२० केभी सबस्टेसन गत वर्षको साउनबाटै सञ्चालित छन् । सबस्टेसनहरू निर्माणका लागि भारतीय कम्पनी एल एन्ड टीसँग २०७५ को असारमा दुई करोड ६१ लाख अमेरिकी डलरमा ठेक्का सम्झौता भयो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कोशी प्रदेशका ताप्लेजुङ, तेह्रथुम, शंखुवासभा र भोजपुर जिल्लामा निजी क्षेत्रले निर्माण गर्ने र गरिरहेका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न र वितरणका लागि मेरुदण्डका रूपमा पूर्वाधार तयार भएको बताए ।

'प्रसारण लाइन र सबस्टेसन तयार भयो, तर जलविद्युत् आयोजनाहरू निर्माण हुन नसक्दा २२० केभी लाइन कम क्षमतामा चलाउनैपर्ने अवस्था छ,' उनले भने, 'कोशी प्रदेशका पहाडी जिल्लामा उत्पादित विद्युत् इनरुवा सबस्टेसनमार्फत मोरङ र सुनसरी जिल्ला आपूर्ति गरिने हुँदा त्यस क्षेत्रमा विद्युत् आपूर्तिका लागि उत्पादन स्रोत भएको छ, जसले गर्दा भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुनेछ ।'

वसन्तपुर सबस्टेसनमा तुम्लिङटार र ताप्लेजुङको ढुंगेसाँघु सबस्टेसनबाट विद्युत् आउनेछ । वसन्तपुरबाट सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकास्थित इनरुवा सबस्टेसनसम्मको २२० केभी डबल सर्किट टावर निर्माण गरी टावरको एकतर्फ मात्र तार तानेर लाइन सञ्चालनमा ल्याइएको छ । वसन्तपुरबाट वानेश्वर हुँदै तुम्लिङटारसम्म करिब ३० किलोमिटर २२० केभी डबल सर्किट प्रसारण लाइनको एउटा सर्किट निर्माण सम्पन्न भइसकेको छ । इनरुवा-वसन्तपुर-तुम्लिङटार प्रसारण लाइनको लम्बाइ एक सय पाँच किलोमिटर छ । डबल सर्किट टावर निर्माण गरिएको छ भने हाल सिंगल सर्किट तार मात्र तानी लाइन सञ्चालनमा ल्याइएको छ ।

नेपाल सरकारको लगानी र भारत सरकारको निर्यात आयात (एक्जिम) बैंकको सहुलियतपूर्ण ऋणमा कोशी करिडोर २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत तुम्लिङटार, वसन्तपुर र वानेश्वरमा सबस्टेसन र प्रसारण लाइनको निर्माण गरिएको हो ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-०७७७७
सुझावको लागि: FB टाईप गरी ३४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	१) नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १८९२२/०७७/०७८ स्थानीय व्यापार अन्तर्गत मिति २०७७/०४/०८ मा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६, मा स्थित **बुज स्टेशन लिवयर स्टोर्स** **प्रोप्राइटर तथा जमानीकर्ता : जिवन वहादुर पहारी** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर पहारी	**२) जिवन वहादुर पहारी** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर पहारी

धितोको विवरण

१) ठोप वहादुरकी बुहारी, देब वहादुर पहारीकी पत्नि, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बस्ने सीता पहारीको नाममा मालपोत कार्यालय कास्की, पोखराको लगातमा दर्ता कायम रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. ५९ को क्षेत्रफल २९०.६० (व.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) बुज स्टेशन लिक्वयर स्टोर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) देब वहादुर पहारी	२) सीता पहारी	३) सीतल पहारी
स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा न.प. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : तोप वहादुर बाजे : वाङ सीङ पहारी	स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ ससुरा : तोप वहादुर पति : देब वहादुर पहारी	स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर

४) सोबित बहादुर पहारी	५) कमल बहादुर पहारी
स्थायी ठेगाना: कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर	स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : देब वहादुर पहारी बाजे : तोप वहादुर

	ऋणीको विवरण	धितोको विवरण
२)	१) प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, दमौली, तनहुँमा प्रा.फ.न.घ.उ.वि. ८७३८/०७६/०७७, अन्तर्गत मिति २०७६/०८/०४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० स्थित **बैरेनी पशु तथा कृषि फर्म** **नविन श्रेष्ठ : प्रोप्राईटर तथा जमानीकर्ता** स्थायी ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ०५ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बाबु : जंगा बहादुर श्रेष्ठ बाजे : सिद्धिमान श्रेष्ठ	**२) नविन श्रेष्ठ** स्थायी ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ०५ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बाबु : जंगा बहादुर श्रेष्ठ बाजे : सिद्धिमान श्रेष्ठ

धितोको विवरण

१) राजमन श्रेष्ठको नाती, सिद्धिमान श्रेष्ठको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बस्ने जंगा बहादुर श्रेष्ठको नाममा मालपोत कार्यालय तनहुँको लगातमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. ८घ स्थित कित्ता नं. १०३७ को क्षेत्रफल १-७-२-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत ।
२) सिद्धिमान श्रेष्ठको नाती, जंगा बहादुर श्रेष्ठको छोरा, तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बस्ने नविन श्रेष्ठको नाममा मालपोत कार्यालय तनहुँको लगातमा दर्ता कायम रहेको तनहुँ जिल्ला, फराकचौर गा.वि.स वडा नं. ८ स्थित कित्ता नं. १०५२ र १०५६ को क्षेत्रफल क्रमशः १-६-२-० र ०-७-२-० (रोपनी)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत ।
३) बैरेनी पशु तथा कृषि फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) अनिता कार्की	२) जंगा बहादुर श्रेष्ठ	३) गोप कुमारी श्रेष्ठ
स्थायी ठेगाना : लमजुङ जिल्ला, भोर्लेटार गा.वि.स. वडा नं. ३ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बाबु : सोम बहादुर कार्की ससुरा : जंगा बहादुर श्रेष्ठ पति : नविन श्रेष्ठ	स्थायी ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० बाबु : सिद्धिमान श्रेष्ठ बाजे : राजमन श्रेष्ठ	स्थायी ठेगाना : तनहुँ जिल्ला, दमौली गा.वि.स. वडा नं. ५ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. १० ससुरा : सिद्धिमान श्रेष्ठ पति : जंगा बहादुर श्रेष्ठ

	ऋणीको विवरण	धितोको विवरण
३)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्रा.फ.नं. २६५/२०६७/०६८ अन्तर्गत मिति २०६७/१०/०९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १०, स्थित **रंग संसार डिजिटल आर्ट** **प्रोप्राईटर तथा जमानीकर्ता: लेखनाथ पौडेल** स्थायी ठेगाना : तनहुँ जिल्ला, दमौली गा.वि.स. वडा नं. ५ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ बाबु : ठाकुर प्रसाद पौडेल बाजे : तिर्थराज पौडेल	१) सवारी मोडल : TATA STROME LX च्यासिस नं. : MAT617034FNJ06313 ईन्जिन नं. : VARICOR06JUYJ12958 सवारी दर्ता नं. : बा. १४ च ९३२७ २) रंग संसार डिजिटल आर्ट को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) सुनिता सापकोटा	२) सन्देश पौडेल
स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ६ हालको ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ बाबु : खडानन्द सापकोटा ससुरा : ठाकुर प्रसाद पौडेल पति : लेखनाथ पौडेल	ठेगाना : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं. ५ बाबु : लेखनाथ पौडेल बाजे : ठाकुर प्रसाद पौडेल

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/०८/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

उपरोक्त सम्बन्धमा, तपसीलमा उल्लिखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसीलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिक्रि गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

नरायणगढ शाखा, चितवन

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १९९२२९/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/०५ मा दर्ता कायम भएको **आशिर्वाद प्रिन्टिङ्ग एण्ड प्याकेजिङ्ग प्रा.लि.** कम्पनी दर्ता ठेगाना : खैरहनी न.पा. - २, चैनपुर, चितवन स्थायी लेखा नं. ६०६५८८५१७, मिति २०७५/०६/०९ **संचालक तथा अध्यक्ष : राजेश कुँवर** **कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक तथा सवारी साधन कर्जा**	२. **बविता विष्ट** ना.प्र.नं. ५६३९३ जारी मिति २०६२/०८/०५ जि.प्र.का. लमजुङ बाबुको नाम : बाबुराम विष्ट पतिको नाम : राजेश कुँवर ससुराको नाम : झलक बहादुर कुंवर स्थायी ठेगाना : चिती - ३, लमजुङ **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

राजेश कुँवर	बविता विष्ट	झलक बहादुर कुंवर
ना.प्र.नं. ७३८/०३४, जारी मिति २०५६/१२/१४ जि.प्र.का. चितवन बाबुको नाम : झलक बहादुर कुंवर बाजेको नाम : दान बहादुर कुंवर स्थायी ठेगाना : फुलबारी - ५, चितवन	ना.प्र.नं. ५६३९३, जारी मिति २०६२/०८/०५ जि.प्र.का. लमजुङ बाबुको नाम : बाबुराम विष्ट पतिको नाम : राजेश कुँवर ससुराको नाम : झलक बहादुर कुंवर स्थायी ठेगाना : चिती - ३, लमजुङ	ना.प्र.नं. २३८ जारी मिति २०२९/१०/१३ जि.प्र.का. चितवन बाबुको नाम : दान बहादुर कुंवर बाजेको नाम : नर बहादुर कुंवर स्थायी ठेगाना : शिवनगर - ४, चितवन **(ऋणी बविता विष्टको लागि मात्र जमानत रहेको)**

त्रिभुवन चोक नेपालगंज शाखा, बाँके

ऋणीको विवरण		व्यक्तिगत जमानत दिनेको विवरण
१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय नेपालगंज, बाँकेमा प्रा.फ.र.नं. २८१३८/०७४/०७५ अन्तर्गत मिति २०७४/११/२९ मा दर्ता कायम भएको **के मार्ट** फर्म दर्ता ठेगाना : नेपालगंज - ३, बाँके स्थायी लेखा नं. ६०७६१११९३, मिति २०७४/११/३० **प्रोप्राइटर तथा जमानतकर्ता : मिरा केशरवाल** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	२. **मिरा केशरवाल** ना.प्र.नं. ६६१०१९/२९६५, जारी मिति २०६८/१२/१०, जि.प्र.का. बाँके बाबुको नाम : राजा राम पतिको नाम : रोशित कुमार वैश्य भन्ने विक्रम कुमार केशरवाल ससुराको नाम : बदलुराम वैश्य स्थायी ठेगाना : नेपालगंज - ४, बाँके **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**रोशित कुमार वैश्य भन्ने** **विक्रम कुमार केशरवाल** ना.प्र.नं. १७७८५ जारी मिति २०४७/०७/२७ जि.प्र.का. बाँके बाबुको नाम : बदलुराम वैश्य बाजेको नाम : राम आश्रे स्थायी ठेगाना : नेपालगंज - ४, बाँके

मिर्चैया शाखा, सिराहा

ऋणीको विवरण

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, लाहान, सिराहामा प्रा.फ.न.घ.उ.सि. ५४९९/०७०/०७१ अन्तर्गत मिति २०७०/०८/२४ मा दर्ता कायम भएको **रोशनी गृह सटर उद्योग**
फर्म दर्ता ठेगाना : रामनगर - ३, सिराहा
स्थायी लेखा नं. ६०१५०८३०९, मिति २०७०/०८/२४
प्रोप्राइटर : राम कुमार यादव
कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा

व्यक्तिगत जमानत दिनेको विवरण

राम कुमार यादव	सेलो यादव	राम मनोगर यादव
ना.प्र.नं. ७७४१३९५२, जारी मिति २०६२/०३/३० जि.प्र.का. सिराहा बाबुको नाम : राम मनोगर यादव बाजेको नाम : जितलाल यादव स्थायी ठेगाना : रामपुर विर्ता - ३, सिराहा	ना.प्र.नं. १/३९, जारी मिति २०४६/०१/१७, जि.प्र.का. सिराहा बाबुको नाम : शिवजी यादव पतिको नाम : राम मनोगर यादव ससुराको नाम : जितलाल यादव स्थायी ठेगाना : रामपुर विर्ता - ३, सिराहा	ना.प्र.नं. ७७४११८२४, जारी मिति २०३५/१२/२१ जि.प्र.का. सिराहा बाबुको नाम : जितलाल यादव बाजेको नाम : भुल्ला यादव स्थायी ठेगाना : रामपुर - ३, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
२. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान, सिराहामा प्रा.फ.न.घ.उ.सि. ५४७०/०७०/०७१ अन्तर्गत मिति २०७०/०७/१३ मा दर्ता कायम भएको **माँ जलपा देवी वर्कसप** फर्म दर्ता ठेगाना : फुलवरीया - ७ (हाल मिर्चैया न.पा. - ७) सिराहा स्थायी लेखा नं. ३०५४१४७५७, मिति २०७०/०७/१३ **प्रोप्राइटर : मुन्नी कुमारी ठाकुर** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**मुन्नी कुमारी ठाकुर** ना.प्र.नं.१५१०८८/१४० जारी मिति २०६५/०३/२०, जि.प्र.का. सिराहा बाबुको नाम : बद्रीनारायण शर्मा पतिको नाम : मनोज ठाकुर ससुराको नाम : रामलोचन ठाकुर स्थायी ठेगाना : बडहरामाल - ३, सिराहा हालको ठेगाना : मिर्चैया न.पा. - ७, सिराहा	**मनोज ठाकुर** ना.प्र.नं. १५१०८८/१२१ जारी मिति २०६५/०२/२९, जि.प्र.का. सिराहा बाबुको नाम : रामलोचन ठाकुर बाजेको नाम : दुखन ठाकुर स्थायी ठेगाना : बडहरामाल - ३, सिराहा हालको ठेगाना : मिर्चैया न.पा. - ७, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
३. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लाहान, सिराहामा प्रा.फ.र.नं. १७८२/०६७/०६८ अन्तर्गत मिति २०६८/०३/१९ मा दर्ता कायम भएको **लक्ष्मी साइकल स्टोर्स** फर्म दर्ता ठेगाना : रामनगर मिर्चैया - ४, सिराहा स्थायी लेखा नं. ३०३०६२५८१, मिति २०६५/०७/०१ **प्रोप्राइटर तथा जमानतकर्ता : ब्रहमदेव महतो** **कर्जा शिर्षक : आवधिक कर्जा**	**ब्रहमदेव महतो** ना.प्र.नं. २०५/१७५, जारी मिति २०४४/०५/११ जि.प्र.का. सिराहा बाबुको नाम : गंगा प्रसाद महतो बाजेको नाम : महाविर महतो स्थायी ठेगाना : लगडी गदियानी - १, सिराहा	**गीता देवी महतो** ना.प्र.नं. १५१०६६/१८६ जारी मिति २०६७/०२/२७, जि.प्र.का. सिराहा बाबुको नाम : रामवृक्ष महतो पतिको नाम : ब्रहमदेव महतो ससुराको नाम : गंगा प्रसाद महतो स्थायी ठेगाना : लगडी गदियानी - ७, सिराहा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
४. **मनोज कुमार महरा** ना.प्र.नं. ७७३८४०५९, जारी मिति २०५९/१०/२०, जि.प्र.का. सिराहा बाबुको नाम : पाना चमार बाजेको नाम : सिताराम स्थायी ठेगाना : रा.मिर्चैया - ९, सिराहा **कर्जा शिर्षक : आवधिक कर्जा**	**पाना चमार** ना.प्र.नं. ६६४, जारी मिति २०४३/०९/२४, जि.प्र.का. सिराहा बाबुको नाम : सिताराम बाजेको नाम : महगा चमार स्थायी ठेगाना : इटारी प्रसाही - ६, सिराहा

थरमारे शाखा, सल्यान

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय कर्णाली प्रदेश, सल्यानमा प्रा.फ.नं. २२१३/०७६/०७७ अ

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १२ मंसिर ०८०

६ महिना बित्दा पनि बाढी प्रभावित जलविद्युत् आयोजनाले पाएनन् राहत

२८ जलविद्युत् आयोजनामा नौ अर्बबराबरको क्षति पुगेको व्यवसायीको भनाइ

मिलन विश्वकर्मा / नयाँ पत्रिका

बाढीबाट प्रभावित जलविद्युत् आयोजनाहरूले ६ महिना बित्दा पनि राहत पाएका छैनन् । गत ३२ जेठको मध्यरातमा आएको बाढीले पूर्वी नेपालका संखुवासभा, ताप्लेजुङ, पाँचथर र भोजपुर जिल्लाका २८ जलविद्युत् आयोजनामा नौ अर्बबराबरको क्षति पुगेको थियो । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले प्रभावित आयोजनालाई पुनर्कर्जा, भन्सार छुट, विद्युत् उत्पादन गर्नुपर्ने मिति (आरसिओडी) थप गर्नुपर्नेलगायतका नीतिगत राहत तथा क्षतिपूर्ति दिन सरकारलाई माग गरेको थियो । तर, सरकारले यस विषयमा हालसम्म कुनै निर्णय गरेको छैन । फलस्वरूप प्रभावित आयोजनाको पुनर्निर्माण तथा पुनरुत्थानसमेत प्रभावित भएको छ ।

बाढीले १०८ मेगावाटका ११ वटा सञ्चालित र ३२० मेगावाटका १७ निर्माणाधीन आयोजना बगाएको थियो । बाढीले बगाएका २० जना श्रमिक अझै बेपत्ता छन् । साथै, प्रभावित आयोजनाको पुनर्निर्माणमा दुई महिनादेखि दुई वर्ष समय लाग्ने अनुमान छ ।

गत जेठमा नै इप्पानको नयाँ कार्यसमितिले प्रधानमन्त्री, मुख्यसचिव, सबैजसो राजनीतिक दल, अर्थ, ऊर्जा, वन, गृहलगायतका मन्त्रालय र विद्युत्सँग सम्बन्धित सबै विभाग र निकायका पीडित आयोजनालाई राहत र क्षतिपूर्तिका लागि आग्रह गरेको थियो । पटक-पटक ताकेता गर्दा पनि सरकारले निर्णय गर्न ढिलाइ गरेको इप्पानको भनाइ छ । सरकारका सबै निकायले आश्वासन दिए पनि निर्णय हुन नसकेको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए ।

बाढीका कारण निर्माणाधीन आयोजनाको निर्माण अवधि लम्बिएको छ । त्यस अवस्थामा इप्पानले आरसिओडीको मिति सार्नुपर्ने आवश्यकता औंल्याएको छ । इप्पानले आरसिओडी दुई महिना मात्रै बाँकी रहेको आयोजनाको मिति सार्न माग गरेको छ । यसैगरी, बाढीले बगाएका सञ्चालित आयोजनाको उत्पादन बन्द हुँदा आम्दानी गुमेको छ । त्यसले गर्दा बैंकको ब्याज तथा साँवा तिर्न चुनौती भएको छ । साथै, पुनर्निर्माणका लागि विदेशबाट विभिन्न सामग्री आयात गर्नुपरेको छ । यस्तो अवस्थामा पुनर्कर्जा, आरसिओडी मिति सार्नुपर्ने, भन्सारमा छुट दिनुपर्ने माग इप्पानले गरेको छ । तर, त्यसमा ढिलाइ हुँदा आयोजनालाई पुनरुत्थानमा चुनौती भएको अध्यक्ष कार्की बताउँछन् । 'निजी क्षेत्रले ऊर्जा क्षेत्रमा १३ खर्ब लगानी गरेको छ । साथै, दुई हजार मेगावाट विद्युत् उत्पादन गरेको, लोडसेडिङ अन्त्य गर्न महत्त्वपूर्ण भूमिका खेलेको र विद्युत् निर्यात गरेर व्यापार घाटा कम गर्न भूमिका खेल्नुका साथै अर्थतन्त्रमा समेत ठूलो योगदान दिएको छ,' उनले भने, 'तर, सोही क्षेत्रलाई सरकारले गरेको गैरजिम्मेवार व्यवहारका कारण धैर्यताको बाँध फुट्न लागेको छ ।'

अब पनि यसबारे उचित निर्णय नभए आन्दोलन गर्ने चेतावनी उनले दिए । 'बाढीका कारण धेरै आयोजनाको बाँध फुटायो, पावरहाउस बगायो । सरकारले क्षतिपूर्तिबापत पैसा नदिए पनि नीतिगत निर्णय गरेर राहत दिन सक्थ्यो,' उनले भने, 'तर, सरकारले ऊर्जा क्षेत्र भनेको केही पनि होइनजस्तो व्यवहार गरिरहेको छ । एउटा आरसिओडी थप गर्ने र भन्सार छुटका लागि सिफारिस गर्ने काम पनि सरकारले गरेन । के माग पूरा गराउन अब हामीले पनि सडक आन्दोलन नै गर्नुपर्ने हो ?'

यस्तै, इप्पान उपाध्यक्ष मोहनकुमार डाँगीले एउटा बैठकबाट गर्न सक्ने नीतिगत निर्णय पनि नगरेर सरकारले ऊर्जा उद्यमीको अपमान गरेको बताए ।



बाढीले क्षतिग्रस्त हेवा खोला 'ए' जलविद्युत् आयोजना

के भन्छ सरकार ?

ऊर्जा मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले ऊर्जा व्यवसायीकै कारण यसमा ढिलाइ भएको बताए । 'आयोजनाहरूले अझै पनि हामीले मागेको विवरण दिइसकेका छैनन् । त्यसले गर्दा यससम्बन्धी प्रतिवेदनलाई अन्तिम रूप दिन सकिएको छैन,' उनले भने, 'यद्यपि, यस विषयमा छिट्टै उचित निर्णय गर्ने तयारी गरिरहेका छौं ।' उनका अनुसार मन्त्रालयले अर्थ मन्त्रालयमार्फत राष्ट्र बैंकलाई पुनर्कर्जाको व्यवस्था गर्न अनुरोध गरिसकेको छ । त्यसबाहेकका नीतिगत निर्णय गर्ने तयारी पनि मन्त्रालयले गरिरहेको उनको भनाइ छ ।

■ बिमा दाबीमा पनि ढिलाइ

बिमा कम्पनीहरूले बाढीबाट प्रभावित भएका जलविद्युत् आयोजनाको दाबी भुक्तानीमा ढिलाइ गरेको ऊर्जा व्यवसायीको गुनासो छ । बिमा कम्पनीले सामान्य रूपमा पेस्की दिए पनि पूर्ण रूपमा दाबी भुक्तानी नदिएको अध्यक्ष कार्कीले बताए । 'बिमा दाबीबाट आउने पैसाले भए पनि पुनर्निर्माणमा काम गर्न सहज हुने थियो । तर, त्यसबापत पूर्ण रूपमा पैसा नआउँदा थप समस्या भएको छ,' उनले भने, 'यसतर्फ पनि सम्बन्धित निकायमा ध्यान जान आवश्यक छ ।'

यता नेपाल बिमक संघका अध्यक्ष चंकी क्षेत्रीले भने हाल यसबारे क्षतिको मूल्यांकन गर्ने काम भइरहेको बताए । 'बिमा दाबी भुक्तानी हचुवाका भरमा दिने होइन । राम्रोसँग क्षतिको निर्क्योल गरेर त्यहीअनुसार भुक्तानी दिने हो,' उनले भने, 'पहिला बर्खाका कारण क्षतिको मूल्यांकन गर्न सकिएन, फिल्डमै जान गाह्रो भयो । अहिले फिल्डमै गएर क्षति मूल्यांकन गर्ने काम भइरहेको छ । त्यसको अन्तिम प्रतिवेदन आएपछि भुक्तानी हुन्छ ।' यद्यपि, आयोजनालाई दाबी भुक्तानीको एड्भान्स दिइसकेको उनले बताए । साथै, १८ जना मृतकका परिवारलाई पनि आफ्नो कम्पनी (सगरमाथा लुम्बिनी इन्स्योरेन्स)बाट जनही १० लाख रुपैयाँका दरले दाबी दिएको बताए । उनी सगरमाथा लुम्बिनीका सिइओ पनि हुन् ।

हायर पर्चेज कर्जा दिने कम्पनीलाई कसिलो व्यवस्था

पुस मसान्तसम्म नाम फेर्नुपर्ने, हायर पर्चेज कम्पनीका प्रमुख कार्यकारी अधिकृतले स्नातक गरेको हुनुपर्ने

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले व्यापारिक वा निजी प्रयोजनका लागि बस, ट्रक, टिपर, ट्र्याक्टर, एक्जाभेटर, भारी उपकरणजस्ता सवारीसाधन खरिद गर्न कर्जा (हायर पर्चेज कर्जा) दिने कम्पनीलाई नियमन गर्न कसिलो व्यवस्था ल्याएको छ । केन्द्रीय बैंकले यस्तो कर्जा दिने कम्पनीको स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था संशोधन गरेको हो । मंगलबार सार्वजनिक गरिएको संशोधित व्यवस्थाअनुसार हायर पर्चेज कर्जा दिने नयाँ कम्पनीको नामको पछाडि स्पष्ट रूपमा हायर पर्चेज उल्लेख हुनुपर्नेछ । यसअघि अनुमति लिएका कम्पनीहरूले पुस मसान्तसम्म नाम फेर्नुपर्ने उल्लेख छ ।

केन्द्रीय बैंकबाट हायर पर्चेज कर्जा दिने कम्पनीको अनुमति लिने १० वटा कम्पनी छन् । ओम्नी प्रालि एमएडब्लू इनभेस्टमेन्ट प्रालि बतास इन्भेस्टमेन्ट कम्पनी प्रालि, स्याकार इन्भेस्टमेन्ट कम्पनी प्रालि, जगदम्बा क्रेडिट एन्ड इन्भेस्टमेन्ट लिमिटेड भेन्चर हायर पर्चेज प्रालि, मनोकामना हायर पर्चेज प्रालि र अग्नि हायर पर्चेज प्रालि सञ्चालनमा छन् । जसमध्ये हुलास फिन सर्भ लिमिटेड, एमएडब्लू इनभेस्टमेन्ट प्रालि बतास इन्भेस्टमेन्ट कम्पनी प्रालि, स्याकार इन्भेस्टमेन्ट कम्पनी प्रालि र जगदम्बा क्रेडिट एन्ड इन्भेस्टमेन्ट लिमिटेडले नाम फेर्नुपर्छ ।

■ २ प्रतिशत विन्दुभन्दा बढी पेनाल ब्याज लिन नपाइने

हायर पर्चेज कर्जा दिने कम्पनीले कुनै पनि ग्राहकलाई कर्जा दिँदा ब्याजबाहेक अन्य शुल्क तथा दस्तुर लिन नपाउने भएको छ । हायर पर्चेज कर्जामा ऋणको किस्ता तिर्दा ढिलाइ हुँदा लाग्ने पेनाल ब्याजदरमा समेत केन्द्रीय बैंकले अंकुश लगाएको छ । कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर २ प्रतिशत विन्दुभन्दा बढी नहुने गरी उल्लेख गर्नुपर्नेछ । पेनाल ब्याज गणना गर्दा म्याद नाघेको किस्ताको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकमभन्दा बढी लिन नपाइने उल्लेख छ । त्यस्तै, पेनाल ब्याजमा ब्याज लाग्ने गरी रकम असुलउपर गर्नसमेत नपाइने भनिएको छ । २५ लाखभन्दा बढी ऋण लिने ऋणीहरूले अनिवार्य रूपमा स्थायी लेखा नम्बर (प्यान) बुझाउनुपर्ने व्यवस्थामा उल्लेख छ ।

■ सञ्चालक र कार्यकारी प्रमुख बन्न कसिलो व्यवस्था

हायर पर्चेज कर्जा दिने कम्पनीको प्रमुख कार्यकारी अधिकृत बन्न स्नातक उत्तीर्ण हुनुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।

प्रहरी प्रतिवेदनमा आपराधिक पृष्ठभूमि देखिएको वा आपराधिक पृष्ठभूमि देखिएको भए सजाय भुक्तान गरेको पाँच वर्ष व्यतीत भइनसकेको व्यक्ति कम्पनीको सञ्चालक तथा कार्यकारी प्रमुख बन्न अयोग्य हुने उल्लेख छ । त्यस्तै, टाट पल्टेको वा भ्रष्टाचार वा बेइमानी वा जालसाजीको आरोपमा सजाय पाएको व्यक्ति पनि यस्तो पदमा योग्य नहुने भनिएको छ ।

कालोसूचीमा समावेश भएको वा त्यस्तो सूचीबाट फुकुवा भएको तीन वर्ष नपुगेको व्यक्तिलाई समेत कार्यकारी प्रमुख वा सञ्चालक बन्न नमिल्ने व्यवस्था गरिएको छ । आफ्नो पूर्वकारोबारमा यस बैंकबाट निलम्बन गरिएको वा यस बैंकबाट भएको अनुसन्धानमा शंकास्पद कारोबारमा संलग्न भनी किटान गरिएको वा त्यस्तो निलम्बनबाट फुकुवा भएको पाँच वर्ष नपुगेको वा त्यस्तो शंकास्पद कारोबारको संलग्नताबाट सफाइ नपाएको व्यक्तिलाई सञ्चालक तथा कार्यकारी प्रमुख बन्न नमिल्ने व्यवस्था केन्द्रीय बैंकले गरेको छ ।

■ मंगलबार राष्ट्र बैंक सञ्चालक समितिको बैठक बस्दै

नेपाल राष्ट्र बैंकले मंगलबार सञ्चालक समितिको बैठक बोलाएको छ । मौद्रिक नीतिको पहिलो त्रैमासको समीक्षाको चर्चा चलिरहेको समयमा केन्द्रीय बैंकले समितिको बैठक बोलाएको हो । तर, समितिको बैठकको एजेन्डामा भने मौद्रिक नीतिको समीक्षा समावेश नभएको सञ्चालक चिन्तामणि सिवाकोटीले जानकारी दिए । उनले भने, 'मंगलबार सञ्चालक समितिको बैठक बोलाइएको छ । तर, मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षाको एजेन्डा भने छैन ।' उनका अनुसार शुक्रबारसम्म मौद्रिक नीतिको समीक्षा हुने सम्भावना रहेको छ ।

आर्थिक अनुसन्धान विभागले मौद्रिक नीतिको समीक्षाको मस्यौदा गभर्नरसमक्ष पेस गरे पनि हालसम्म सार्वजनिक गर्ने विषयमा कुनै छलफल नभएको डेपुटी गभर्नर बमबहादुर मिश्रले जानकारी दिए ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

सामाजिक सुरक्षा कोषमा नौ लाखभन्दा बढी श्रमिक आबद्ध

योगदानकर्ताका सन्ततिले पनि स्वास्थ्य उपचार सुविधा पाउने

मुना कुँवर / नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहालले समाजिक सुरक्षा कोषले योगदानकर्ताका पारिवारलाई पनि स्वास्थ्य उपचार सेवा दिइने बताएका छन् । कोष स्थापनाको पाँचौं वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले यस्तो बताएका हुन् । उनका अनुसार आगामी केही दिनमा नै औपचारिक रूपमा नयाँ सुविधा घोषणा गरिनेछ ।

कोषले उपलब्ध गराउँदै आएको स्वास्थ्य उपचार सुविधाअन्तर्गत हालसम्म योगदानकर्ता र योगदानकर्ताको पति वा पत्नीले सुविधा पाउने व्यवस्था थियो । तर, अब भने १८ वर्ष नपुगेका सन्ततिले पनि यस्तो सुविधा पाउने व्यवस्था थियो । तर, अब भने १८ वर्ष नपुगेका सन्ततिले पनि यस्तो सुविधा पाउने उनले बताए । 'मैले विभागीय मन्त्रीमार्फत कोषबारे जानकारी लिँदै आएको छु । सुरुवाती चरणमा कोषमा सूचीकृत योगदानकर्ताले मात्रै स्वास्थ्योपचारलगायत अन्य सुविधा पाउने व्यवस्था थियो । त्यसमा सुविधाहरू थप गर्दै योगदानकर्ताका परिवारलाई नै स्वास्थ्य उपचार सुविधा दिने गरी गृहकार्य भइरहेको सुन्दा मलाई अत्यन्तै खुसी लागेको छ,' उनले भने । स्वास्थ्यमा सबैको सहज पहुँच पुऱ्याउन यो कार्यक्रम एक उत्कृष्ट नमुना कार्यक्रम उनले विश्वास व्यक्त गरे । समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले हालसम्म पाँच लाख श्रमिक कोषमा आबद्ध भइसकेको भन्दै विदेशमा रहेका नेपाली र अनौपचारिक क्षेत्रका श्रमिकलाई पनि समावेश हुन आग्रह गरे ।

'सबैलाई सामाजिक सुरक्षा' भन्ने राष्ट्रिय लक्ष्य हासिल गर्न आफ्नै निर्देशन र पहलमा वैदेशिक रोजगारीमा जाने श्रमिकको सामाजिक सुरक्षाको सुरुवात गरिएको बताउँदै उनले कार्यक्रमको कार्यान्वयनमा देखिएका चुनौती सामूहिक प्रयासबाट सम्बोधन हुने विश्वास राखेको बताए । 'गत चैत ८ गते मात्रै सुरुवात गरिएको उक्त कार्यक्रममा लाखौं श्रमिक सूचीकृत भइसकेको जानकारी पाउँदा थप उत्साहित छु । यस सन्दर्भमा सरल र सहज रूपमा सुविधा उपलब्ध गराउन कोषको व्यवस्थापकीय पक्षलाई सुदृढ तुल्याउनसमेत निर्देशित गर्दछु,' उनले भने ।

त्यस्तै, कार्यक्रममा कोषका कार्यकारी अधिकृत कविराज अधिकारीले भने कोषलाई अझै सुदृढ बनाउन नयाँ अनलाइन भुक्तानी तथा नयाँ स्वास्थ्य संस्थाहरू सम्झौता गरिने बताए ।

■ साढे १८ हजार रोजगारदाता आबद्ध

सामाजिक सुरक्षा कोषमा हालसम्म नौ लाखभन्दा बढी श्रमिक आबद्ध भएका छन् ।



कोषका अनुसार हालसम्म नौ लाख २८ हजार चार सय ५३ योगदानकर्ता कोषमा आबद्ध भएका छन् । जसमा औपचारिकतर्फ चार लाख ६१ हजार सात सय ९६ जना, वैदेशिक रोजगारीतर्फ चार लाख ६६ हजार ६ सय २२ जना, स्वरोजगारमा ३२ जना र अनौपचारिकतर्फ तीनजना श्रमिक आबद्ध भएका छन् ।

सरकारले ११ मंसिर ०७५ मा औपचारिक क्षेत्रका श्रमिकका लागि सामाजिक सुरक्षा कोष योजना सञ्चालनमा ल्याएको हो । त्यस्तै, वैदेशिक रोजगारीमा गएका श्रमिकका लागि भने ८ चैत ०७९ मा समाजिक सुरक्षालाई अनिवार्य गरिएको हो । साथै, गत साउनदेखि भने अनौपचारिक क्षेत्र तथा स्वरोजगार व्यक्तिलाई पनि सामाजिक सुरक्षा कोषमा समेट्न थालिएको हो । अनौपचारिक क्षेत्रको कार्यविधि कार्यान्वयका लागि सातवटा पालिकाले कोषसँग सम्झौता गरिसकेको छ । त्यस्तै, कोषमा हालसम्म १८ हजार चार सय ३९ रोजगारदाता आबद्ध भएका छन् ।

संख्यामा दृष्टिकोणमा कोषका अझै पनि धेरै रोजगारदाता र श्रमिक आबद्ध हुन बाँकी रहेको कोषका कार्यकारी अधिकृत अधिकारीले बताए । कोषलाई अनिवार्य गरिसक्दा पनि कोषका आबद्ध हुन आनाकानी गर्नु र सूचीकृत भइसकेको रोजगारदाताले योगदान रकम भुक्तानी नगर्नु कोषको मुख्य चुनौती भएको उनको भनाइ छ ।

■ ४४ अर्ब ८५ करोड संकलन

हालसम्म योगदानकर्ताबाट कोषमा ४४ अर्ब ८५ करोड संकलन भएको छ । तर, कोषले हालसम्म दाबीबापत ६ अर्ब ४५ करोड ६६ लाख ६८ हजार रुपैयाँ योगदानकर्ता र उनका परिवारलाई भुक्तानी गरिसकेको छ । कोषले सञ्चालन गरेको औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा एक लाख ४३ हजार दुई सय ४२ वटा दाबीबापत ७६ करोड २५ लाख ५९ हजार रुपैयाँ भुक्तानी गरेको छ । दुर्घटना तथा अशक्तता सुरक्षा योजनामा तीन हजार ६ सय ८५ वटा दाबीबापत आठ करोड ७७ लाख २९ हजार रुपैयाँ दाबी भुक्तानी गरेको छ । आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत चार सय १४ श्रमिकका परिवारलाई ११ करोड ३० हजार र वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत पाँच अर्ब ४९ करोड ६३ लाख ५० हजार रुपैयाँ भुक्तानी गरिएको कोषले जनाएको छ । कोषले सञ्चालन गर्ने स्वास्थ्य उपचार तथा मातृत्व सुरक्षा योजना र दुर्घटना योजनाअन्तर्गतका सुविधा यसै आर्थिक वर्षदेखि योगदानकर्ताले कोषको प्रणालीसँग आबद्ध स्वास्थ्य संस्थामार्फत सोझै नगदरहित रूपमा नै प्राप्त गर्ने व्यवस्था गरिएको छ । हाल कोषको सुविधा प्रदान गर्ने अस्पतालको संख्या ७० रहेकोमा यो संख्या क्रमशः बढाउँदै लाने कोषको नीति रहेको छ ।

■ योगदानकर्तालाई ७.५ प्रतिशत ब्याज भुक्तान

सामाजिक सुरक्षा कोषले योगदानकर्तालाई ७.५ प्रतिशत ब्याज प्रदान गर्ने भएको छ । कोषले चालू आर्थिक वर्ष ०८०/८१ का लागि योगदानकर्ताको योगदान रकममा वार्षिक ७.५ प्रतिशतका दरले ब्याजदर तोकेको हो । यसका अतिरिक्त योगदान रकममा प्रतिफलसमेत प्रदान गर्दै आएको छ । यस्तो प्रतिफल रकम गत ०७८/७९ मा ब्याजका अतिरिक्त योगदान रकमको १.२५ प्रतिशतका दरले सम्बन्धित खातामा जम्मा गरिएको कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले बताए । यसैगरी योगदानकर्तालाई कोषले धितोमा आधारित घर र शैक्षिक सापटीका लागि वार्षिक ९.२५ प्रतिशत र विशेष सापटीका लागि वार्षिक ८.६ प्रतिशत ब्यजदर कायम गरेको उनले बताए ।

योगदानकर्ता सापटीअन्तर्गत हालसम्म नौ हजार सात सय ६४ जना योगदानकर्ताले कुल एक अर्ब ७५ करोड ६० लाख सहुलियतपूर्ण ब्याजदरमा सापटी लिएको कार्यकारी अधिकृत अधिकारीले बताए ।

अलैंची बिक्रीबाट २४ करोड आम्दानी

लमजुङ / लमजुङका कृषकले यस वर्ष अलैंची दाना बिक्रीबाट २४ करोड आम्दानी गरेका छन् । जिल्लामा उत्पादित दुई सय ५१ मेट्रिकटन अलैंची दाना बिक्री गरेर किसानले सोबराबरको रकम आम्दानी गरेका हुन् । अघिल्लो वर्ष तीन सय ८० मेट्रिकटन अलैंची दाना बिक्रीबाट २० करोड रुपैयाँ आम्दानी भएको थियो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका अनुसार अलैंची बिक्रीबाट लमजुङमा २४ करोड रुपैयाँ भित्रिएको अलैंची जोन लमजुङका अध्यक्ष सोमबहादुर तामाङले बताए ।

उत्पादनका हिसाबले अलैंची दाना घटे पनि मूल्यवृद्धि हुँदा जिल्लाका किसानले हालसम्मकै बढी आम्दानी गरेको उनको भनाइ छ । उत्पादित अलैंची कृषकले यस वर्ष प्रतिकेजी एक हजार दुई सयदेखि एक हजार चार सय रुपैयाँसम्ममा बिक्री गरेका छन् । ०४१ सालदेखि अलैंची खेती विस्तार भएपछि यस वर्ष हालसम्मकै बढी अलैंची बिक्री भएको हो । जिल्लामा एक हजार पाँच सय हेक्टर क्षेत्रफलमा अलैंची खेती विस्तार गरिए पनि ६ सय हेक्टरमा उत्पादन हुँदै आएको छ । जिल्लाको मर्स्याङ्दी, दोर्दी, दूधपोखरी, क्व्होंलासोथर गाउँपालिका र बँसीसहर, राइनास, मध्यनेपाल नगरपालिकामा १५ हजारभन्दा बढी कृषकले व्यावसायिक अलैंची खेती गर्दै आएका छन् ।

जिल्लाको भुलभुले, बाँझाखेत, घनपोखरा, खुदी, गौंडा, इलमपोखरी, दूधपोखरी, बन्सार, ढोडेनी, फलेनी, ताघ्रिङ, कोल्की, पसगाउँलगायत गाउँका पाखामा व्यावसायिक रूपमा अलैंची खेती गर्रिंदै आएको छ । अलैंची उत्पादन हुने क्षेत्रलाई समेटेर अलैंची जोन कार्यक्षेत्र बनाएर विशेष कार्यक्रम सुरु गरिएको छ ।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय भैरहवा रुपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/१२ गते मंगलवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तरगत लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछर्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुदाँ यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछर्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणधनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछर्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति चल/अचल सम्पत्ती जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मूल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन देखि ४२औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/०९/२४ गते मंगलबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय भैरहवा रुपन्देहीमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण : **तपसिल**

ऋणी : अब्दुल रउफ खां पठान (ना.प्र.नः २१४८, जारी मिति २०३०/०१/२० जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला, पोखरभिन्डी गा.वि.स. वडा नं. २ बाबुः नसरुल्लाह पठान । बाजेः जिमिदार ।	**जमानतकर्ता : अब्दुल कय्युम खाँ** (ना.प्र.नः ६०११८ जारी मिति २०५८/०६/२८ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला, पोखरभिन्डी गा.वि.स. वडा नं. २। बाबुः अब्दुल रउफ खां पठान । बाजेः नसरुल्लाह पठान ।
जमानतकर्ता : आलाम आरा खातुन (ना.प्र.नः १/२१६ जारी मिति २०४३/०८/२३ जारी गर्ने कार्यालय जि.प्र.का. रुपन्देही) । ठेगाना : पोखरभिन्डी गा.वि.स. वडा नं. २, रुपन्देही । पतिः अब्दुल रउफ खां पठान । ससुराः नसरुल्लाह पठान ।	**जमानतकर्ता : अब्दुल कलाम खाँ** (ना.प्र.नः १७८०३ जारी मिति २०६१/०९/१३ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही) । ठेगाना : रुपन्देही जिल्ला, पोखरभिन्डी गा.वि.स. वडा नं. २ बाबुः अब्दुल रउफ खां पठान । बाजेः नसरुल्लाह पठान ।

ख.धितोका रहेको सम्पत्तिको विवरण :

१. अब्दुल रउफ खां पठानको नाममा मालपोत कार्यालय भैरहवामा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला पोखरभिण्डी नगर/गा.वि.स. वडा नं. २क, कि.नं. ७१९ को क्षेत्रफल ०-०-१४(बिगाह) र ऐ ऐ नगर/गा.वि.स. वडा नं. १ख स्थित कि.नं. ३२५ क्षेत्रफल ०-०-१५ (बिगाह) को घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.....१

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय** भैरहवाबाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय भैरहवा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

नेसनल लाइफ इन्स्योरेन्सले बाल अस्पताललाई ७५ लाख सहयोग गर्ने

नयाँ पत्रिका

नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले गैरनाफामूलक बाल अस्पताल निर्माण परियोजनाका लागि ७५ लाख रुपैयाँ सहयोग गर्ने भएको छ। काठमाडौंको बुढानीलकण्ठमा निर्माणाधीन दुई सय बेड क्षमताको अस्पताल निर्माणका लागि कम्पनीले तीन वर्षसम्म प्रतिवर्ष २५ लाख रुपैयाँका दरले सहयोग प्रदान गर्ने भएको हो।

सहयोगसम्बन्धी सम्झौतामा कम्पनीका कार्यकारी प्रमुख सुरेशप्रसाद खत्री र अस्पताल निर्माता संस्था काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थका संस्थापक अध्यक्ष प्रा.डा. भगवान कोइरालाले हस्ताक्षर गरेको जनाइएको छ। सम्झौतामा हस्ताक्षरसँगै कम्पनीका कार्यकारी प्रमुख खत्रीले पहिलो किस्ता रकम २५ लाख रुपैयाँको चेक पनि



संस्थालाई हस्तान्तरण गरेको नेसनल लाइफले जनाएको छ।

हस्ताक्षरपछि प्रा.डा. कोइरालाले नेपालका सबै बालबालिकाको स्वास्थ्यमा सहज र सर्वसुलभ पहुँच पुऱ्याउने उद्देश्यले परियोजना सञ्चालन गर्न लागिएको बताए। क्रमिक रूपमा देशका अन्य स्थानहरूमा समेत बाल स्वास्थ्य सेवा उपलब्ध गराउने योजना रहेको उनको भनाइ थियो।

त्यस्तै, कम्पनीका कार्यकारी प्रमुख खत्रीले कम्पनीले सामाजिक उत्तरदायित्व क्षेत्रमा क्रियाशील भई विगतदेखि नै शिक्षा, स्वास्थ्य, दैवीप्रकोप व्यवस्थापन एवं वातावरण संरक्षणजस्ता क्षेत्रहरूमा आर्थिक सहयोग उपलब्ध गराउँदै आएको संस्मरण गरे। काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थबाट निर्माणाधीन बाल अस्पतालको परियोजनामा योगदान पुऱ्याउन पाएकोमा खुसी व्यक्त गर्दै अस्पताल सञ्चालनपछि बालबालिकाले सहज रूपमा थप उत्कृष्ट स्वास्थ्य सेवा प्राप्त गर्नेमा विश्वस्त रहेको उनको भनाइ थियो।

घर निर्मातालाई शिवम् सिमेन्टले ल्यायो 'शिवम् सन्देश'

काठमाडौं/ घर निर्माण गर्ने सोच बनाएर बसेका व्यक्तिका लागि शिवम् सिमेन्टले 'शिवम् सन्देश' नामक अभियान लिएर आएको छ। कम्पनीले घर बनाउँदा कुनै गल्ती-कमजोरी नहोस् भन्ने ग्राहकको चाहनालाई बुझेर सही विशेषज्ञ र प्राविधिकको सल्लाहसहितको सन्देश अभियान ल्याएको हो।

'शिवम् सन्देश' गुणस्तरीय, सुरक्षित र जुगौं-जुग रहिरहने, टिक्ने घर निर्माणका लागि जनचेतनामूलक सन्देशहरूको संग्रह रहेको जनाइएको छ। यसमा घर निर्माणपूर्व निर्माणका योजना बनाउँदै गर्दा, घर बनाउँदै गर्दा र घर बनाइसकेपछि ध्यान दिनुपर्ने विभिन्न महत्त्वपूर्ण जानकारी समावेश गरिएको कम्पनीको भनाइ छ।



घर बनाउने जग्गाको छनोट गर्नेबारेमा सुझावदेखि गुणस्तरीय निर्माण सामग्रीको छनोट र भण्डारण कसरी गर्ने ? विभिन्न मौसममा घर बनाउँदा के-कस्ता कुरामा विचार पुऱ्याउने ? जस्ता थुप्रै उपयोगी जानकारी यसमा समेटिएको कम्पनीको भनाइ छ।

भूकम्प र बाढी-पहिरोजस्ता प्राकृतिक प्रकोप प्रतिरोधी घर निर्माण कसरी गर्ने ? इन्जिनियर र आर्किटेक्टजस्ता प्राविधिकको महत्त्व कति हुन्छ ? साथै घर बनाउँदा बजेटको व्यवस्थापन र वितरण कसरी गर्नेजस्ता जटिल लाग्ने प्रश्नहरूको सरल जनबोलीमा दिइएका सल्लाह र सुझाव 'शिवम् सन्देश'मा समेटिएको जनाइएको छ। त्यस्तै, साधारण लाग्ने, तर घर निर्माणको योजना बनाउन र घर निर्माणका क्रममा निकै उपयोगी हुन सक्ने महत्त्वपूर्ण जानकारी, सल्लाह र सुझाव पनि यसमा समेटिएको कम्पनीले जनाएको छ।

सन् २००३ मा हेटौंडामा स्थापित शिवम् सिमेन्ट उद्योगले स्थानीय गुणस्तरीय चुनढुंगाको प्रयोग गरी उच्च गुणस्तरीय शिवम् सिमेन्टको उत्पादन गर्दै आएको जनाएको छ। त्यसैले, कम्पनीले नेपाल गुणस्तर अवार्ड २०१९ बाट पुरस्कृत नेपालकै पहिलो सिमेन्ट कम्पनी भएको जनाइएको छ।

भूकम्पपीडितलाई नेपाल बैंकले दियो ५० लाख



काठमाडौं/ जाजरकोटका भूकम्पबाट प्रभावित समुदायलाई नेपाल बैंकले आर्थिक सहयोग उपलब्ध गराएको छ। बैंकले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट ५० लाख रुपैयाँ प्रधानमन्त्री दैवीप्रकोप सहायता कोषमा प्रदान गरेको हो।

बैंकको सञ्चालक समितिका अध्यक्ष डा. चन्द्रबहादुर अधिकारीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बालुवाटारमा ५० लाख रुपैयाँको चेक प्रधानमन्त्री पुष्पकमल दाहाललाई हस्तान्तरण गरेको जनाइएको छ। बैंकले भूकम्पपीडितका लागि आर्थिक सहयोग प्रदान गरेकोमा प्रधानमन्त्रीले धन्यवाद दिएको उल्लेख छ। कार्यक्रममा बैंकका अध्यक्ष डा. अधिकारीले बैंकले दैवी तथा प्राकृतिक प्रकोप, महामारीको रोकथाम तथा नियन्त्रणलगायत विभिन्न विपत्को समयमा आर्थिक सहयोग प्रदान गर्दै आएको र यसैको निरन्तरतास्वरूप जाजरकोटका भूकम्पपीडितलाई आर्थिक सहयोग प्रदान गरिएको बताए। आगामी दिनमा समेत बैंकको तर्फबाट यस प्रकारको सहयोग जारी रहने उनले प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा सञ्चालक समिति सदस्य विवेकशमशेर जबरा, कामु प्रमुख कार्यकारी अधिकृत समता पन्त, बैंकका कम्पनी सचिव केशवप्रसाद भण्डारी तथा वरिष्ठ प्रबन्धक विश्वराज भण्डारीको उपस्थिति रहेको बैंकले जनाएको छ।

महालक्ष्मी विकास बैंकले महालक्ष्मी स्वस्तिक बर्गैंचा मर्मत गर्ने



काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले ललितपुर महानगरपालिकाको महालक्ष्मीस्थानमा रहेको महालक्ष्मी मन्दिरमा अवस्थित महालक्ष्मी स्वस्तिक बर्गैंचाको मर्मत गरिदिने भएको छ। बर्गैंचा मर्मतसम्बन्धी समझदारीमा बैंक र महालक्ष्मीस्थान व्यवस्थापन समितिबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो।

महालक्ष्मीस्थान व्यवस्थापन समितिका अध्यक्ष पुरुषोत्तम ढुंगाना र बैंकको निक्षेप बजारीकरण तथा संस्थागत सम्पर्क विभागका प्रमुख वसन्त बक्सीले समझदारीपत्र आदान-प्रदान गरेको जनाइएको छ। महालक्ष्मी मन्दिरपरिसरको प्राकृतिक सौन्दर्यलाई अभिवृद्धि गर्नुका साथै मन्दिरमा दर्शन गर्न आउने दर्शनार्थीलाई स्वच्छ तथा शान्त वातावरणको अनुभूति प्राप्त गर्न मद्दत पुऱ्याउने उद्देश्यले बैंकले उक्त बर्गैंचा मर्मत गर्नका लागि समझदारी गरेको जनाएको छ। बैंकले ०७७ सालमा पनि बर्गैंचाको पुनर्निर्माण गर्नुका साथै निरन्तर मर्मत कार्य गर्दै आइरहेको जनाएको छ।

बैंकले इच्छुक दर्शनार्थीलाई मन्दिरमा डिजिटल दान-भेटी प्रदान गर्न सहजता पुऱ्याउने हेतुले क्युआर कोडको व्यवस्था पनि गरेको जनाएको छ।

सामाजिक सुरक्षा दिवसको अवसरमा सिप्रदी सम्मानित



काठमाडौं/ अटोमोटिभ र एलाइड व्यवसायमा संलग्न कम्पनी सिप्रदी ट्रेडिङ प्रालि छैटौं सामाजिक सुरक्षा दिवसको अवसरमा सम्मानित भएको छ। योगदानमा आधारित सामाजिक सुरक्षा कोषको सुरुवात भएको पाँच वर्ष पुगेको अवसरमा थोक तथा खुद्रा बिक्री क्षेत्रबाट सूचीकृत रोजगारदातामध्ये आव ०७९/८० मा योगदानकर्ताको संख्याका आधारमा उत्कृष्ट भएकाले सिप्रदी ट्रेडिङ सम्मानित भएको हो।

सम्मान कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालले कम्पनीका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठलाई सम्मानपत्र हस्तान्तरण गरेको जनाइएको छ। सिप्रदी ट्रेडिङ प्रालिले अटोमेटिभ, इनर्जी, लुब्रिकेन्ट, वित्तीय सेवाहरू तथा इक्युपमेन्ट व्यवसायको क्षेत्रमा द्रुतगतिमा अगाडि बढिरहेको कम्पनी भएको दाबी गरेको छ।

साथै, एक्साइड ब्याट्रिज, म्याक लुब्रिकेन्ट्स र मिसेलिन टायरलगायतको पनि वितरक रहेको कम्पनीको भनाइ छ।

बैतडीको पाटनमा ग्लोबल आइएमई

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले बैतडीको पाटन नगरपालिका वडा नं ६ मा रहेको पाटन बजारमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। पाटन नगरपालिकाका नगर प्रमुख गौरीसिंह रावतले एक समारोहबीच बैंकको पाटन शाखाको उद्घाटन गरेका हुन्।

नयाँ शाखाको सञ्चालनसँगै बैंकका शाखा कार्यालयको संख्या तीन सय ५१ पुगेको जनाइएको छ। ग्लोबल आइएमई देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक भएको दाबी गरिएको छ।

नयाँ शाखा सञ्चालनसँगै हाल बैंकले देशभरमा तीन सय ५१ शाखा, तीन सय ६९ एटिएम, दुई सय ७४ शाखारहित बैंकिङ, ६६ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टरका साथै तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा दिइरहेको जनाएको छ।

लोकसागर बचत तथा ऋण सहकारी संस्था लि.
LOKSAGAR SAVING AND CREDIT COOPERATIVE LTD.

कर्जा चुक्ता गर्ने बारे ३५(पैतिस) दिने अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/१२

तपसिलमा उल्लेखित ऋणीहरुले यस सहकारी संस्थाबाट प्राप्त गर्नु भएको ऋणको शर्त कबुलियत बमोजिम तिर्नु बुझाउनु पर्ने ऋणको साँवा, व्याज र अन्य दैदस्तुर नबुझाई तपाईसग भएको सम्झौताको शर्तहरु समेत उल्लघन गर्नु भएको र तपाईलाई ऋणको साँवा, व्याज र अन्य दैदस्तुर तिर्नको लागी पटक पटक मौखिक र पत्रबाट समेत तरताकेता गर्दा पनि सम्झौता बमोजिम ऋणको साँवा, व्याज र अन्य दैदस्तुर तिर्ने कुनै तदारुकता नदेखाउनु भएकोले यो सुचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र तपाई यस सहकारी संस्थालाई तिर्नु पर्ने सम्पूर्ण ऋणको, साँवा, व्याज एवं अन्य दैदस्तुर समेत चुक्ता गरिदिनु होला। ऋणीले ऋण चुक्ता नगरेमा तपाई धन जमानी कर्ताले शर्त बमोजिम ऋणीलाई सम्पूर्ण ऋण, साँवा, व्याज एवं अन्य दैदस्तुर समेत चुक्ता गर्न लगाउनु होला। माथि उल्लेखित समयावधी भित्र ऋणको सम्पूर्ण साँवा, व्याज एवं अन्य दैदस्तुर चूक्ता नगरेमा तपाईले यस सहकारी संस्थालाई ऋण सुरक्षण बापत धितो दिनु भएको तपसिलमा उल्लेखित जग्गा कानून बमोजिम लिलाम बिक्री गर्नुका साथै तपाई ऋणी र तपाईको व्यक्तिगत जमानी कर्तालाई कर्जा सुचना केन्द्रको कालो सूचिमा सूचिकृत गर्ने लगायत सहकारी संस्थाको ऋण असुल उपर गर्नको लागी ऋण असुली न्यायिकरण एवं अन्य अड्डा अदालत समेतको निकायमा कानून बमोजिम मुद्दा दायर गर्ने लगायतको कानूनी कारवाही गरिने व्यहोरा समेत यसै सुचनाबाट जानकारी गराईन्छ। यसका साथै यो ऋणको सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाबाट यो ऋणको सम्पूर्ण साँवा, व्याज एवं अन्य दैदस्तुर समेत चुक्ता नभएमा ऋणीको अन्य जायजेथाबाट असुल उपर गरिने छ। त्यतिले पनि सो रकम असुल उपर नभए धन जमानी कर्ताको जायजेथाबाट असुल उपर गरिने कुराको जानकारी गराइन्छ।

तपसिल

ऋणीहरुको विवरण

१.ऋणी
श्री रामनाथ कणेलको नाती, श्री भैरव प्रसाद कणेलको छोरा , श्री सीता त्रिपाठीको श्रीमान, काभ्रेपलान्चोक जिल्ला, पनौती वडा नं ७, स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं ७, बस्ने जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोक बाट ना.प्र.प.नं. ४३२५२, वर्ष ६२ को श्री कुलदीपराज कणेल.....।



१. धन जमानीकर्ता
श्री हरि प्रसाद त्रिपाठीकी नातीनी, श्री नन्दकेशर त्रिपाठीकी छोरी, श्री कुलदीपराज कणेलकी श्रीमती, काभ्रेपलान्चोक जिल्ला, पनौती वडा नं ७, स्थायी घर भई हाल काठमाडौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं ७, बस्ने वर्ष ५० की श्री सीता त्रिपाठी .....।



२. धन जमानीकर्ता
श्री जय प्रसाद खरेलको नाती,श्री नारायण प्रसाद खरेलको छोरा, श्री नीशा उप्रतीको श्रीमान, महोत्तरी जिल्ला, सोनाभाई वडा नं ८, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं मनपा ९, बिजयचोक बस्ने वर्ष ३४ को श्री केशव प्रसाद खरेल .....।

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
रौतहट जिल्ला, जुडिबेला गा.वि.स. र न.पा. वडा नं ९, कित्ता नं १११८ क्षेत्रफल ०-१-१०-०, जग्गा धनीको नाम कुलदीप राज कणेल .....।
रौतहट जिल्ला, जुडिबेला गा.वि.स. र न.पा. वडा नं ९, कित्ता नं १११४ क्षेत्रफल ०-१-१५-८, जग्गा धनीको नाम कुलदीप राज कणेल .....।
रौतहट जिल्ला, जुडिबेला गा.वि.स. र न.पा. वडा नं ९, कित्ता नं ११२२ क्षेत्रफल ०-६-०-०, जग्गा धनीको नाम कुलदीप राज कणेल .....।

१.ऋणी
श्री दल बहादर दुलालको नाती ,श्री धन बहादुर दुलालकोको छोरा, श्री सीता दुलालको श्रीमान्, सिन्धुपाल्चोक जिल्ला ,ठूलो सिरुवारी गा.वि.स वडा नं ५,अर्चले स्थायी घर भई हाल सोही स्थानमा बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट ना.प्र.प.नं. १०८२६ / ९७३४४, वर्ष ४१ को **श्री राजेश दुलाल .....।**



धन जमानीकर्ता
श्री धन बहादुर दुलालकी बुहारी, श्री टेक बहादुर खड्काकी छोरी, श्री राजेश दुलालकी श्रीमती, सिन्धुपाल्चोक जिल्ला ,ठूलो सिरुवारी गा.वि.स वडा नं ५,अर्चले स्थायी घर भई हाल सोही स्थानमा बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकबाट ना.प्र.प.नं. १४०८९७, वर्ष ४१ को श्री **सीता दुलाल .....।**



धन जमानीकर्ता
श्री धन बहादुर दुलालकोको नाती, श्री राजेश दुलाल र श्री सीता दुलालको छोरा, सिन्धुपाल्चोक जिल्ला, ठूलो सिरुवारी गा.वि.स वडा नं ५, अर्चले स्थायी घर भई हाल सोही स्थानमा बस्ने अन्दाजी बर्ष्या २५ को श्री निकेश दुलाल .....।



ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
सिन्धुपाल्चोक जिल्ला, ठूलो सिरुवारी गा.वि.स वडा नं ५, कित्ता नं ९९ क्षेत्रफल २-१३-२-०, जग्गा धनीको नाम **श्री राजेश दुलाल .....।**
सिन्धुपाल्चोक जिल्ला, ठूलो सिरुवारी गा.वि.स वडा नं ५, कित्ता नं १११ क्षेत्रफल २-४-०-३, जग्गा धनीको नाम **श्री राजेश दुलाल .....।**

१.ऋणी
श्री बेनु गिरीकी बुहारी, श्री चन्द्र बहादुर ढुङ्गानाकी छोरी , श्री नेत्रराज गिरीकी श्रीमाती, सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोक न.पा. वडा नं १२, जर्लाकनी स्थायी घर भई हाल सोही स्थान बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना.प्र.प.नं. २४-०-६९-००६७५, वर्ष ३९ की श्री रमा गिरी .....।



१. धन जमानीकर्ता
श्री नर बहादुर गिरीको नाती, श्री बेनु गिरीको छोरा , श्री रमा गिरीको श्रीमान, सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोक न.पा. वडा नं १२, जर्लाकनी स्थायी घर भई हाल सोही स्थान बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना.प्र.प.नं. ७४३५५, वर्ष ४५ को श्री नेत्रराज गिरी..।



४. ऋणी
श्री नर बहादुर गिरीको नाती ,श्री बेनु गिरी छोरो, श्री रमा गिरीको श्रीमान, सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोक न.पा वडा नं १२, जर्लाकनी स्थायी घर भइ हाल सोही स्थान बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना.प्र.प.नं. ७४३५५, वर्ष ४५ को श्री नेत्रराज गिरी .....।



धन जमानीकर्ता
श्री बेनु गिरीकी बुहारी ,श्री चन्द्र बहादुर ढुङ्गानाकी छोरी , श्री नेत्रराज गिरीकी श्रीमाती, सिन्धुपाल्चोक जिल्ला, चौतारा साँगाचोक न.पा. वडा नं १२, जर्लाकनी स्थायी घर भई हाल सोही स्थान बस्ने जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक बाट ना.प्र.प.नं. २४-०-६९-००६७५, वर्ष ३९ की श्री रमा गिरी .....।

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
काभ्रेपलान्चोक जिल्ला, इखु गा.वि.स. र न.पा. वडा नं ६, कित्ता नं ४८५ क्षेत्रफल ०-१-२-०, जग्गा धनीको नाम रमा गिरी .....।
काभ्रेपलान्चोक जिल्ला, इखु गा.वि.स. र न.पा. वडा नं ६, कित्ता नं ४८७ क्षेत्रफल ०-२-२-०, जग्गा धनीको नाम रमा गिरी .....।

१.ऋणी
श्री विश्वनाथ उपाध्यायकको नाती ,श्री अशोक कुमार उपाध्याय र सफला खनालको को छोरा , श्री अन्जनी कुमारीको श्रीमान्, सर्लाही जिल्ला, जानकीनगर गा.वि.स वडा नं ८, स्थायी घर भई सर्लाही जिल्ला, वरहथवा गा.पा, वडा नं १६ बस्ने जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट ना.प्र.प.नं. ३१६५४६४१, वर्ष ४० को श्री सचितराज खनाल .....।



धन जमानीकर्ता
श्री अशोक कुमार उपाध्याय र सफला खनालको को नाती, श्री सचितराज खनाल र श्री अन्जनी कुमारीको छोरा, सर्लाही जिल्ला, जानकीनगर गा.वि.स वडा नं ८, स्थायी घर भई हाल सर्लाही जिल्ला, वरहथवा गा.पा, वडा नं १६ बस्ने जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट ना.प्र.प.नं.१९-०६-७८-०३३७९, वर्ष १९ को श्री समीर खनाल .....।

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
सर्लाही जिल्ला, हरिऔन गा.वि.स वडा नं ७, कित्ता नं १४९४ क्षेत्रफल ०-०-५-०, जग्गा धनीको नाम श्री सचितराज खनाल .....।

१.ऋणी
श्री आनन्द लाल मिजारको नाती, श्री सूर्य नारायण मिजारको छोरा, श्री सारिका मिजारको श्रीमान्, सप्तरी जिल्ला, बनरझुला गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं ३१, सिनामंगल बस्ने जिल्ला प्रशासन कार्यालय सप्तरी बाट ना.प्र.प.नं. १६१० ९०/७५, वर्ष ३४ को श्री **संजिब लोहार .....।**



धन जमानीकर्ता
श्री पुरन मिजारको नाती, श्री आनन्द लाल मिजारको छोरा दीलमाया विश्वकर्मा मिझारको श्रीमान् सप्तरी जिल्ला, बनरझुला गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौं जिल्ला ,काठमाडौं म.न.पा वडा नं ३१, सिनामंगल बस्ने जिल्ला प्रशासन कार्यालय सप्तरी बाट ना.प्र.प.नं. १६-०१-०७१-०४९१७, वर्ष ६६ को **श्री सूर्यनारायण मिजार .....।**



श्री आनन्द लाल मिझारकी बुहारी, स्व. अनुपलाल मिझारकी छोरी,श्री सूर्यनारायण मिझारकी श्रीमती सप्तरी जिल्ला, बनरझुला गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं ३१,सिनामंगल बस्ने जिल्ला प्रशासन कार्यालय सप्तरी बाट ना.प्र.प.नं.१६१०९०/७४, वर्ष ६३ को **श्री दीलमाया विश्वकर्मा मिझारको .....।**



श्री सूर्यनारायण मिझारकी बुहारी, सन्तलाल विश्वकर्माकी छोरी, श्री सन्जीव लाहारकी श्रीमती सप्तरी जिल्ला, बनरझुला गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं ३१, सिनामंगल बस्ने जिल्ला प्रशासन कार्यालय सुनसरी बाट ५६ -०१-७४-०५५५५, वर्ष २९ की **श्री सारिका विश्वकर्मा.....।**




श्री आनन्द लाल मिजारको नातीनी ,श्री सूर्य मिजारको छोरी, प्रमोद घतानीकी श्रीमती,सप्तरी जिल्ला ,बनरझुला गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौं जिल्ला ,काठमाडौं म.न.पा वडा नं ३१,सिनामंगल बस्ने जिल्ला प्रशासन कार्यालय सप्तरी बाट ना.प्र.प.नं. ना.प्र.प.नं. १६१० ९०/१३७, भएकी वर्ष ३५ को **श्री मंजु कुमारी लोहार .....।**



श्री आनन्द लाल मिजारको नाती ,श्री सूर्य मिजारको छोरा ,सप्तरी जिल्ला ,बनरझुला गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौं जिल्ला ,काठमाडौं म.न.पा वडा नं ३१,सिनामंगल बस्ने जिल्ला प्रशासन कार्यालय सप्तरी बाट ना.प्र.प.नं. ना.प्र.प.नं. १६-०१-०७९-०४८८०, वर्ष २६ को **श्री प्रकाश लोहानी .....।**



श्री आनन्द लाल मिजारको नातीनी, श्री सूर्य मिजारको छोरी, सप्तरी जिल्ला ,बनरझुला गा.वि.स वडा नं ३, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं ३१,सिनामंगल बस्ने जिल्ला प्रशासन कार्यालय सप्तरी बाट ना.प्र.प.नं. ना.प्र.प.नं. १६-०१- ०७९-०४८८२, वर्ष २६ को **श्री अंशु लोहानी .....।**



लोकसागर बचत तथा ऋण सहकारी संस्था लि.
LOKSAGAR SAVING AND CREDIT COOPERATIVE LTD.

धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०३/०५ गते र
द्वितीय पटक प्रकाशित मिति २०८०/०४/१७ को नेपाल समाचार पत्र दैनिक

यस लोकसागर बचत तथा ऋण सहकारी संस्था लि. बाट ऋण सुविधा लिने तपशीलका ऋणीहरुले ऋण लिंदाका बखत गरेका लिखित तथा मौखिक सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, अतिरिक्त शुल्क तथा अन्य दैदस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत ऋण चुक्ता भुक्तान नगरेकोले प्रथम पटक प्रकाशित मिति २०८०/०३/०५ गते र द्वितीय पटक प्रकाशित मिती २०८०/०४/१७ गतेको नेपाल समाचार पत्र दैनिक पत्रिकामा ३५ दिने ऋण तिर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीले आफुले लिएको ऋणको साँवा, व्याज अतिरिक्त शुल्क तथा अन्य दैदस्तुर नतिरी नबुझाई अटेर गरी बसेको हुँदा संस्थाले उक्त ऋणमा धितो सुरक्षण लिएको निम्न विवरणको जग्गा तपशीलमा उल्लेखित मिती समय र स्थानमा लिलाम बिक्री गरी ऋण असुल उपर गर्न यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ऋणीहरुको विवरण

१.ऋणी
श्री पूर्ण प्रसाद शिवाकोटीको नाती, श्री लक्ष्मी प्रसाद शिवाकोटीको छोरा, श्री बिमला शिवाकोटीको श्रीमान्, दोलखा जिल्ला ,सुनखानी गा.वि.स वडा नं ४, स्थायी घर भई हाल काठमाडौं जिल्ला ,काठमाडौं म.न.पा. चाबहिल बस्ने जिल्ला प्रशासन कार्यालय दोलखा बाट ना.प्र.प.नं. ७५६४ / ७५४, वर्ष ५३ को **श्री बुद्धिनाथ शिवाकोटी .....।**



धन जमानीकर्ता
श्री नेविचन्द राय यादवको नाती, श्री नारायण राय यादवको छोरा, लिला राय यादवको श्रीमान् सर्लाही जिल्ला , मलंगवा न.पा. वडा नं २, स्थायी घर भई हाल काठमाडौं जिल्ला ,काठमाडौं म.न.पा वडा नं ३१, भिमसेनगोला बस्ने जिल्ला प्रशासन कार्यालय सर्लाही बाट ना.प्र.प.नं. ५९१४१७३३, वर्ष ५५ को **श्री रामपुकार राय यादव .....।**



श्री पूर्ण प्रसाद शिवाकोटीकी बुहारी,लक्ष्मी प्रसाद शिवाकोटीकी श्रीमती , बुद्धिनाथ शिवाकोटीकी आमा दोलखा जिल्ला ,सुनखानी गा.वि.स वडा नं ४, स्थायी घर भई हाल काठमाडौं जिल्ला ,काठमाडौं म.न.पा. चाबहिल बस्ने **श्री अम्बिका शिवाकोटी .....।**

२ ऋणी
श्री नेविचन्द राय यादवको नाती, श्री नारायण राय यादवको छोरा, लिला राय यादवको श्रीमान् सर्लाही जिल्ला, मलंगवा न.पा. वडा नं २, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा वडा नं ३१, भिमसेनगोला बस्ने जिल्ला प्रशासन कार्यालय सर्लाही बाट ना.प्र.प.नं. ५९१४१७३३, वर्ष ५५ को **श्री रामपुकार राय यादव .....।**



धन जमानीकर्ता
श्री पूर्ण प्रसाद शिवाकोटीको नाती ,श्री लक्ष्मी प्रसाद शिवाकोटीको छोरा, श्री बिमला शिवाकोटीको श्रीमान्, दोलखा जिल्ला ,सुनखानी गा.वि.स वडा नं ४, स्थायी घर भई हाल काठमाडौं जिल्ला ,काठमाडौं म.न.पा. चाबहिल बस्ने जिल्ला प्रशासन कार्यालय दोलखा बाट ना.प्र.प.नं. ७५६४ / ७५४, वर्ष ५३ को **श्री बुद्धिनाथ शिवाकोटी ..... ।**


श्री पूर्ण प्रसाद शिवाकोटीकी बुहारी,लक्ष्मी प्रसाद शिवाकोटीकी श्रीमती, बुद्धिनाथ शिवाकोटीकी आमा दोलखा जिल्ला, सुनखानी गा.वि.स वडा नं ४, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. चाबहिल बस्ने **श्री अम्बिका शिवाकोटी .....।**

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
दोलखा जिल्ला, सुनखानी गा.वि.स वडा नं ४ , कित्ता नं २२५३ क्षेत्रफल १५१० वर्ग मि., जग्गा धनीको नाम श्री बुद्धिनाथ शिवाकोटी .....।
दोलखा जिल्ला, सुनखानी गा.वि.स वडा नं ४ , कित्ता नं ३४६७ क्षेत्रफल १५२० वर्ग मि., जग्गा धनीको नाम श्री बुद्धिनाथ शिवाकोटी .....।
दोलखा जिल्ला, सुनखानी गा.वि.स वडा नं ४ , कित्ता नं ३४७० क्षेत्रफल १३३६ वर्ग मि., जग्गा धनीको नाम श्री बुद्धिनाथ शिवाकोटी .....।

मिति : २०८०/८/२७ गते बुधबार
स्थान : लोकसागर बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय, काठमाडौ-९, पुरानो बानेश्वर
समय : बिहान १०:०० बजे देखि दिनको ३:०० बजे सम्म

ऋण सुरक्षण बापत धितोको रुपमा रहेको जग्गाको विवरण
सप्तरी जिल्ला, बनरझुला गा.वि.स वडा नं ३ , कित्ता नं १५७ क्षेत्रफल ०-०-१८-०, जग्गा धनीको नाम **श्री सूर्यनारायण मिजार .....।**

१.ऋणी
श्री मणिकण्ठ न्यौपानेको नाती, श्री दुर्गा प्रसाद न्यौपानेको छोरा, श्री सरस्वती गौतमको श्रीमान, ओखलढुङ्गा जिल्ला, फूलबारी वडा नं ४, स्थायी घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं मनपा वडा नं ३२, घट्टेकुलो बस्ने जिल्ला प्रशासन कार्यालय ओखलढुङ्गा बाट ना.प्र.प.नं. २७४, वर्ष ५३ को श्री **टंक प्रसाद न्यौपाने.....।**



१. धन जमानीकर्ता
श्री दुर्गा प्रसाद न्यौपानेको बुहारी, श्री नारायण प्रसाद

साढे तीन वर्षदेखि निर्वाचन हुन नसक्दा निष्क्रिय भयो निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन

नयाँ पत्रिका

नियमतः निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन ०७७ जेठमै हुनुपर्ने थियो । तर, समयसीमा नाघेको साढे तीन वर्षसम्म पनि निर्वाचन हुन नसक्दा युनियन नेतृत्वविहीन बनेको छ । ऐनले नै व्यवस्था गरेको आधिकारिक ट्रेड युनियन अहिले गैरनिर्वाचित संयन्त्रबाट चलिरहेको छ ।

निजामती सेवा ऐनमा युनियनको निर्वाचित कार्यसमितिको कार्यकाल चार वर्षको हुने व्यवस्था छ । त्यसमा अधिकतम एक वर्ष म्याद थप्ने व्यवस्था छ । तर, १९ जेठ ०७३ मा निर्वाचित कार्यसमितिको अहिलेसम्म चुनाव हुन सकेको छैन । कोभिड महामारीका कारण निर्वाचन गर्न सम्भव नभएपछि सरकारले केही ढिला गरी २४ असोज ०७७मा निर्वाचनको मिति घोषणा गरेको थियो । तर, त्यतिखेर एमाले र माओवादी एउटै पार्टी रहेका कारण दुई पार्टीसम्बद्ध ट्रेड युनियनबीच प्रतिस्पर्धा गर्नुपर्ने भएपछि चुनाव हुन सकेन । पुरानो कार्यसमितिको वैधानिकता सकिएको र नयाँ निर्वाचन पनि नभएकाले आधिकारिक ट्रेड युनियन अहिले निष्क्रिय छ ।

आधिकारिक ट्रेड युनियन गठन नभएको अवस्थामा ऐनबमोजिम गठन भएका निजामती कर्मचारीका ट्रेड युनियन संघहरूले आपसमा सहमति गरी सामूहिक सौदाबाजी गर्न पाउने व्यवस्था ऐनमा छ । त्यसैबमोजिम राष्ट्रियस्तरका ट्रेड युनियनको संयुक्त ट्रेड युनियन सञ्जालमार्फत काम भइरहेको नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामतीका अध्यक्ष अम्बादत्त भट्टले बताए । भट्टका अनुसार कोभिड महामारी, राजनीतिक घटनाक्रम र संघीय निजामती सेवा ऐन जारी नहुँदा निर्वाचन धकेलिँदै गएर अनिश्चित बनेको हो ।

श्रम तथा व्यवसायजन्य सुरक्षा विभागका प्रवक्ता ई. मणिनाथ गोप कोभिडका कारण रोकिएको चुनावको प्रक्रिया त्यसपछि अघि नबढेको बताउँछन् । 'त्यतिखेर सरकारले नै रोकेको थियो । अब संघीय निजामती सेवा ऐन आएपछि गर्ने भन्ने छ,' उनी भन्छन्, 'विभागले निर्वाचन गराउने भए पनि त्यसको प्रक्रिया सरकारले अघि बढाइदिनुपर्छ । विभागको भूमिका सिफारिस मात्र हो ।'

०७७मा घोषणा गरिएको निर्वाचन अनिश्चित कालका लागि स्थगित भएपछि ऐनमै भएको व्यवस्थाअनुसार तत्कालीन कार्यसमितिको कार्यकाल एक वर्ष थप गरिएको थियो । यसैबीच आधिकारिक ट्रेड युनियनका अध्यक्ष पुण्य ढकाल उपसचिवमा बढुवा भएपछि पद रिक्त हुन पुगेको थियो । निजामती सेवा ऐनले शाखा अधिकृतसम्म मात्र ट्रेड युनियनमा आबद्ध हुन पाउने व्यवस्था गरेको छ । त्यसपछि केही समय अध्यक्ष पाएको एमालेनिकट नेपाल निजामती कर्मचारी संगठनले भोला पोखरेललाई कार्यबाहक अध्यक्ष तोकेर पठाए पनि दलभित्रको आन्तरिक विवादका कारण उनी पनि फिर्ता भए । पछि महासचिव पनि सेवानिवृत्त भए । महासचिव पाएको कांग्रेसनिकट नेपाल निजामती कर्मचारी युनियनले नयाँ सिफारिस गरेको छैन । जसका कारण आधिकारिक ट्रेड युनियनमा अध्यक्ष र महासचिव दुवै छैनन् ।



● **ई. मणिनाथ गोप**, प्रवक्ता, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

कोभिडका कारण रोकिएको चुनावको प्रक्रिया त्यसपछि अघि बढेको छैन । त्यतिखेर सरकारले नै रोकेको थियो । अब संघीय निजामती सेवा ऐन आएपछि गर्ने भन्ने छ । निर्वाचन विभागले गराउने भए पनि त्यसको प्रक्रिया सरकारले अघि बढाइदिनुपर्छ । विभागको भूमिका सिफारिस गर्ने मात्र हो ।



● **अम्बादत्त भट्ट**, अध्यक्ष, नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती

कोभिड महामारी, राजनीतिक घटनाक्रम र संघीय निजामती सेवा ऐन जारी नहुँदा निर्वाचन धकेलिँदै गएर अनिश्चित बनेको हो ।

एक वर्ष म्याद थप्दा पनि नभएपछि सर्वोच्च अदालतमा निर्वाचन घोषणाको माग गर्दै रिट दायरसमेत भएको थियो । सर्वोच्चले निर्वाचनको मिति घोषणा गर्न परमादेश र फैसलासमेत गरिदियो । त्यति वेलासम्म साबिकके कार्यसमितिलाई काम गर्न दिन आदेश गऱ्यो, तर आजसम्म पनि निर्वाचन भएको छैन ।

यस्तो छ आधिकारिक ट्रेड युनियनसम्बन्धी कानुनी व्यवस्था

निजामती सेवा ऐनमा आधिकारिक ट्रेड युनियनसम्बन्धी व्यवस्था गरिएको छ । राजनीतिक दलैपिच्छेका ट्रेड युनियनको हस्तक्षेप कम गर्न आधिकारिक ट्रेड युनियनको प्रबन्ध ऐनले गरेको हो ।

निजामती सेवा ऐन, २०४९ ले कर्मचारीलाई ट्रेड युनियनको अधिकार दिएको छ । ऐनको दफा ५३ (क) मा कार्यालय प्रमुख भई काम गर्नुपर्ने राजपत्रांकित कर्मचारीबाहेक राजपत्रांकित तृतीय श्रेणी वा सोभन्दा मुनि (शाखा अधिकृतसम्म) का कर्मचारीले आफ्नो पेसागत हकहितका लागि राष्ट्रियस्तरको निजामती कर्मचारीको ट्रेड युनियन गठन गरी सदस्यता लिन सक्ने व्यवस्था गरेको छ ।

आधिकारिक ट्रेड युनियन गठनको व्यवस्था पनि ऐनमा छ । जसअनुसार सदस्यता लिएका निजामती कर्मचारीको ट्रेड युनियनका सदस्यले छनोट गरेका पदाधिकारी रहने गरी निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन गठन गर्न सक्ने व्यवस्था छ । आधिकारिक ट्रेड युनियनले जिल्लास्तर, विभागीयस्तर र राष्ट्रियस्तरमा आफ्नो पेसागत माग सम्बन्धित निकायमा प्रस्तुत गरी सामाजिक संवाद र सामूहिक सौदाबाजी गर्न पाउने व्यवस्था गरिएको छ । आधिकारिक ट्रेड युनियन गठन नभएको अवस्थामा ऐनबमोजिम गठन भएका निजामती कर्मचारीका ट्रेड युनियन संघहरूले आपसमा सहमति गरी सामूहिक सौदाबाजी गर्न पाउने व्यवस्था ऐनमा छ ।

ऐनमा निजामती कर्मचारीको ट्रेड युनियनको काम, कर्तव्य र अधिकारबारे उल्लेख छ । जसअनुसार कर्मचारीको हक, हित संरक्षण एवं संवर्द्धन गरी निजामती सेवालाई प्रभावकारी र गतिशील बनाउन सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्नु, भेला, तालिम, प्रशिक्षण, गोष्ठीलगायत रचनात्मक एवं सिर्जनात्मक काम सञ्चालन गर्नु, निजामती सेवासँग सम्बन्धित कानुन निर्माणमा सरकारलाई सल्लाह र सुझाव दिनुलगायतका व्यवस्था छन् । उपदफा ५ मा निजामती सेवासँग सम्बन्धित कानुनको निर्माण गर्दा नेपाल सरकारले निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको सल्लाह र सुझाव लिन सक्ने व्यवस्था छ ।

आधिकारिक ट्रेड युनियनका नाममा विनियोजित एक करोड बजेट फ्रिज

निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनलाई सरकारले वार्षिक रूपमा अनुदान दिँदै आएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार युनियनलाई चालू आर्थिक वर्ष ०८०/८१ मा एक करोड बजेट विनियोजन भएको छ । गत आवमा पनि यति नै बजेट विनियोजन भए पनि संस्था निष्क्रिय रहँदा निकासा भएन । चालू आवमा पनि विनियोजित बजेट खर्च नहुने देखिन्छ ।

मिर्गौलापीडित पुतलीदेवीको पीडा

गरिबीले अस्पताल र आफन्त टाढा पुऱ्यायो



गुल्मीमा **टोपलाल अर्याल**

दुवै मिर्गौलाले काम गर्न छाडेपछि रेसुंगा नगपालिका- ८ की ५८ वर्षीया पुतलीदेवि थापा गल्दै गएकी छिन् । निरोगी हुँदा दुई घन्टाको बाटो हिँडेर घाँसपात गरेकी थापालाई अचेल बिस्तरा छोडेर जमिन टेक्न मुस्किल परिरहेको छ ।

'रोगले भोक हरायो, पीडा थपियो,' पुतलीमायाले भनिन्, 'गरिबीले अस्पताल र आफन्त टाढा बनाउँदोरहेछ ।' श्रीमान् भीमबहादुर थापाले केही वर्ष पहिले ज्यान गुमाए । पुतलीदेवीलाई पनि मुटुको समस्याले छोयो । बुटवल पुगेर औषधि-उपचार र फलोअप गर्थिन् । त्यत्तिकैमा दुवै मिर्गौला फेला भए । तर, आर्थिक अभावका कारण डेढ वर्षसम्म उपचारका लागि आँगन छोड्न सकिनन् ।

छोरा भुवन थापाले आमाको मिर्गौला फेल भएकोबारे लामो समयसम्म आफूलाई जानकारी नगराएका कारण समस्या धेरै बल्झिएको बताए । ज्याला-मजदुरी गरेर जीविका चलाउने भुवनको अहिले काम छैन । उनका अनुसार लाखौँ रुपैयाँ जुटाएर उपचार गराउन नसक्ने अवस्था छ । 'मैले र बहिनीले केही पैसा जोहो गरेर मुटुको उपचार गरिरहेका वेला मिर्गौलाको समस्या थपियो,' उनले भने, 'अस्पताललेे डायलाइसिस गर्न भने पनि लैजान सकिएन ।' सम्पत्तिको नाममा थापामगरको सानो टुक्रा जग्गा र त्यसैमा ओत लाग्ने एउटा सानो घर छ ।

देउसीभैलोबाट उठेको रकम सहयोग

गुल्मीको हाम्रो रेसुंगा समाजले देउसी र भैलो खेलेर संकलन गरेको रकम मिर्गौलापीडित पुतलीदेवीको उपचारका लागि सहयोग गरेको छ । ५ मंसिरमा खानीगाउँमा खेलेको देउसीभैलोबाट संकलन भएको २० हजार रुपैयाँ छोरा भुवन थापालाई प्रदान गरिएको समाजका अध्यक्ष सरिश्मा नेपालीले जानकारी दिइन् । दुःखी-गरिबका स्वास्थ्य समस्यामा सहजीकरण गर्ने उद्देश्यले ०७९ सालमा स्थापना भएको सामाजिक संस्था समाजले विभिन्न सामाजिक काम गर्दै आएको छ । सहयोग रकम रेसुंगा नगरपालिका- ८ का वडाध्यक्ष निरञ्जन थापामार्फत पीडित परिवारलाई बुझाइएको हो ।

सुत्केरी र वृद्धाको...

पृष्ठ १ बाट क्रमशः

की ८० वर्षीया पद्मी ओली र सोही वडाका ७० वर्षीय दत्ते कामीको ज्यान गएको हो । ओलीको ५ मंसिर र कामीको ३० कात्तिकमा ज्यान गएको हो ।

जाजरकोटमा शर्मिला विकसँगै भेरी नगरपालिका- २ का हुकुमबहादुर पुनकी एक महिनाकी छोरी निरुता, नलगाड नगरपालिका- ८ टापुकी ७० वर्षीया विष्णुकुमारी खत्री, जुनीचाँदे गाउँपालिका- ४ लुहादहकी ८९ वर्षीया सुगिली नेपाली र बारेकोट गाउँपालिका- १ रामीडाँडाका ७० वर्षीय डुमे पुनको ज्यान गएको छ । त्यस्तै, छेडागाड नगरपालिका- १३ थानवाडाकी ५६ वर्षीया मनसरी कामी, भेरी नगरपालिका-२ का ८८ वर्षीय धुलेश्वर कार्की, बारेकोट गाउँपालिका- ४ जिरीका नरेन्द्रबहादुर सिंह, नलगाड नगरपालिका- ४ का ८४ वर्षीय गोपालबहादुर रावल, ४८ वर्षीया पम्फा रावल तथा कुसे गाउँपालिका- ५ की ६५ वर्षीया देवी मल्ल र वडा नम्बर ६ का ५५ वर्षीय गथु शाहीको ज्यान गएको सम्बन्धित स्थानीय तहका जनप्रतिनिधिले जनाएका छन् ।

१६ महिनापछि कांग्रेसको लेखा समितिलाई पूर्णता

काठमाडौं/ कांग्रेसको केन्द्रीय लेखा समितिले संयोजक तोकिएको १६ महिनापछि पूर्णता पाएको छ । सभापति शेरबहादुर देउवाले सोमबार चार सदस्य मनोनीत गरेसँगै समितिले पूर्णता पाएको हो । मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार सभापति देउवाले दिलीप ढुंगाना, डेबिड बस्याल, रमेश नेपाल र अनन्त कार्कीलाई सदस्य मनोनीत गरेका हुन् । यसअघि २ साउन ०७९ मा लेखा केन्द्रीय सदस्य श्यामकुमार घिमिरे समिति संयोजकमा मनोनीत भएका थिए । कांग्रेस विधानमा समिति पाँच सदस्यीय हुने व्यवस्था रहेको छ ।

त्रिपालभित्र...

पृष्ठ १ बाट क्रमशः

मान्छेहरू एउटै त्रिपालमुनि ६-७ जनासम्म सुत्नुपर्ने, कसैको ओछ्याउने नभएको, कसैको ओढ्ने नभएको अवस्था छ ।

त्रिपालमुनि बालबालिकाहरू रोइरहेका छन्, वृद्धवृद्धा खोकिरहेका छन्, सुत्केरीहरू चिसोले ग्रसित छन् । प्रभावित क्षेत्र गरिबीसँगै चेतनाको पक्षबाट पनि धेरै पछाडि देखिन्छ । छरिएका बस्तीहरूमा कम समयमा धेरै योगदान गर्न सक्ने अवस्था थिएन । तर, जति सकिन्छ, प्रयोग गर्नुपर्छ भन्ने लाग्यो ।

सुरुमा राज्यले आफ्नो उपस्थिति देखाएको महसुस गर्न सकिन्थ्यो । पछिल्लो समय प्रतिपरिवार ५० हजार राहत दिने घोषणा गरेपछि झन् विश्वास बढाएको थियो । तर, अहिलेसम्म पनि रकम कसैले पाउन सकेका छैनन् । स्थानीय प्रशासनसँग बुझ्दा घोषणा भए पनि अझै दुई हप्ता लाग्ने बुझियो । खाता खोलेपछि पैसा जाने र तथ्यांक तयार गरेर सरकारलाई पठाउने, अनि सरकारले व्यक्तिगत खातामा रकम पठाएपछि निकालेर प्रयोग गर्न पाउने प्रक्रिया नै लामो भयो । विनियोजन भएको रकम पनि तथ्यांक नहुँदा पुगेन भन्ने अवस्था छ । रकम ठ्याक्कै व्यक्तिले प्राप्त नगरेसम्म त राज्यको उपस्थिति महसुस गर्न सक्दैन । जुन कुरा आवश्यक पर्दा पाइँदैन, समय सकिएपछि पाएर के अर्थ ?

हामी पुग्दा त्यहाँको तापक्रम १५ डिग्री सेल्सियस थियो, फर्किँदा ७ डिग्रीमा झरिसकेको थियो । अब केही दिनमा हिउँ पर्छ, शीतलहर चल्छ । आज (सोमबार) बिहान मात्रै सुत्केरी महिलाको मृत्यु भएको सुनेँ । यो घटनाले त्यहाँ राज्यको भूमिका प्रभावकारी बन्न नसकेको देखाउँछ । राज्यले गरेको कोसिस कामयाब (सफल) नहुने स्थिति बन्ने हो कि ? यसमा राज्यले ध्यान दिन आवश्यक छ ।

आजका दिनमा प्रभावितलाई जाडोमा न्यानो बनाउन लत्ताकपडा, ब्ल्यांकेट, कम्बल, जे-जे उपलब्ध गराउन सकिन्छ, तत्काल गर्नुपर्छ । अस्थायी घरटहरा बनाइहाल्नुपर्छ । यसका लागि राज्यले सुरक्षा संयन्त्र वा राजनीतिक दलको संयन्त्रलाई स्वयंसेवकको भूमिकामा सक्रिय बनाउनुपर्छ । नत्र भूकम्पबाट जोगिएकाहरू जाडोबाट जोगिन नसक्ने अवस्था आयो भने राज्यले सहयोग गरेको ठहरिँदैन ।

पुगेको दिन साँझ परिसकेको थियो । टेन्टमा बसेका केही परिवारसँग राहत पाए-नपाएको विषयमा सोधपुछ मात्रै गरियो । भूकम्पले १० महिने बच्चा गुमाएको घरमा पनि पुग्यौं । भोलिपल्ट हामीले 'घर बनाउने सहयोगका लागि आएको, तपाईंहरूसँग भएको निर्माण दिनुहोस्' भन्यौं । तर, धेरैले यस्ता सुकिला मान्छेहरूले के गर्लान् ? फोटो खिचाउन आएका हुन् भन्ने ठाने । मिर्गौलासम्बन्धी औषधि सेवन गर्दै आउनुभएका एकजना वृद्ध बाले तपाईंहरूका सुकिला हातले यस्तो काम गर्दैन होला भनेर मुखै फोरेर भन्नुभयो । एकजना वृद्ध बाले मिर्गौलाको औषधि खाइरहनुभएको रहेछ । ३५ सयमा पाउने त्यो औषधि १० हजार पुगेको रहेछ । उहाँले मेरो जीवन अब ३-४ महिना त हो, मैले अर्को घर बनेको देख्न पाउँदिन होला भनेर दर्दनाक पीडा व्यक्त गर्नुभयो ।

तर, काम थालेपछि साथ दिने हातहरू जुट्दै जाने रहेछन् । हामीले जानीनजानी काँटी ठोकेको देखेपछि सीप भएका मिस्त्रीहरू सहयोग गर्न आइपुग्नुभयो । हामीले जुन घरमा काम गर्थ्यौं, त्यो घरमा जे छ त्यही ल्याएर हामीलाई खुवाउनुहुन्थ्यो । हामी पनि पीडित जसरी टेन्टमा बसेका थियौं । उहाँहरू आफू नओढेर पनि हामीलाई ओढ्ने-ओछ्याउने ल्याइदिनुहुन्थ्यो । खाजामा मुलाको पात खाँदा मुला पनि खानुस् न भन्नुहुन्थ्यो । फलेका अम्बा टिपेर खानुहोस् भन्नुहुन्थ्यो, काँचा मेवा काटेर खुवाउनुहुन्थ्यो । बिचरा ! उहाँहरू आफैं के खाऊँ भन्ने अवस्थामा हुनुहुन्थ्यो । हामी हिँड्ने वेलासम्म यति सामीप्यता बढेको रहेछ कि उहाँहरूले रुँदै हामीलाई बिदा गर्नुभएको थियो ।

काम थालेको पहिलो दिन बेलुकासम्म दुई घर बनाएर देखाएपछि उहाँहरूले हामीलाई विश्वास गर्नुभयो । कतिले तपाईंहरूले घर बनाइदिँदा हामीले सरकारले दिएको रकम पनि नपाउने हो कि भनेर पनि सोध्नुभयो । हामीले वडाध्यक्षलाई जमानी राखेर जस्तापाता उधारोमा ल्याएका थियौं । जस्ताप ाताको रकम कटौती हुन सक्छ भनेर भन्यौं । जमिन भिराला थिए, खार्न समय लाग्थ्यो, खाल्डो खन्न समय लाग्थ्यो । त्यसपछि बलो, खाँबो, भाटा हाल्न हामीजस्तो प्राविधिक ज्ञान नभएकाले जान्दैनथ्यौं । हाम्रा मिस्त्रीले सबै खाका बनाउनुहुन्थ्यो । भत्किएका संरचनाबाट सुरक्षित रूपले ढुंगा, खाँबो र भाटाहरू झिकेर घरहरू उभ्याउँदै गयौं । चौथो दिन त धेरैजना घर बनाइदिन भनी आउनुभयो । हामीले बाँडिएर डेढ सय जति टहरारहरू बनायौं । संरचना अभावले केही टहरा बार्न सकिएन । त्यसको विकल्पमा टेन्ट र भाटा लगायौं । उहाँहरूले आफ्नै तरिकाले बार्छौं भन्नुभयो । सात दिन प्रभावित क्षेत्रमा बिताएका हामीलाई काठमाडौं-जाजरकोट आउजाउमा अरू तीन दिन लाग्यो ।

राजनीतिक दलहरूले देशको बारेमा कुरा गरेर मात्रै भएन, स्वयंसेवकहरूलाई पुऱ्याउन सक्नुपऱ्यो । हाम्रो टिमले डेढ सयको हाराहारीमा अस्थायी घरटहरा बनायो । मिहिनेत गर्दा त हुने रहेछ भन्ने यसले देखाएको छ । सुरुमा महामन्त्रीहरूले दुई अस्थायी टहरा बनाउनुभएको थियो । उहाँहरूकै मोडल र सरकारको मापदण्डअनुसार त्यसलाई निरन्तरता दिएर मेरो नेतृत्वको टोलीले नलगाढ नगरपालिका- ५ रघुनाथ टोलबाट घरटहरा निर्माण सुरु गरेका हौं । जाजरकोटमा श्रमदानबाट अस्थायी टहरा बनाउने हामी नै पहिलो टोली थियौं । अहिले पनि कांग्रेसका साथीहरू त्यहाँ हुनुहुन्छ । अरू पार्टीका साथीहरू पनि जानुभएको भन्ने सुनिएको छ ।

मेरो अनुभवमा ०७२ को भूकम्पमा सेना प्रहरी लगाएर छिट्टै भग्नावशेष पन्छाइएको थियो । तर, जाजरकोट भूकम्पमा यस्तो काममा सुरक्षाकर्मी प्रवेश गरेकै थिएन । जसकारण भद्रगोल संरचना देखिएको छ । यसले मानिसको मनोविज्ञानलाई त्रसित बनाएको छ । मान्छेहरू को आउलान् भनेर टुलुटुलु हेरिरहेका छन् । सरकारको अभाव महसुस गरेका छन् । तथ्यांक नबनेर रकम वितरण गर्न नसकिएको विषयमा प्रभावित क्षेत्रमै रहँदा मैले सरकारको ध्यानाकर्षण गराएको थिएँ । आवश्यक सामग्रीका लागि सरकारले सहयोग गर्न चाहनेलाई पनि आह्वान गर्न सक्थ्यो । एकद्वार प्रणालीबाट राहत वितरण गर्ने भनिएको छ, तर प्रणाली प्रभावकारी भएको छैन । सदरमुकाम खलंगाबाट धेरै टाढा राहत पुऱ्याउन सकिएको छैन । कति त अब आफैंले गर्नुपर्ने रहेछ भनेर लाग्नुभएको छ । विद्यालयमा पढाइ सुरु हुन सकेको छैन ।

सरकारले जाजरकोट र रुकुम पश्चिममा मात्र शक्ति केन्द्रित गरेर विपत् व्यवस्थापन गर्न सक्थ्यो । राजनीतिक दलले पनि यो वेला अरू कुरा गर्नुभन्दा प्रभावित क्षेत्रका लागि योजना बनाउन सक्छन् । काठमाडौंको जुलुसभन्दा जाजरकोट र रुकुम पश्चिममा स्वयंसेवक परिचालन गरेर देखाए हुन्थ्यो । त्यसले सकारात्मक सन्देश जान्थ्यो । देशको प्राथमिकतामा जाजरकोट र रुकुम पश्चिमको समस्या परेको देखिएन । मैले विश्वासको मत दिएको प्रधानमन्त्रीको प्रशंसा सुन्न पाइयोस्, पीडितहरूले सरकारबाट हामीले धेरै सहयोग पाएका छौं भनेको सुन्न पाइयोस् भन्ने मेरो अपेक्षा हो । अरू दललाई पनि मेरो आग्रह- यो वेला अरू कुरामा नलागौं । दलहरूको धेरै ठूलो सञ्जाल छ, त्यसलाई श्रमदानमा परिचालन गरौं । राजनीतिमा अविश्वास बढेको यो वेला राजनीतिक दलमा विश्वास बढाउने वातावरण पनि बनाउन सकिन्छ ।

प्रभावित क्षेत्रका ९० प्रतिशत संरचना कामै नलाग्ने छन् । सरकारले छुट्याउने भनेको तीन-चार लाखले त्यस क्षेत्रमा घर बन्ने अवस्था छैन । यही रकममा घर बनाउने हो भने सरकारले प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ ।

(भूकम्प प्रभावित जाजरकोटमा कांग्रेस टोलीको नेतृत्व गरी श्रमदान गरेर फर्किएका कांग्रेस केन्द्रीय सदस्य तथा सांसद पौडेलले *नयाँ पत्रिका*का **केशवप्रसाद पाण्डे**सँग गरेको कुराकानीमा आधारित)

पालिकाले पैसा नतिरेपछि काटियो लाइन

रौतहट/ जिल्लाका विभिन्न पालिकाले मिटरविना नै जडान गरेका टावरलाइटको लाइन विद्युत् प्राधिकरणले काट्न सुरु गरेको छ । पटक-पटक ताकेता गर्दा पनि बक्यौता नतिरेपछि प्राधिकरणले लाइन काट्न थालेको हो । रौतहटका १८ वटै पालिकाले सडकको चौबाटो, खेलमैदान, मन्दिरलाई लक्षित गरी मिटरविना नै सडकबत्ती-टावरलाइट जडान गर्दै आएका छन् ।

अहिलेसम्म चन्द्रपुर नगरपालिकाको ३७, वृन्दावन नगरपालिकाको १७ र गुजरा नगरपालिकाको सातवटा टावर लाइटको लाइन काटिसकिएको प्राधिकरणको चन्द्रनिगाहपुर वितरण केन्द्रका प्रमुख धीरेन्द्र यादवले जानकारी दिए । पछिल्लो समय पालिकाहरूले उज्यालो अभियान भन्दै अनुमति नलिई सीधै हुकिङ गरेर जडान गर्न थालेपछि लाइन काट्न थालिएको उनले बताए ।

प्राधिकरणले कात्तिक मसान्तभित्र बक्यौता महसुल बुझाउन पहिलोपटक पालिकाहरूलाई सूचना जारी गरेको थियो । दोस्रोपटक ६ मंसिरमा एक साताको समय दिएर अर्को सूचना जारी गरेको थियो । हरेक पालिकामा करोडभन्दा बढीको बक्यौता रहेको यादवले जानकारी दिए ।

Government of Nepal
Ministry of Health and Population
National Health Education, Information and Communication Center
Teku, Kathmandu

Invitation for bids for printing booklets of 8 sets about adolescent sexual and reproductive health
(किशोरकिशोरी सचेतना सम्बन्धी ८ सेट बुक छपाई)

Contract Identification No: NHEICC-001-2080/81
First Date of publication: 2023-11-28 AD (2080-08-12 BS)

1. The National Health Education, Information and Communication Center invites electronic bids from eligible bidders for the Procurement of **8 set booklets printing about adolescent sexual and reproductive health** under National Competitive Bidding procedures specified in the Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at National Health Education, Information and Communication Center, Teku, Nepal office or visit PPMO e.g. system website www.bolpatra.gov.np/egp.
3. Bidders should deposit a non-refundable fee of NRs 1000.00 in the bank as specified below and a scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids
   Name of the Bank : Rastriya Banijya Bank, Teku Branch
   Name of Office : National Health Education, Information and Communication Center, Teku
   Office Code No.: 370013505
   Office Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak no: 14229
4. Electronic bids must be submitted to the office of National Health Education, Information and Communication Center Teku through https://ppmo.gov.np/ before 12:00 hours on 13th December 2023. Bids received after the deadline will be rejected.
5. Bids will be opened in the presence of Bidder's representatives who choose to attend at 13:00 hours on 13th December 2023 at the National Health Education, Information and Communication Center, Teku. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in pdf format. The bank account detail for cash deposit is given below:
   Name of the Bank: Rastriya Banijya Bank, Teku Branch
   Name of Office: District Treasury Comptroller Office, Tripureshwor, Kathmandu
   Office Code No.: 370013505
   Office Account no.: 1700100102030000
   Bid Security Amount: NRs. 30,000 (exactly 75 days after the bid opening)
6. If the last date for submission/opening falls on a government holiday, the next working day shall be considered the last date. In such a case, the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

इन्टरनेट...

पृष्ठ १ बाट क्रमशः

प्रतिवेदनको प्रमाणित प्रतिलिपि यस आयोगमा उपलब्ध गराइदिनुहुन आदेशानुसार अनुरोध छ ।'

एक महिनापछि अख्तियारले पुनः अर्को पत्र लेख्दै थप कागजातसमेत मन्त्रालयसँग मागेको छ । कर छलीका विषयमा नयाँ उजुरी दर्ता भएपछि अख्तियारले ४ मंसिरमा मन्त्रालयलाई पत्र पठाएर थप कागजात मागेको हो ।

दूरसञ्चार प्राधिकरणबाट सञ्चालन अनुमतिप्राप्त सेवाप्रदायकहरूले नेपाल सरकारलाई नियमित रूपमा बुझाउनुपर्ने दूरसञ्चार सेवाशुल्क, ग्रामीण दूरसञ्चार विकास कोषको रकम, रोयल्टी आदि रकम नबुझाएको र उक्त रकम असुल गर्न प्राधिकरणसमेत उदासीन रहेको उजुरी परेपछि अख्तियार तातेको हो ।

दोस्रो पत्रमा अख्तियारले महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदनमा रोयल्टीहरूका सम्बन्धमा कायम गरेको बेरुजु विवरणउपर छलफलका लागि सार्वजनिक लेखा समितिलाई अनुरोध गरिएको निर्णयसहितको पत्र, बेरुजु फर्स्योटका लागि बेरुजु फर्स्योटको निर्णय र महालेखापरीक्ष ककको कार्यालयलाई लगत कट्टाका लागि अनुरोध गरिएको निर्णयसहितको पत्र उपलब्ध गराउन भनेको छ । अख्तियारबाट माग भएबमोजिमको मन्त्रालयले केही कागजपत्र पठाइसकेको छ भने केही पठाउने तयारी गरिरहेको छ ।

ठूला इन्टरनेट सेवाप्रदायकहरूले नै कानुनबमोजिम तिर्नुपर्ने कर नतिरेको उजुरी परेपछि मन्त्रालयले समिति नै गठन गरेर छानबिन गरेको थियो । सहसचिव गौरव गिरीको संयोजकत्वमा गठित समितिले गत २४ भदौमा प्रतिवेदन पेस गरेको थियो । ०६९/७० देखि ०७८/७९ सम्मको १० वर्षको अवधिमा सेवाप्रदायकहरूले दूरसञ्चार रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषबापत सरकारलाई बुझाउनुपर्ने जरिवानासहितको दुई अर्ब ४६ करोड ९० लाख ५९ हजार नौ सय ७८ रुपैयाँ कर नतिरेको ठहर छानबिन समितिको छ । कर छली गर्नेमा वर्ल्डलिंक, भायानेट, सुबिसु, क्लासिक टेक, टेकमाइन्ड्स नेटवर्क, मर्कन्टाइल, वेभसर्फर, पोखरा इन्टरनेट र नेट म्याक्स छन् ।

दूरसञ्चार प्राधिकरण र सेवाप्रदायकबीचको मिलेमतोमै कर छली भएको समितिको निष्कर्ष छ । सेवाप्रदायकहरूको आयमा उल्लेख्य वृद्धि हुँदा पनि रोयल्टी राजस्व घट्दै गएको र मिलेमतोमा यस्तो गरिएको ठहर समितिको छ । कम बुझाएको रोयल्टी राजस्व र दूरसञ्चार कोषको रकम तत्काल असुलउपर गर्नुपर्ने सुझाव समितिले दिएको छ ।

इन्टरनेट सेवाप्रदायकहरूले गरेको कर छलीमा संसद्को सार्वजनिक लेखा समितिले पनि साथ दिएकोसमेत भेटिएको छ । महालेखापरीक्षकको कार्यालयले सेवाप्रदायकबाट असुलउपर गर्नू भनेको बेरुजुलाई लेखा समितिले भने फर्स्योट गर्न निर्देशन दिएको छ । इन्टरनेट सेवाप्रदायकले इन्टरनेटबाट आर्जित आम्दानीलाई गैरदूरसञ्चार आय-आर्जन भनी अपव्याख्या गरी समितिले बेरुजु फर्स्योटका लागि निर्णय र निर्देशन दिएको छ ।

चौथो दिनसम्म...

पृष्ठ १ बाट क्रमशः

लागि प्रयास गरिदिन अनुरोध गरेका थिए । इजरायल र हमास समूहबीच युद्धविराम गराउन सबैभन्दा बढी भूमिका कतारले निर्वाह गरेको छ ।

हमास समूहको आक्रमणमा गत २० असोजमा १० जना नेपाली विद्यार्थीले ज्यान गुमाएका थिए । त्यही दिनदेखि कञ्चनपुरका विपिन जोशी बेपत्ता छन् । सुदूरपश्चिम विश्वविद्यालयमा अध्ययनरत जोशी लर्न एन्ड अर्न कार्यक्रमअन्तर्गत इजरायल गएका थिए ।

मंगलबार १२ मंसिर ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

■ नेपाल सुपर लिग

नवप्रवेशी इलामको पहिलो जित

नयाँ पत्रिका

विदेशी खेलाडी अमाथ एनडाको निर्णायक गोलमा स्पोर्टिङ इलाम फुटबल क्लबले नेपाल सुपर लिग (एनएसएल)मा पहिलो जित निकालेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सोमबार इलामले झापा एफसीलाई १-० ले हराएको हो । दुवै क्लब पहिलोपटक एनएसएलमा प्रतिस्पर्धा गरेका हुन् । यसपटक नवप्रवेशी तीनै क्लब पहिलो खेलमा पराजित भए । इलाम उद्घाटन खेलमा साबिक विजेता काठमाडौं रेजर्ससँग १-० ले नै पराजित भएको थियो । वीरगन्ज युनाइटेड एफसी साबिक उपविजेता धनगढी एफसीसँग आइतबार २-१ ले पराजित भयो । जितपछि इलामले दोम्रो खेलमा तीन अंक जोडेको छ । सुखद सुरुवात गर्ने झापाको योजना भने सफल भएन ।

जितपछि इलामका प्रशिक्षक मेघराज केसीले योजनाअनुसार सफल भएको र दिनप्रतिदिन प्रदर्शन राम्रो हुँदै जाने बताए । 'योजनाअनुसार राम्रो प्रदर्शन गरेका छौं । दिनप्रतिदिन राम्रो हुँदै जानेछ,' केसीले भने । उनले सहभागी नौ टोलीमा कुनै पनि क्लब कमजोर अवस्थामा नरहेको बताए, 'सहभागी नौमध्ये कुनै पनि टोली कमजोर छैनन् । यहाँ हरेक टोली बलिया छन् । सबै खेल प्रतिस्पर्धात्मक हुनेछ ।' हारपछि झापाका स्पेनिस प्रशिक्षक ओरिओल मोहदानो सेगुरा भने दुखित भए । उनले राम्रो प्रदर्शन नभएको र सुधार गरेर पछिल्लो खेल खेल्ने बताएका छन् । 'खेल सकिएपछिको भावुकता मलाई थाहा छ । म निकै दुःखी छु,' उनले भने ।



उद्घाटन खेलमा साबिक विजेता काठमाडौं रेजर्ससँग पराजित भएको नयाँ क्लब इलामले दोम्रो खेलमा झापालाई हरायो

बलका लागि संघर्ष गर्दै झापा (सेतो) र इलामका खेलाडी । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

पहिलो हाफ निराशाजनक

पहिलो हाफमा दुवै टोलीले निराशाजनक प्रदर्शन गरेका थिए । पूर्वेली डर्बीमा दुवै टोलीको आक्रामक बलियो भएन । अधिकांश समय दुवै टोलीले मध्यभागमै बल खेलेका थिए । खेलमा झापाले पाँच र इलामले चार विदेशी खेलाडीलाई प्रयोग गऱ्यो । खेलमा दुवै टोलीले बल पोसेसन बनाउनमै संघर्ष देखिन्थे । इलामका मार्की खेलाडी तथा कप्तान विकेश कुथूले सानदार प्रदर्शन गरे । गोलरक्षकसमेत रहेका विकेशले झापाका आधा दर्जनभन्दा बढी राम्रा प्रहार रोके । 'आज खेलभर कति प्रहार रोके याद नै छैन,' खेलपछि विकेशको प्रतिक्रिया थियो ।

११औँ मिनेटमा झापाका स्पेनिस स्ट्राइकर जोर्गे पेरेज सान्चेज गोल गर्न चुकेका थिए । इलामका रक्षकलाई बिट गरिसकेको अवस्थामा गोलरक्षक कुथूबाट दबाब झेल्न सकेनन् । ३२औँ मिनेटमा पनि सान्चेजले विकेशलाई बिट गर्न सकेनन् । ४४औँ मिनेटमा झापाका कप्तान तथा मार्की अञ्जन विष्ट गोल गर्न चुके । राइटब्याक छिरिङ लामाको लामो ऋसलाई बक्सभित्रबाट अञ्जनले हेडिङ गरेको बल पोलमा लागेर फर्किएको थियो । २९औँ मिनेटमा इलामका इब्राहिम जितको प्रहार बारको केही नजिकबाट बाहिरियो । ३८औँ मिनेटमा इलामका भरत खवासको प्रहार झापाका सर्बियन गोलकिपर स्टेफन कुपिकले सहजै नियन्त्रणमा लिए ।

दोम्रो हाफमा इलाम सफल

झापाको तुलनामा इलामले दोम्रो हाफमा राम्रो प्रदर्शन गऱ्यो । झापाले पेनाल्टी अवसर खेर फ्यालेको थियो । दोम्रो हाफको पहिलो मिनेटमै अमाथ एनडा गोल गर्नबाट चुकेका थिए । झापाका सान्चेजले लगातार गोल गर्ने अवसर गुमाए । ५४औँ मिनेटमा गोलरक्षक विकेशले आकर्षक बचाउ गरेका थिए । ६३औँ मिनेटमा अमाथ वान भर्सेस वानमा गोल गर्न चुके । ६९औँ इलामले लगातार प्रहार गऱ्यो । झापाका गोलकिपर स्टेफन कुपिकले लगातार टोलीको संकट टारिरहे । ८४औँ मिनेटमा अमाथले पाएको पेनाल्टी चुकाएका थिए । उनको प्रहार पोस्टभन्दा धेरै माथिबाट बाहिरियो । रक्षक योगेश गुरुङले भरत खवासलाई बक्सभित्र लडाएपछि इलामले पेनाल्टी पायो । अर्को मिनेटमा अमाथ गोल गर्न सफल रहे । भरत खवासको पासमा अमाथको प्रहार गोलकिपर कुपितले रोक्छन् । तर, रिबाउन्ड बलमा अमाथ उत्कृष्ट गोल गर्न सफल हुन्छन् । झापाले इन्जुरी समयमा गोलको अवसर बनाए पनि गोलकिपर विकेशले टोलीलाई बराबरीबाट रोक्न सफल भए ।

अंक तालिका

क्लब	खेल	जित	बराबर	हार	अंक
ललितपुर	१	१	०	०	३
धनगढी	१	१	०	०	३
काठमाडौं	१	१	०	०	३
पोखरा	१	१	०	०	३
इलाम	२	१	०	१	३
झापा	१	०	०	१	०
चितवन	१	०	०	१	०
वीरगन्ज	१	०	०	१	०
बुटवल	१	०	०	१	०

■ कुनै टिम कमजोर छैनन्



मेघराज केसी, प्रशिक्षक
स्पोर्टिङ इलाम एफसी

हामीले एउटा क्वालिटीको खेल हेर्न पाएका छौं । मैले दर्शकको रूपमा त्यो स्तरीय खेल हेरे । दुवै टोलीले राम्रो खेल खेलेका हुन् । नेपाली दर्शकले यस्तो खेल कमै हेर्न पाउँछन् । हामीले हरेक दिन सुधार गर्दै राम्रो खेल खेल्छौं । केही गल्ती भएका छन् । अर्को खेलमा झनै राम्रो गरेर खेल्छौं । एनएसएलमा पहिलो जित निकालेको छु । पहिलो संस्करणमा मात्र तीन खेल खेले । पारिवारिक कारण टोलीबाट निस्कनुपऱ्यो । पहिलो संस्करण खल्लो रह्यो । नौ टोलीकै खेल हेर्दा प्रतिस्पर्धा गर्न निकै गाह्रो छ । यही टोली कमजोर छ भन्ने थाहा पाएको छैन ।

■ कति प्रहार बचाएँ, याद नै छैन



बिकेश कुथू, मार्की
स्पोर्टिङ इलाम एफसी

जुन रणनीतिअनुसार आएका थियौं । सोहीअनुसार प्रदर्शन भएको छ । पहिलो खेलमा पराजित हुँदा दुःखी थियौं । यो टोलीमा केही छ भन्ने विश्वास छ । नतिजा पनि सोहीअनुसार आए । उनीहरूले सुनौलो अवसर गुमाएका छन् । अन्तिम समयमा मैले हेडिङ राम्रो बचाउ गरें । खेलभर कति बचाएँ त्यो याद नै छैन ।

■ आगामी खेलमा राम्रो हुन्छ



ओरिओल मोहेदानो सेगुरा,
प्रशिक्षक, झापा

खेल सकिएपछिको निराशा मलाई थाहा छ । वातावरण धेरै फरक थियो । अवश्य म निकै दुःखी छु । हामी अझै राम्रो गर्न सक्छौं । कमजोरी धेरै छन्, त्यसलाई सुधार गर्नुपर्छ । हामीलाई हाम्रो बलियोपन थाहा छ । उनीहरूले हाम्रो कमजोरीको फाइदा लिए । हामीसँग धेरै अनुभवी खेलाडी छन् । हामी आगामी खेलमा अझै राम्रो गर्न सक्छौं । मिहिनेत गरेर खेल्नेछौं ।

आजको खेल

एफसी चितवन र काठमाडौं रेजर्स एफसी

खेल संक्षेप

बंगलादेश कबड्डी लिगमा नेपालका चार खेलाडी

काठमाडौं/ बंगलादेशको ढाकामा हुने महिला कबड्डी लिगमा नेपालका चार खेलाडीले खेल्ने भएका छन् । चारैजना खेलाडीले मेघना कबड्डी क्लबबाट खेल्ने अवसर पाएका हुन् । बंगलादेश कबड्डी संघको आयोजनामा मंसिर १४ देखि २२ गतेसम्म हुने लिगमा अनुजा कुलुङ राई, गंगा घिमिरे, जयन्ती बडू र सिर्जनाकुमारी थारूले खेल्नेछन् । चारै खेलाडी गत असोजमा चीनको हाङझाउमा सम्पन्न १९औँ एसियाली खेलकुदमा नेपालले ऐतिहासिक कांस्य पदक जित्ने टोलीका सदस्य हुन् । अफिसियलमा भगवती अधिकारी छिन् । टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का निमित्त सदस्यसचिव अञ्जन धमला, अखिल नेपाल कबड्डी संघकी अध्यक्ष तुल्सा थापालगायतले सोमबार एक कार्यक्रमबीच बिदाई गरे । टोली मंगलबार बंगलादेश प्रस्थान गर्दै छ ।

रेसिङ कपको उपाधि अजयलाई

कास्की/ अजय तामाङले पोखरामा सम्पन्न फिस्टेल रेसिङ कप २०२३ को उपाधि जितेका छन् । नेपाल रेसिङ स्पोर्टस् एसोसिएसनको आयोजना तथा भिआर ४६ को समन्वयमा तीन दिनसम्म पोखरा रंगशालामा सञ्चालन भएको प्रतियोगितामा सहभागी ३८ प्रतिस्पर्धीहरूलाई पछि पार्दै अजयले एक लाख नगद पुरस्कार प्राप्त गरे । दोम्रो भएका सुजन थापा मगरले ७५ र तेम्रो भएका मोहमद फरहानले २५ हजार पाएका छन् । महिलातर्फ वर्षा बस्नेत विजयी भइन् । महिलातर्फ पाँच खेलाडी सहभागी थिए ।

माउन्ट ग्लोरी र ज्ञानोदय विजयी

काठमाडौं/ माउन्ट ग्लोरी र ज्ञानोदयले नवौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ सोमबार सफलता पाएका छन् । माउन्ट ग्लोरीले रेडियन्ट रिडर्सलाई २०-१५ ले पराजित गऱ्यो । ज्ञानोदयले सिर्जना ज्ञान सागरलाई २९-१४ ले हराएको हो । विल्सन एकेडेमीले एनआइसीलाई २८-२१, निसर्ग वाटिकाले गोल्डेन फ्लावरलाई २६-५ र एन्जल लर्डले एलआरआईलाई २६-१४ ले पाखा लगाए । युथतर्फ पिपुल्स एकेडेमीले प्राइम ग्लोबललाई १०-६ तथा ओरेकल रेले रेडियन्ट रिडर्सलाई १४-८ ले पन्छाए । पिपुल्सका सबिन विकले दुई तथा ओरेकलका शुलभ केसीले ६ अंक बटुले ।

मधेश आठ विकेटले विजयी

रोहितराज पराजुली/नयाँ पत्रिका

मधेश प्रदेशले केपी ओली राष्ट्रिय टी- २० क्रिकेट प्रतियोगितामा सुदूरपश्चिमलाई आठ विकेटले हराएको छ । समूह 'सी' को आफ्नो दोम्रो खेलमा सोमबार मधेशले उत्कृष्ट ब्याटिङ र बलिङ प्रदर्शन गरेको हो । पोखरा रंगशालामा पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमको फितलो ब्याटिङ हुँदा १५.५ ओभरमा अल आउट हुँदै ५८ रन बनायो । प्रत्युत्तरमा मधेशले ४.४ ओभरमा दुई विकेटको नोक्सानीमा ६२ रन जोड्दै सानदार जित निकाल्यो । मधेशले दुई खेलबाट दुई अंक जोडेको छ ।

लक्ष्य पछ्याउँदा मधेशको सुरुवात राम्रो भएन । इनिङ्सको तेम्रो बलमै ओपनर हरिशंकर साह गजेन्द्र बोहराको ओभरमा बोल्ड भए । त्यसपछि इमरान सेख र अनिल शाहले दोम्रो किवेटका लागि २.६ ओभरमा ३५ रनको साझेदारी गरे । अनिलले ११ बलमा तीन चौका र दुई छक्का प्रहार गरी २५ रन बनाए । इमरान र पवन सराफले तेम्रो विकेटका लागि नटआउट साझेदारी गर्दै मधेशलाई पहिलो जित दिलाए । इमरानले ९ बलमा दुई चौका र एक छक्का प्रहार गरी १७ रन र पवनले पाँच बलमा दुई चौका र एक छक्का प्रहार गरी १४ रनको योगदान दिए ।

■ मधेशका बलरको कसिलो बलिङ

मधेशका बलरले सुदूरपश्चिमविरुद्ध बलिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गरेका थिए । सुदूरपश्चिमका ब्याट्समान्यानले उनीहरूको सामना गर्न सकेनन् । जसका कारण मधेशले सहज लक्ष्य पाएको हो । हरिशंकर शाहले चार ओभरमा केवल ११ रन खर्चेर चार विकेट लिए । फास्ट बलर रुपेश सिंहले २.५ ओभरमा सात रन खर्चेर तीन विकेट लिए । उनले आफ्नो



स्पेलमा एक मेडनसमेत राखेका थिए । विशाल पटेल, प्रदीप पास्वान र विशालले समान एक-एक विकेट लिए ।

■ आठ खेलाडी दोहोरो रन बनाउन चुके

सुदूरपश्चिमको ब्याटिङमा आठ खेलाडीले दोहोरो रन बनाउन चुकेका थिए । ओपनर अभिषेक पाल र कैलाश ऐरीले रन नै बनाउन सकेनन् । उमेर समूहमा भरपर्दा खेलाडी राजु रिजालले दुई रन मात्र बनाए । सो इनिङ्समा किरण ठुंगारामले १० रन जोडेका थिए । नरेन साउदले सर्वाधिक १८ रनको योगदान दिन १३ बलमा समान एक चौका र छक्का प्रहार गरे । भोजराज भटले १३ बलमा १० रन जोडे । इनिङ्सको एक समय सुदूरपश्चिम ३१-८ को स्थितिमा थियो । नरेन र भोजराजले नवौं विकेटका लागि २६ रनको साझेदारी गर्दै टोलीलाई ५७-९ को अवस्थामा राखे ।

■ आर्मीको सुखद सुरुवात

विभागीय टोली त्रिभुवन आर्मी क्लबल सुखद सुरुवात गरेको छ । आर्मीले आयोजकको नीलोलाई एक सय १० रनले पराजित गऱ्यो । पहिले ब्याटिङ गरेको आर्मीले २० ओभरमा ६ विकेट गुमाउदै एक सय ९५ रनको योगफल तयार पारेको थियो । आयोजक नीलो १५.४ ओभर अलआउट हुँदा मात्र ८५ रन बनाउन सक्यो । आर्मीका ओपनर सन्तोष कार्कीले सर्वाधिक ४१ रन जोड्ने क्रममा ३५ वलमा सात चौका प्रहार गरे । विनोद भण्डारीले २४ बलमा समान तीन चौका र छक्कासहित ३८, विवेक यादवले १४ बलमा तीन चौका र दुई छक्कासहित २९, खेलका प्लेयर अफ दी म्याच कुशल मल्लले २१ बलमा तीन छक्कासहित २५, वासिर अहमदले १४ बलमा दुई चौका र एक छक्कासहित २३ र रोहित पौडेलले ६ बलमा समान एक चौका र छक्कासहित १२ बनाएका थिए । आयोजक नीलोका लागि निर्भिक पाठकले २३ बलमा पाँच चौका र एक छक्कासहित २८, रणवीर यादवले १६, ओपनर रोनिम तिवारीले १५ र सिमोन रोयले १० रन जोडेका थिए ।

बंगलादेशी कप्तान सकिब संसदीय चुनावमा उठ्ने



ढाका/ बंगलादेशको सिनियर क्रिकेट टोलीका कप्तान सकिब अल हसन संसदीय चुनावमा उठ्ने भएका छन् । उनले सत्तारूढ अवामी लिगको तर्फबाट टिकट पाएका छन् । २७ पुसमा हुने संसदीय निर्वाचनमा उनले आफ्नो गृहजिल्ला मगुरा- १ बाट उम्मेदवारी दिने एजेन्सीले जनाएको छ । बंगलादेशका पूर्वकप्तान मोर्तजाजस्तै सकिव पनि राजनीतिमा लागेका हुन् । मोर्तजा गत चुनावमा नराइल क्षेत्रबाट सांसद बनेका थिए । उनीले यसपटक पनि पार्टीबाट टिकट पाएका छन् । सकिब एक्कासी राजनीतिमा आएका हुन् । उनी यसअघि राजनीति यस्ता गतिविधिमा देखिने गरेका थिएनन् । यसै महिना भारतमा भएको एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा सकिव श्रीलंकासँग खेल्ने क्रममा घाइते भएका थिए । घाइते भएका सकिवले अभ्यास गरेका छैनन् । बंगलादेशले २८ नोभेम्बरदेखि ३१ डिसेम्बरसम्म न्युजिल्यान्डको भ्रमण गर्नेछ ।

सकिव न्युजिल्यान्ड भ्रमणको टोलीमा रहँदा उनले क्रिकेट वा राजनीतिमध्ये एकलाई रोज्नुपर्ने हुन्छ । न्युजिल्यान्ड भ्रमणको क्रममै उनको चुनाव प्रचार कार्यक्रम रहेको छ । पछिल्लो समयम बंगलादेशी क्रिकेटर राजनीतिमा आकर्षित भएका छन् । बंगलादेश क्रिकेट बोर्डका अध्यक्ष नाजमुल हसन पनि सांसद हुन् । उनी सन् २००९ यता लगातार सांसद

सदस्यसचिव घिसिङ पुरस्कृत



नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङलाई एसिया रग्बीले प्रतिष्ठित सेवा पुरस्कारबाट सम्मान गरेको छ । नेपाल रग्बी संघका पूर्वअध्यक्षसमेत रहेका घिसिङलाई उनको कार्यकालमा नेपालमा रग्बी खेलको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याएबापत सम्मान गरिएको हो । उज्वेकिस्तानको तास्केन्टमा भएको एसिया रग्बी अवार्ड कार्यक्रममा सदस्यसचिव घिसिङलाई अवार्ड प्रदान गरिएको थियो ।

सदस्यसचिव घिसिङ एसिया रग्बीका कार्यकारी सदस्य पनि हुन् । सदस्यसचिव घिसिङ २०१२ मा नेपाल रग्बी संघको अध्यक्षमा निर्वाचित भएयता २०२१ सम्म अध्यक्षको जिम्मेवारीमा थिए । दुई वर्षअघि उनी राखेप सदस्यसचिवमा नियुक्त भएपछि अध्यक्ष पदबाट राजीनामा दिएका हुन् ।

उनको कुशल नेतृत्वमा नेपाली रग्बीले विश्वव्यापी मान्यता पाएको थियो । सन् २०१८ मा नेपालले एसिया रग्बीको पूर्ण सदस्यता तथा सन् २०२० मा विश्व रग्बीको एसोसिएट सदस्य प्राप्त गर्दा सदस्यसचिव घिसिङको महत्त्वपूर्ण भूमिका थियो ।

उनकै महत्त्वपूर्ण भूमिकामा नेपालले यसै वर्ष विश्व रग्बीको पूर्ण सदस्यता पाएको थियो । सन् २०१९ मा एसिया रग्बीको सदस्यमा निर्वाचित भएपछि सदस्यसचिव घिसिङ दक्षिण एसियालाई केन्द्रमा राखेर एसियामा रग्बीको विकास र विस्तारमा निरन्तर क्रियाशील रहँदै आएका छन् ।

Phaktanglung Rural Municipality
Office of Rural Municipal Executive
Tapethok, Taplejung
Province no.1, Nepal

Invitation for Sealed Quotation

Name of the Office : Phaktanglung Rural Municipality
Address of the Office : Tapethok,Taplejung

Invitation for Sealed Quotation for the procurement of medicine and surgical items
Sealed Quotation No: FRM/G/SQ/PMS/2080/081/02

Date of first Publication : 2080/08/12 (28th November 2023)

1. **Phaktanglung Rural Municipality** invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of ***medicine and surgical items***.
2. *Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Phaktanglung Rural Municipality, Tapethok, Taplejung, Phaktanglungmun@gmail.com 9852660310,9852660491][or may visit PPMO website www.bolpatra.gov.np.]*
3. *Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically, should deposit the cost Rs:1000 of bidding document in the following account*
   Name of the Bank *: Global IME Bank*
   Name of Office *: Phaktanglung Rural Municipality*
   Office Account no. *: 26604010000011*
   Rajaswa (revenue) Shirshak no. *: Ga.1.1 Aantarik Rajaswo Khata Phaktanglung"]*
4. *Sealed bids must be submitted to the office of Phaktanglung Rural Municipality through e-GP system i.e* www.bopatra.gov.np/egp*] on or before 12:00PM on 2080/08/26. Bids received after this deadline will be rejected.*
   *The bids will be opened in the presence of Bidders' representatives who choose to attend at Tapethok as mentioned above date and time at the office of Phaktanglung Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **60000**, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.**2080/11/14**). If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following account*
   Name of the Bank *: Global IME Bank*
   Name of Office *: Phaktanglung Rural Municipality*
   Office Account no. *: S504010000008*
   Account Name *: Dharauti account and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.*
5. *If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.*
6. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com